# अध्याय एक

## १ शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'खै-खै हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन' रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

### १.३ विषय परिचय

भाषिक अभिव्यक्तिको सौन्दर्यका महत्त्वपूर्ण कारकका रूपमा रहेका टुक्काहरू लोक साहित्यका प्रचलित विशिष्ट अर्थवाहक पदावली मानिन्छन् । टुक्काले भाषिक कथनलाई रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । वाच्यार्थमा स्पष्ट हुन नसक्ने टुक्काहरूले वाक्यमा प्रयोग हुँदा विशेष र लाक्षणिक अर्थ दिन्छन् । हास्यव्यङ्ग्यमा यिनको प्रयोग प्रचुर मात्रामा गरिन्छ किनभने यिनले व्यङ्ग्यलाई जीवन्त, ओजपूर्ण, रोचक र सरस बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । टुक्कालाई साहित्यमा आलङ्कारिक चमत्कार र लाक्षणिक अर्थ द्योतनका लागि प्रयोग गरिन्छ । टुक्काहरू प्रतीकात्मक र विशिष्ट प्रकारका हुन्छन् । यिनले कुनै पनि राष्ट्रको भाषा, संस्कृति, धर्म, इतिहास, समाज आदिको प्रतिविम्ब उतार्ने काम गर्छन् । सामाजिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, भाषाशास्त्रीय आदि दृष्टिले टुक्काहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ । टुक्कामा थोरै शब्दमा धेरै ज्ञानको सार निहित रहने हुँदा शब्दको मितव्ययिताका निम्ति टुक्काहरूलाई भाषिक अभिव्यक्तिमा प्रयोग गरिन्छ । टुक्काको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रवाहपूर्ण हुन्छ । खास खास शब्दका साथ खास खास क्रियाको संयोजन भए पछि यस्ता टुक्काहरू निर्माण हुन्छन् ।

प्रसिद्ध हास्यव्यङ्ग्य साहित्यकार केशवराज पिँडालीद्वारा लिखित 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्र चार सयभन्दा बढी यस्ता टुक्का प्रयुक्त छन् । टुक्काहरू हास्यव्यङ्ग्यका प्राण हुन् । लाक्षणिक अर्थ दिने टुक्काहरूले व्यङ्ग्यलाई सहज ढङ्गले बहन गरेका हुन्छन् । टुक्काविनाको व्यङ्ग्य जीवन्त नहुने भएकाले व्यङ्ग्य साहित्यमा टुक्काको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

हास्यव्यङ्ग्य साहित्यको प्राणको रूपमा रहेका यस्ता टुक्का 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रबाट सङ्कलन गरी तिनको अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्या कथन

लोक साहित्यको एक महत्त्वपूर्ण विधाको रूपमा रहेको टुक्काले साहित्यमा विशिष्ट स्थान ओगटेको छ। लाक्षणिक अर्थ दिने टुक्काले हास्यव्यङ्ग्यमा प्राणको सञ्चार गर्दछन्। टुक्काविनाको व्यङ्ग्यले सार्थकता प्राप्त गर्न सक्दैन। 'खै खै' हास्यव्यङ्ग्यभित्र चार सयभन्दा बढी यस्ता टुक्का छन्। लोक साहित्यलाई समृद्ध बनाउन विशिष्ट भूमिका खेल्ने यस्ता टुक्का 'खै खै' हास्यव्यङ्ग्यभित्रबाट सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ। अतः यस शोधकार्यको अध्ययन निम्न लिखित समस्यामा केन्द्रित भई गरिएको छ :

क) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा के कस्ता टुक्का छन् ?

ख) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्कालाई के कति आधारमा वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?

ग) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा अभिव्यक्ति सौन्दर्यमा टुक्काको कस्तो भूमिका छ ?

घ) अभिव्यङ्ग्य विषय र यसको जीवन्त प्रस्तुतिमा खैखैभित्रका टुक्काहरूको प्रयोग कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधको मुख्य उद्देश्य कथ्य तथा लेख्य नेपाली भाषा तथा साहित्यमा महत्त्वपूर्ण स्थान ओगटेको टुक्काको 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहबाट सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्नु रहेको छ। 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्काहरूमा केन्द्रित रहेर निम्न लिखित उद्देश्य पूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ।

क) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयोग भएका टुक्काको सङ्कलन गर्नु ।

ख) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्काहरूलाई विभिन्न आधारमा वर्गीकरण र विश्लेषण गर्नु ।

ग) 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा अभिव्यक्ति सौन्दर्यमा टुक्काको भूमिका पहिल्याउनु ।

घ) अभिव्यङ्ग्य विषय र यसको जीवन्त प्रस्तुतिमा खैखैभित्रका टुक्काहरूको प्रयोग केलाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यसअघि पनि भएका छन् तर पिँडालीद्वारा लिखित 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्काहरूको सङ्कलन, वर्गीकरण

र विश्लेषण हालसम्म भएको छैन। स्वतन्त्र ढङ्गले उखान टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण कार्य भने यसअघि थुप्रै विद्वान्‌बाट भएका छन्। हालसम्म व्यङ्ग्यकार पिँडालीका बारेमा भएका खोज, अनुसन्धान तथा टुक्काका विषयमा भएका महत्त्वपूर्ण कार्यलाई पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ :

क) भुवनहरि कोइरालाले आफ्नो स्नातकोत्तर तहको 'साहित्यकार केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०३८)' शोधपत्रमा केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृतित्वको गहन अध्ययन गरेका छन्। यस शोधपत्रमा पिँडालीसँगको अन्तर्वार्ताका आधारमा उनको पारिवारिक पृष्ठभूमि, जन्म, शिक्षादीक्षा, सङ्घर्ष तथा साहित्यिक प्रेरणाका विषयमा प्रकाश पारिएको छ। प्रस्तुत शोधपत्रमा कवि, निबन्धकार, कथाकार र उपन्यासकारका रूपमा पिँडालीलाई परिचित गराइएको छ। उक्त शोधपत्रमा 'खै खै' हास्यव्यङ्‌ग्यभित्रका रचनाहरूको सङ्क्षिप्त विश्लेषण र चर्चा गरिए पनि हास्यव्यङ्ग्यमा प्रयुक्त टुक्काको विश्लेषण, वर्गीकरण र अध्ययन भने गरिएको छैन।

ख) रामबहादुर थापाले स्नातकोत्तर तहको प्रयोजनका निम्ति तयार पारेको 'उपन्यासकार केशवराज पिँडालीको कृतिपरक अध्ययन (२०४७)' शोधपत्रमा पिँडालीले लेखेका एकादेशकी महारानी (२०२६), अन्त्यदेखि सुरु (२०३४) र बाँच्ने एउटा जिन्दगी (२०४३) उपन्यासको विभिन्न कोणबाट विश्लेषण गरिएको छ। साहित्यकारका रूपमा पिँडालीलाई चित्रण गर्ने क्रममा 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहको सामान्य चर्चा गरिए पनि मूलतः उनका उपन्यास र औपन्यासिक प्रवृत्तिमा प्रस्तुत शोध केन्द्रित छ।

ग) डा. तारानाथ शर्माले 'नेपालीमा दुइटा ऐतिहासिक उपन्यास' शीर्षक लेखमा डायमण्ड शमशेरको वसन्ती र सेतो बाघको तुलनात्मक अध्ययनका क्रममा पिँडालीद्वारा लिखित एकादेशकी महारानी उपन्यासको चर्चा गरेका छन्। यसमा उनले पिँडालीद्वारा लिखित उक्त उपन्यासलाई उत्कृष्ट ऐतिहासिक उपन्यासको कोटीमा राखेका छन्।

घ) यसैगरी शर्माले नै 'नेपाली साहित्यको इतिहास' (संकल्प प्रकाशन) कृतिमा पिँडालीलाई उत्कृष्ट व्यङ्ग्यकारका रूपमा परिचित गराएका छन्।

ङ) ईश्वर बरालले 'आख्यानको उद्‌भव' नामक कृतिमा पिँडालीका उपन्यासको चर्चा गर्दै उनलाई आख्यानकारका रूपमा परिचित गराएका छन्।

च) राजेन्द्र सुवेदीको 'स्रष्टा सृष्टि : द्रष्टा दृष्टि' मा पिँडालीको व्यक्तित्व र कृतित्वलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ। प्रस्तुत कृतिमा सुवेदीले हास्यव्यङ्ग्यात्मक प्रस्तुतिमा सफल स्रष्टाका रूपमा पिँडालीलाई परिचित गराएका छन्।

छ)	पुष्कर शमशेर जबराको 'उखान टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादि कोष' (१९९८) मा नेपाली उखान र टुक्काको सङ्कलन गरिएको छ तर टुक्काको सैद्धान्तिक रूपमा अध्ययन, वर्गीकरण र विश्लेषण यसमा भएको पाइँदैन ।

ज)	गोपाल पाण्डेद्वारा लिखित रचना केशर (२०००) मा वाक्यांश र वाक्पद्धतिका रूपमा टुक्काको छोटो चर्चा गरिएको छ। तर, टुक्काको सैद्धान्तिक स्वरूप तथा वर्गीकरण गरिएको छैन ।

झ)	पारसमणि प्रधानले नेपाली मुहाबरा (२०११) मा नेपाली टुक्कालाई हिन्दी भाषाका सापेक्षतामा हेर्दै टुक्कालाई मुहबरा भनी चर्चा गरेका छन् ।

ञ)	बालकृष्ण पोखरेलले राष्ट्रभाषा (२०२२) मा टुक्काको चर्चा गर्दै सर्वप्रथम टुक्काको संरचनात्मक वर्गीकरण गर्दै एकपदीय र अनेकपदीय भनी  दुई प्रकारमा छुट्याएका छन् । तर, टुक्काको स्पष्ट सैद्धान्तिक अध्ययन भने यस कृतिमा पाइँदैन ।

ट)	मोहनराज शर्माले शब्द रचना र वर्ण विन्यास (२०३६) मा सामान्य ढङ्गले टुक्काको परिभाषा प्रस्तुत गरेका छन् । यसमा पनि टुक्काको सैद्धान्तिक अध्ययन र विश्लेषण पाइँदैन ।

ठ)	चूडामणि रेग्मीले नेपाली टुक्काको अध्ययन (२०४१) मा करिब २२ सय टुक्काको सङ्कलन सूची तयार पारेका छन् । यसमा प्रथम पटक स्पष्ट रूपमा टुक्काको सैद्धान्तिक चर्चा गरिएको पाइन्छ ।

ठ)	धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोक साहित्यको विवेचना (२०४१) कृतिमा लोक साहित्यको महत्त्वपूर्ण विधामध्ये एक विधाको रूपमा टुक्कालाई परिचित गराएका छन् । यसमा टुक्काको स्पष्ट सैद्धान्तिक अध्ययन र विश्लेषण गरिएको छैन ।

ड)	जीवेन्द्र देव गिरीको लोकसाहित्यको अवलोकन (२०५७) मा लोक साहित्यको विविध विधाहरूको चर्चा गर्दै सामान्य रूपमा टुक्काको समेत चर्चा भएको पाइन्छ । तर, समग्र व्याख्या विश्लेषण यसमा पाइँदैन ।

ढ)	शिव प्रसाद पौड्यालद्वारा लिखित नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण (२०६०) कृतिमा टुक्काको सैद्धान्तिक परिचय, अध्ययन परम्परा, टुक्काको वर्गीकरण र विभिन्न आधारमा टुक्काको विश्लेषण गरिएको छ ।

पूर्वाध्ययनका क्रममा विभिन्न विद्वान्हरूद्वारा पिँडालीका बारेमा व्यक्त छिटपुट विचार, सिद्धान्त र स्वयम् पिँडालीका कृतिहरू तथा टुक्कासम्बन्धमा भएका यिनै पूर्वकार्यलाई आधार मानी यस शोधकार्यमा 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली कथ्य र लेख्य भाषालाई समृद्ध बनाउन टुक्काले महत्त्वपूर्ण भूमिका खेलेका छन् । उक्तिवैचित्र्य, गाम्भीर्य, प्रतीकात्मकता तथा व्यङ्ग्यात्मकताका माध्यमबाट भाषालाई जीवन्त, ओजपूर्ण र गहन बनाउने काम टुक्काले गरेका छन् । लोक साहित्यको एक महत्त्वपूर्ण विधाका रूपमा रहेका यस्ता टुक्का नेपाली साहित्यमा प्रशस्तै पाइन्छन् । हास्यव्यङ्ग्य साहित्यलाई सरस, मर्मस्पर्शी र जीवन्त पार्ने काम यस्तै टुक्काले गरेका हुन्छन् । यी सम्पूर्ण तथ्यलाई ध्यानमा राखी 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु नै यस शोधको प्रमुख उद्देश्य हो । टुक्काको अध्ययन, विश्लेषण र व्यङ्ग्य साहित्यमा यसको भूमिकाबारे अध्ययन, अनुसन्धान गर्न चाहनेलाई सहयोग पुऱ्याउने औचित्य यस शोधकार्यको रहेको छ ।

## १.८ शोधकार्यको सीमा

यस शोधकार्यको सीमा निम्नानुसार रहेको छ :

यस शोधकार्यमा 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रयुक्त टुक्कालाई मात्र सङ्कलन, वर्गीकरण र विभिन्न ढङ्गले विश्लेषण गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यका लागि पुस्तकालयीय अध्ययन पद्धति तथा विद्वान्हरूसँगको छलफल विधि अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको ढाँचा निम्नानुसार रहेको छ :

क) अध्याय १– शोध परिचय

ख) अध्याय २– टुक्काको सैद्धान्तिक अध्ययन

ग) अध्याय ३– 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन र विश्लेषण

घ) अध्याय ४– 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रका टुक्काहरूको वर्णाक्रमानुसारी सूची र तिनको अर्थ विधान

ङ) अध्याय ५– उपसंहार

# अध्याय दुई

## २ सैद्धान्तिक अध्ययन

## २.१ विषय प्रवेश

टुक्का लोकोक्तिका रूपमा प्रचलित लोक साहित्यको एक उपविधा हो । स्वतन्त्र रूपमा प्रयोग नहुने तर वाक्यमा प्रयोग भएपछि भाषालाई ओजपूर्ण र अभिव्यक्तिलाई जीवन्त बनाउन टुक्काले महत्त्वपूर्ण भूमिका खेल्ने गर्छन् । भाषाको प्राणका रूपमा रहेका टुक्काको परिचय, उत्पत्ति, विशेषता, वर्गीकरण, भाषा र हास्यव्यङ्ग्य साहित्यसँगको सम्बन्ध केलाउनुका साथै उखान र टुक्काबिचको सम्बन्ध केलाउनु सान्दर्भिक देखिएकाले यहाँ प्रस्तुत गरिएको छ :

## २.२ टुक्काको परिचय

लोक साहित्यका विविध विधाहरू लोकगीत, लोककथा, लोकगाथा, लोक नाटक र लोकोक्तिमध्ये 'टुक्का' लोकोक्तिको रूपमा प्रचलित एक महत्त्वपूर्ण उपविधा हो । टुक्काको पर्यायवाची शब्दका रूपमा वाक्पद्धति, वाग्धारा, वाग्रीति, वाक्यांश, मुहाबरा जस्ता शब्द प्रचलित छन् । टुक्कालाई अङ्ग्रेजीमा इडियम्स (Idioms), हिन्दीमा मुहाबरा, उर्दूमा मुहाबिरा र जर्बुल मिस्ल, संस्कृतमा वाग्रीति, वाग्धारा, वाक्पद्धति आदि भनिन्छ । 'टुक्का' झर्रो नेपाली शब्द हो, जुन नेपाली जनजिब्रोमा बढी लोकप्रिय भई भिजेको छ । भाषालाई लाक्षणिक र रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने टुक्काको प्रयोग कथ्य तथा लेख्य दुवै भाषामा हुँदै आएको छ । स्वतन्त्र रूपमा नभई वाक्यमा प्रयोग भएपछि भाषालाई गतिशील,ओजपूर्ण तथा जीवन्त बनाउने काम टुक्काले गर्छन् । त्यसैले भाषिक अभिव्यक्तिमा टुक्काको स्थान महत्त्वपूर्ण छ ।

टुक्काले वाच्यार्थ नभई लक्ष्यार्थ प्रदान गर्छ । कुनै एउटा क्रियामा विशेष शब्द गाँसिदा टुक्काको निर्माण हुन्छ । यस्ता टुक्काले सूक्ष्मभन्दा सूक्ष्म भावदेखि स्थूल अर्थलाई समेत स्पष्ट पार्ने काम गर्छन् । टुक्काको प्रयोगले भाषिक अभिव्यक्ति विशिष्ट बन्छ । कलात्मक तथा सौन्दर्यात्मक भाषिक अभिव्यक्तिका निम्ति टुक्काको प्रयोग महत्त्वपूर्ण मानिन्छ । गम्भीर भावलाई सहज रूपमा बोध गराउने र अर्थ चमत्कार दिने टुक्कालाई विभिन्न विद्वान्ले विभिन्न रूपमा परिभाषित गरेका छन्, जुन यस प्रकार छ :

'यदि कुनै वाक्यांश, पद अथवा पद समूहले कुनै अर्ती, उपदेश, सूक्ति अथवा परम्परागत उद्गार प्रकट नगरीकनै वाच्यार्थमा बाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का अथवा

तुक्का कहलाउँछ ।'[१]

टुक्का भनेका त्यस्ता शब्दहरूको समूह, पदावली वा वाक्यांश हो, जसको अर्थ टुक्काका संरचनाभित्रका शब्दहरूको अर्थबाट निस्कन सक्दैन कारण यसको विशेष टुक्कागत अर्थ हुन्छ ।'[२]

'जब सँगै आएका एकभन्दा बढी पदहरूले आफ्नो वाचक अर्थ छोडेर अर्कै अर्थ दिन लाग्छन्, त्यस्तालाई मुहाबरा भनिन्छ । यस्ता मुहाबरामा सम्पूर्ण पद-समूह विशिष्ट अर्थ दिनका लागि प्रयुक्त हुन्छन् ।'[३]

'क्रियासँग खासखास शब्दको संगठित संरचना भएको त्यस पद समूहलाई टुक्का भनिन्छ, जो अभिधेय नभएर विशिष्ट अर्थमा रुढ हुन्छ ।'[४]

'भाषागत प्रयोगको रुढि र अवस्था अनुसार कुनै पद, पदसमूह वा वाक्यांशहरूले आफ्नो खास अर्थलाई छोडी विशेष अभिव्यक्ति दिन पुग्छन्, त्यस्तो विशेष अर्थ बुझाउने पद, पदसमूह वा वाक्यांशलाई टुक्का भनिन्छ ।'[५]

'टुक्काले मूलतः लक्ष्यार्थ जाहेर गर्छ । यसमा उखानमा जस्तै दृष्टान्त धर्मिता आए पनि आख्यानात्मक तत्त्व नभई भाषालाई गतिशील र रोचक बनाउने विलक्षण अर्थ निहित रहन्छ । यसप्रकार जुन पदावली वा वाक्यांश एउटै श्रेणी बनी विशेष वा लाक्षणिक रूपमा प्रयुक्त भएर सारगर्भित अर्थ दिन्छन्, तिनलाई टुक्का भनिन्छ ।'[६]

टुक्काको सार्थकता एकै वाक्यमा गाँसिएर प्रयोगमा हुन्छ र प्रयोगद्वारा नै यसको अर्थबोध पनि गर्न सकिन्छ । टुक्काले लाक्षणिक वा विशेष अर्थ दिन्छ र यसमा भावातीक्ष्णता र सङ्क्षिप्तता बेसी हुन्छ ।[७]

टुक्का भनेको खासखास क्रियासँग खासखास शब्द मिली विशेष लाक्षणिक अर्थमा रुढ भएको हुन्छ, जसलाई वाक्यमा प्रयोग गर्नु आवश्यक छ ।[८]

तुक्का अभिधात्मकभन्दा भिन्नै अर्थ बुझाउने अभिव्यञ्जना भएको पद वा पदावली हुन् ।[९]

---

१ बालकृष्ण पोखेल : 'राष्ट्रभाषा', साझा प्रकाशन, छैटौं संस्करण काठमाडौं २०४३ ।

२ बल्लभमणि दाहाल र अन्य (सम्पा.) - अनिवार्य नेपाली शिक्षण निर्देशन, दोस्रो खण्ड काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३९ ।

३. चूडामणि बन्धु - नेपाली लोक साहित्य - काठमाडौं, एकता प्रकाशन, २०५८ ।

४. मोहनराज शर्मा - शब्द रचना र वर्णविन्यास, चौथो संस्करण, काठमाडौं, नेपाल बुक हाउस, २०५८ ।

५. धर्मराज थापा र हंसपुरे सुवेदी - नेपाली लोक साहित्यको विवेचना, काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र २०४१ ।

६. पुष्कर शमशेर ज.ब.रा. - उखान टुक्का कोष, भूमिका, ने.भा.प्र.स. १९९९ ।

७. कृष्णप्रसाद पराजुली - राम्रो रचना मीठो नेपाली, २१ औं संस्करण, काठमाडौं सहयोगी प्रेस २०५५ ।

८. चूडामणि रेग्मी - नेपाली टुक्काको अध्ययन, झापा, चन्द्रगढी २०४१ ।

९. नेपाली बृहत् शब्दकोश - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४० ।

बालकृष्ण पोखरलले वाच्यार्थमा बाधा तेर्स्याई लक्ष्यार्थ जाहेर गर्ने पद वा पद समूहलाई टुक्का भनेका छन् । अर्ती, उपदेश, सूक्ति अथवा परम्पराको उद्‌गार प्रकट नगरी लक्ष्यार्थ जाहेर गर्ने लखने, जोइटिङ्ग्रे, जङ्गे, नारद, कुम्भकर्ण, मामाको धन, भालेको डाँक, परालको आगो, कुवाको भ्यागुतो जस्ता पद क्रियासँग नआए पनि टुक्का हुने धारणा उनको छ । क्रियाविना टुक्काको निर्माण हुन सक्ने उनको अभिव्यक्तिले अन्योलको सिर्जना गरेको छ ।

यसैगरी बल्लभमणि दाहाल र चूडामणि बन्धूले वाच्यार्थलाई छोडेर लक्ष्यार्थ जाहेर गर्ने पद समूह, पदावली वा वाक्यांशलाई टुक्का मानेका छन् । तर, उनीहरूले स्पस्ट रूपमा टुक्कामा क्रियाको अनिवार्यतालाई उल्लेख गरेका छैनन् ।

टुक्काले लक्ष्यार्थ जाहेर गर्नु पर्ने कुरामा सहमत हुँदै धर्मराज थापा र हंसपुरे सुवेदीले भाषागत प्रयोगको रुढि र अवस्था अनुसार नै टुक्काको पदावली प्रयोग हुनु पर्ने कुरामा जोड दिएका छन् । टुक्काको प्रयोग परम्परागत हुन्छ भन्ने संकेत उनीहरूको परिभाषामा पाइन्छ ।

टुक्काले लक्ष्यार्थ जाहेर गरी भाषालाई गतिशील र रोचक बनाउने उल्लेख गर्दै पुष्कर शमशेरले उखानमा जस्तो दृष्टान्तधर्मिता र आख्यानात्मक तत्व टुक्कामा नहुने उल्लेख गरेका छन् । यसरी उखानको सापेक्षतामा टुक्कालाई परिभाषित गर्ने काम उनले गरेका छन् । उनले टुक्कामा रहेका पद भिन्न भिन्न भए पनि तिनले एउटै श्रेणी बनी सामूहिक अर्थ दिने उल्लेख गरेका छन् ।

एउटै वाक्यमा गाँसिएर प्रयोग हुँदा मात्र टुक्काको सार्थकता हुने उल्लेख गर्दै कृष्ण प्रसाद पराजुलीले  टुक्कामा भावातीक्ष्णता र सङ्क्षिप्तता बेसी हुनु पर्नेमा जोड दिएका छन् ।

नेपाली बृहत् शब्दकोशले पनि टुक्का अभिधात्मक नभई व्यञ्जनात्मक हुने बताएको छ ।

टुक्काले लाक्षणिक अर्थ दिने कुरामा सहमत हुँदै मोहन राज शर्मा र चूडामणि रेग्मीले खासखास क्रियासँग खासखास शब्द मिली टुक्काको निर्माण हुने उल्लेख गरेका छन् । टुक्का क्रियासँग जोडेर आउनै पर्ने स्पष्ट धारणा उनीहरूको छ । टुक्कामा प्रयोग हुने पद सधैँ एकै प्रकारका रहन्छन्, त्यस्ता पद हेरफेर गर्न मिल्दैन भन्ने उनीहरूको विचार छ । हेरफेर गरिए अर्थको अनर्थ निस्कने विचार उनीहरूले व्यक्त गरेका छन् । टुक्काको अर्थ वाक्यमा मात्र प्रस्टिने भएकाले सन्दर्भगत अर्थ यिनले वहन गर्छन् भन्ने धारणा यिनीहरूको छ । सबै कुरालाई समेटिएकाले शर्मा र रेग्मीको परिभाषालाई टुक्काको पूर्ण परिभाषा मान्न सकिन्छ ।

विद्वान्हरूले छुट्टाछुट्टै परिभाषा प्रस्तुत गरे पनि टुक्का लाक्षणिक हुने र यसले भाषामा चमत्कार ल्याई अभिव्यक्तिलाई जीवन्त बनाउने कुरामा सबैको मतैक्य पाइन्छ ।

यी परिभाषाबाट के स्पष्ट हुन्छ भने टुक्काहरू सूत्रात्मक हुन्छन् । यिनले विशिष्ट लाक्षणिक अर्थ प्रदान गर्छन् । वाक्यमा प्रयोग भएपछि मात्र यिनको अर्थ स्पष्ट हुन्छ । लामो

निरीक्षण, प्रयोग र अनुभवबाट आर्जित ज्ञानको पृष्ठभूमिमा निर्मित यस्ता टुक्काको निर्माण खासखास क्रियासँग खासखास शब्द मिलेर भएको हुन्छ ।

## २.३ टुक्काको उत्पत्ति

भाषाले मानवीय विचार र अनुभूति व्यक्त गर्न थालेपछि लोक जीवनमा टुक्काको उत्पत्ति भएको मान्न सकिन्छ । भाषाको विकास सँगसँगै टुक्का पनि विकसित भएर अघि बढेको देखिन्छ । लोक जीवनका सामाजिक, सांस्कृतिक प्रतिबिम्ब झल्काउने टुक्काहरू भाषाका गहना हुन् । अनुभवबाट आर्जित ज्ञान र मानसिक भावलाई सङ्केत वा व्यङ्ग्यका माध्यमबाट प्रकट गर्ने क्रममा टुक्काको उत्पत्ति भएको हो । संसारका प्रायः सबै भाषामा यस्ता प्रभावशाली वाक्यांश वा पदावली भेटिन्छन्, जसले सामान्य अर्थको बोध नगराई विलक्षण अर्थको बोध गराउँछन् । हरेक मानिस आफ्ना भावना तथा विचारलाई थोरैभन्दा थोरै शब्दका माध्यमबाट व्यक्त गर्न चाहन्छ । उसले आफ्नो इच्छा र स्वभावअनुसार पनि भाषिक शब्दको उच्चारणमा मितव्ययिता मनपराउँछ । त्यसका साथै यस्ता शब्दहरूको चयन गरी आफ्नो भनाइलाई सङ्क्षिप्त रूपमा सारपूर्ण किसिमले व्यक्त गर्न चाहन्छ र गर्छ, त्यसैको प्रतिफल स्वरूप लोकजीवनमा टुक्काहरूको उत्पत्ति हुँदै आएको हो ।

'कहिलेकाहीँ मनका भावहरूलाई थोरै शब्दमा व्यक्त गर्ने प्रयास मानिसले गर्छ, जहाँ लामा वाक्यहरूको झन्झट हटी उसको अभीष्ट लक्ष्य टुक्काबाट प्राप्त हुन्छ । प्रायः हाँसो, खुसी, घृणा, आवेश, उत्साह आदिका अवसरमा प्रकट हुने आवेगहरूबाट टुक्काहरूको आविर्भाव हुन्छ ।'[१०]

'आफ्ना भनाइलाई जनसाधारणले बुझ्ने गरी नभनेर लाक्षणिक सूत्रबाट भन्न र आफ्नो भनाइलाई सूत्रात्मक रूपमा अभिव्यक्त गर्ने क्रममा टुक्काको उत्पत्ति भएको हो ।'[११]
मानिसको प्रकृति प्रयत्नलाघवप्रियता हो, यही प्रयत्नलाघवप्रियता टुक्काहरूको उत्पत्तिको रहस्य बनेको छ ।[१२]

मानिसले थोरै शब्दमा आफ्नो रहस्यात्मक भनाइ साधारण शब्दमा नभनेर घुमाई-फिराई भन्न चाहन्छ र भन्छ । भाषाको त्यो लघु रूप गद्यात्मक हुन्छ । भाषामा यिनको प्रयोग हास्यव्यङ्ग्य चमत्कार, लघुता, विचारको स्पष्टता र अभिव्यक्तिलाई सरल बनाउनका लागि हुन्छ । साथै यिनको प्रयोगले शैली पनि मनोरञ्जक हुन्छ । टुक्काहरू मानव सभ्यता, इतिहास र संस्कृतिका धरोहर हुन् । यिनको उत्पत्ति भाषाको विकाससँगै भएको मान्न सकिन्छ । मान्छेले आफ्नो विचारलाई सूत्रात्मक, प्रभावकारी र विलक्षण बनाउने क्रममा टुक्काको उत्पत्ति र

---

१०. कृष्णदेव उपाध्याय - लोक साहित्यको भूमिका, सप्तम संस्करण, इलाहावाद, शिल्पी प्रकाशन, १९९७ ।

११. द्विजराम यादव, लोकसाहित्य, द्वितीय संस्करण, इलाहावाद, शिल्पी प्रकाशन १९९७ ई. ।

१२. श्रीराम शर्मा, लोकसाहित्य : सिद्धान्त और प्रयोग, तृतीय संस्करण, आगरा : विनोद पुस्तक मन्दिर, १९९२ ई ।

विकास हुँदै आएको हो । दैनिक व्यवहार र अनुभवबाट खारिएर निर्माण भएका यस्ता टुक्का भाषिक अभिव्यक्तिका क्रममा लोकप्रिय भई प्रयोगमा आउन थाले । यसरी विकसित हुँदै आएको टुक्कलाई हाल आएर हरेक व्यक्तिले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन अत्यधिक प्रयोग गर्ने गरेको पाइन्छ ।

## २.४ टुक्काको महत्त्व

टुक्काले कुनै पनि समाज वा राष्ट्रको लोक जीवन र संस्कृतिको जीवन्त चित्र उतारेका हुन्छन् । त्यसैले कुनै पनि समाजको इतिहास, संस्कृति, रीतिस्थिति, परम्परा, रहनसहन, विश्वास आदिबारे बुझ्न टुक्काहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । टुक्काको प्रयोगले भाषा जीवन्त, सुसंस्कृत, चमत्कृत र समृद्ध हुन्छ ।

'मानव जीवनको पुरानो समयको कुरा हेर्न चाहेमा पुरातात्त्विक दृष्टिले, भौगोलिक दृष्टिले र समाजशास्त्रीय दृष्टिले टुक्काहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।[१३]

नेपाली भाषामा टुक्का मनग्य छन् । तिनको प्रयोगविना न त व्यवहारमा नै बोलिन्छ, न त पत्रपत्रिका निस्केका छन् । भनाइ र लेखाइमा विशेषता ल्याउन टुक्काको बराबर जसो प्रयोग भएको देखिन्छ ।[१४]

अभिव्यक्तिमा मिठास, अर्थ चमत्कार ल्याउन र भाषालाई कलात्मक र प्रभावकारी बनाउन टुक्काको महत्त्व सर्वोपरि रहेको देखिन्छ । 'असल कविहरू मुहाबरापूर्ण कविता लेख्छन् औ मुहाबरायुक्त रचनालाई पाठक वर्गले रुचाउँछन् । भानुभक्तको 'रामायण' राम्रो हुनुमा अथवा यसको सरलता र सरसतामा टुक्का प्रयोगको ठूलो हात छ भन्ने कुरा पारसमणि प्रधानले देखाएका छन् । हाम्रा नेपाली कविहरूले भन्दा पनि गद्य लेखकहरूले अझ हास्यव्यङ्ग्य कथा र निबन्ध लेखकले नै टुक्काका माध्यमबाट आफ्नो लेखलाई धेरै गतिलो र खँदिलो तुल्याएको पाइन्छ ।'[१५]

'टुक्का पनि लोकोक्तिको हाराहारीमा आउने विशेष अभिव्यक्ति भएकाले लेख्य भाषाको प्रयोग र भावनाको प्रकटीकरणमा यिनीहरूको ठूलो महत्त्व छ । एकातिर टुक्काको प्रयोगले भाषा स्वादिलो र सजीव, मार्मिक र मनोहर बन्न पुग्दछ भने अर्कोतिर भनाइमा रञ्जकता पनि आउँछ । यसैले टुक्कालाई जिउँदो भाषाको मुटु वा धुकधुकी भनी उल्लेख गरिएको छ ।[१६]

विद्वान्का यी अभिव्यक्तिबाट टुक्काको उचित प्रयोगले गद्य, पद्य र विशेषगरी हास्यव्यङ्ग्य रुचिकर, लोकप्रिय र जीवन्त हुने कुरा स्पष्ट हुन्छ । त्यसकारण साहित्यका हरेक

---

१३. चूडामणि रेग्मी - नेपाली टुक्काहरूको अध्ययन, दोस्रो संस्करण, झापा जुही प्रकाशन, २०२७ ।

१४. चूडामणि रेग्मी - पूर्ववत् ।

१५. चूडामणि रेग्मी - पूर्ववत् ।

१६. पारसमणि प्रधान- नेपाली मुहावरा, कालिम्पोङ, भाग्यलक्ष्मी प्रकाशन, २०११ ।

विधामा टुक्काको उत्तिकै महत्त्व रहेको देखिन्छ ।

यसरी भाषिक अभिव्यक्तिका निम्ति टुक्काको प्रयोग महत्त्वपूर्ण मानिन्छ । टुक्काविनाको भाषिक अभिव्यक्ति निरस र खल्लो हुन्छ । टुक्काले भाषिक अभिव्यक्तिलाई गहन, स्वाभाविक, लाक्षणिक, रोचक र प्रभावकारी बनाउँछन् । त्यसैले टुक्काको महत्त्व र लोकप्रियता अझ टड्कारो रूपमा नेपाली भाषामा रहेको छ ।

## २.५ टुक्काका विशेषता

भाषामा सरलता, उक्तिमा वैचित्र्य थप्नाका लागि प्रयोग हुने टुक्काका आफ्नै निजी विशेषता छन् । यिनै विशेषताले गर्दा नै टुक्का भाषाको प्रमुख आधार र लोकोक्तिको अभिन्न अङ्ग बनेर रहेका छन् । टुक्काका विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### २.५.१ भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान

टुक्काको प्रमुख विशेषता भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्नु हो । टुक्का प्रयोग नभएको भाषा खल्लो र विशेष अर्थ प्रदान गर्न नसक्ने हुन्छ । टुक्काको प्रयोगबाट नै भाषामा गाम्भीर्यता र चामत्कारिकता आउन सक्छ । जस्तो : 'लामो हात गर्नु' यस टुक्कालाई प्रसङ्ग अनुसार विभिन्न वाक्यमा प्रयोग गर्न सकिन्छ । जस्तो : अर्काको सम्पत्तिमा लामो हात गर्नु हुन्न । अर्काले नदिएसम्म लामो हात गर्नु हुन्न । अर्कालाई छक्याएर लामो हात गर्नु हुन्न । अर्कालाई नसोधीकन लामो हात गर्नु हुन्न । लामो हात गरे भगवानले काटि दिन्छन् । लामो हात गर्नेलाई छोड्नु हुन्न आदि । टुक्का प्रयोगले वक्तालाई आफ्नो आशय व्यक्त गर्न सजिलो हुन्छ भने व्यक्त आशयले स्रोताको स्तर अनुसार अर्थ प्रदान गर्छ । यसरी टुक्काले भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्छ ।

### २.५.२ अर्थ र तात्पर्य पक्ष विशेष महत्त्वपूर्ण

टुक्काहरू पदावली  हुन् । यी वाक्यमा प्रयोग भए भने अर्थ पक्ष विशेष महत्त्वपूर्ण बन्न पुग्छ । यिनको सोझो अर्थ खोजेर पाउन सकिन्न र विशेष अर्थ खोज्नु पर्ने हुन्छ टुक्काको अर्थ पक्षले विशेष कुरालाई लक्षित वा ध्वनित गरेको हुन्छ । त्यसैले टुक्कालाई विशेष अर्थ प्रदान गर्नका लागि प्रयोग गरिएको हुन्छ । जस्तो : 'नाक काट्नु' भन्ने टुक्काको सोझो अर्थ आउन सक्दैन, अर्थ आइ हाले पनि नाक काट्ने वस्तु होइन । तर, यसको विशेष अर्थ खोज्दा बदनाम गर्नु, इज्जत गुमाउनु भन्ने हुन्छ । यसलाई पनि वाक्यमा प्रयोग गरे पछि मात्र अर्थ पक्ष विशेष महत्त्वपूर्ण बन्दछ । जस्तो : रामले त आठ कक्षामा अनुत्तीर्ण भएर आफ्नो विद्वान् बाबुको नाकै काटेछ । यस वाक्यमा नराम्रो काम गरेर आफ्नो अभिभावकको बदनाम गरेको विशेष अर्थ आउँछ ।

### २.५.३ बद्ध प्रयोग

स्वतन्त्र प्रयोग नहुनु टुक्काको अर्को विशेषता हो । टुक्काहरू भाषाका महत्त्वपूर्ण पद वा पदावली हुन् । यी जहिले पनि भाषासँग वा वाक्यमा मिसिएर आएका हुन्छन् र आफ्नो छुट्टै अर्थलाई छाडेर समग्र वाक्यको अर्थलाई व्यक्त गर्छन् । टुक्का त्यति वेला सार्थक र महत्त्वपूर्ण बन्छन्, जति वेला कुनै पनि वाक्यमा प्रयोग भएर आएका हुन्छन् । जस्तो : 'मुख लाग्नु' एउटा टुक्का हो तर यसको अर्थ त्यस वेला मात्र स्पष्ट हुन्छ जब त्यसलाई 'आफूभन्दा ठुला मान्छेसँग मुख लाग्नु हुन्न' भन्ने वाक्यमा प्रयोग गर्छौं ।

सन्दर्भमा प्रयुक्त वाक्यले प्रसङ्ग निर्धारित गर्छ र टुक्काको अर्थ स्पष्ट हुन्छ ।[१७]

### २.५.४ टुक्काको आफ्नै सह प्रयोग

टुक्काका रूपमा आएका पदहरू सधैँ एकै प्रकारका रहन्छन् । यिनमा परिवर्तन गर्न मिल्दैन र यस्ता शब्दहरूको सधैँ एकआपसमा सम्बन्ध रहिरहन्छ । जस्तो : 'गुरुका कुरा कान दिएर सुन' का सट्टा 'गुरुका कुरा कान प्रदान गरेर सुन' भन्ने हुँदैन । 'पानी पानी हुनु' मा 'जल जल हुनु' भन्ने हुँदैन । 'पेट काट्नु' मा 'भुँडी काट्नु' हुँदैन । यसरी टुक्काका रूपमा आएका पदहरू परिवर्तन गर्न मिल्दैन । यदि परिवर्तन भयो भने अर्थ खुल्न सक्दैन र अर्थ खुले पनि अनर्थ लाग्न सक्दछ ।

### २.५.५ अभिधार्थमा प्रयोग

टुक्काका रूपमा प्रयुक्त हुने पदहरूले आआफ्नो वाच्यार्थ छोडी लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थ दिन्छन् । यदि लक्ष्यार्थ र व्यङ्ग्यार्थ दिन सकेनन् भने ती टुक्का बन्न सक्दैनन् । जस्तो : श्यामले दिनभरि साथीको बाटो हेऱ्यो र श्यामले नयाँ बनेको बाटो हेऱ्यो । यी दुई वाक्यमा आएका टुक्कामध्ये दोस्रो वाक्यमा आएको 'बाटो हेऱ्यो' टुक्का होइन । यसरी लक्ष्यार्थ र व्यङ्ग्यार्थमा जोड दिनु टुक्काको अर्को विशेषता हो ।

### २.५.६ सरलता र सरसता

सरलता र सरसता हुनु टुक्काको अर्को विशेषता हो । टुक्काहरू लक्ष्यार्थ र व्यङ्ग्यार्थका लागि प्रयोग भए तापनि यिनीहरूमा सरलता हुन्छ । शिक्षित व्यक्तिहरूदेखि लिएर अशिक्षित व्यक्तिसम्मले टुक्कालाई बुझ्न र प्रयोग गर्न सक्छन् । त्यसैले सरलता र सरसता टुक्काका महत्त्वपूर्ण विशेषता हुन् । टुक्का वाक्यमा वा भाषामा प्रयोग भयो भने भाषा वा वाक्य अत्यन्त मिठो, रसिलो र सजिलै सबैले बुझ्ने खालको बन्छ ।

---

[१७] चूडामणि बन्धु - पूर्ववत् ।

### २.५.७ सङ्क्षिप्तता र लोकप्रियता

टुक्काहरू सङ्क्षिप्त वा छोटा हुन्छन् । यिनीहरूको प्रयोग स्वस्फूर्त र सचेत रूपमा हरेक मानिसले गर्छन् । छोटा भएर नै यिनीहरू भाषामा बढी प्रयोग हुन्छन् र मिठो र गहन अर्थ प्रदान गर्ने भएकाले हरेक व्यक्तिले अत्यन्तै रुचाएका हुन्छन् । त्यसैले सङ्क्षिप्त र लोकप्रिय हुनु टुक्काको अर्को महत्त्वपूर्ण विशेषता हो ।

## २.६ टुक्काको वर्गीकरण :

नेपाली भाषामा प्रचूर मात्रामा टुक्का रहेका छन् । तिनको गहन खोज-अनुसन्धान र अध्ययन-विश्लेषण विभिन्न विद्वान्ले गरेका छन् यद्यपि अझै ती पर्याप्त नहुन सक्छन् । चूडामणि रेग्मीले भाषिक र छोटकरीमा, सांस्कृतिक, साहित्यिक र मनोवैज्ञानिक गरी नेपाली टुक्कालाई चार किसिमले वर्गीकरण गरेका छन् । त्यसैगरी बालकृष्ण पोखरेलले 'राष्ट्रभाषा' मा नेपाली टुक्काहरूलाई एकपदीय र अनेकपदीय गरी वर्गीकरण गर्दै एकपदीय टुक्कामा पाखे, कुशल, लखने जस्ता उदाहरण दिएका छन् । यसैगरी अनेक पदीय टुक्कालाई पनि क्रियापद युक्त र क्रियापद मुक्त गरी दुई किसिमले वर्गीकरण गरेका छन् । क्रियापद युक्त टुक्कामा माटो खानु, आँखा तर्नु जस्ता उदाहरण दिएका छन् भने क्रियापद मुक्त टुक्कामा मामाको धन, भालेको डाँक, परालको आगो, कुवाको भ्यागुतो आदि उदाहरण दिएका छन् ।

भाषाशास्त्री चूडामणि बन्धुले टुक्काको वर्गीकरण गर्ने काम सहज नभएको उल्लेख गर्दै बालकृष्ण पोखरेलको वर्गीकरणप्रति असहमति प्रकट गरेका छन् । उनको तर्क छ : टुक्काहरू सँगै आउने एकभन्दा बढी पद समष्टिको नाम हो । टुक्कामा कम्तीमा दुई पद हुनै पर्छ । यसैकारण एक पदीय भनिएकालाई पनि वाक्यमा प्रयोग हुँदा दुई पदको मान्न सकिन्छ । त्यसमा हुनु क्रिया थपेमा द्विपदी हुन्छ । जस्तै : लखने हुनु, पाखे हुनु । तर, त्यस्ता पद विभिन्न क्रियाका साथमा आउन सक्छन् ।

शारीरिक अङ्ग र शारीरिक क्रिया, प्रकृति, पशुपक्षी, घर गृहस्थी, सामाजिक तथा सांस्कृतिक पक्ष, पौराणिक प्रसङ्ग, कला कौशल र आमोद प्रमोद, राजनीति, प्रशासन र कानुन, व्यवसाय र धनोपार्जन गरी चूडामणि बन्धुले (नेपाली लोक साहित्य - काठमाडौं, एकता प्रकाशन, २०५८) विषयगत आधारमा टुक्काको वर्गीकरण गरेको देखिन्छ ।

यसरी नेपाली भाषाका विद्वान्ले विविध ढङ्गले नेपाली टुक्काहरूको वर्गीकरण गरेका छन् । तर, यहाँ लोक जीवनका विविध पक्ष झल्काउने लोक मानसका अभिव्यक्तिका रूपमा प्रचलित त्यस्ता टुक्कालाई निम्नानुसार वर्गीकरण गरिएको छ :

## २.६.१. भाषिक वर्गीकरण :

व्याकरणिक र रूपरचनाका आधारमा टुक्काको भाषिक वर्गीकरण गर्न सकिन्छ । व्याकरणिक पदवर्गीय रूपका आधारमा टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### २.६.१.१ नामिक पद क्रियापद

| नामपद | क्रियापद | टुक्काको संरचना | लक्ष्यार्थ |
|---|---|---|---|
| आँखा | गाड्नु | आँखा गाड्नु | आशक्ति पैदा हुनु |
| टाउको | खानु | टाउको खानु | दिक्क पार्नु |
| डाँडो | काट्नु | डाँडो काट्नु | भाग्नु |

### २.६.१.२ विशेषण पद र क्रियापद

| विशेषण पद | क्रियापद | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|
| चिसो | पस्नु | चिसो पस्नु | शङ्का लाग्नु |
| तातो | लाग्नु | तातो लाग्नु | उत्सुकता जाग्नु |
| दहीचिउरे | हुनु | दहीचिउरे हुनु | जता पनि ठिक्क हुनु |

### २.६.१.३ विशेषण पद, विशेष्य (नाम) र क्रियापद

| विशेषण | नाम | क्रियापद | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|---|
| तिन | सहर | घुम्नु | तिन सहर घुम्नु | धेरै ठाउँ घुम्नु |
| ओठे | जवाफ | लगाउनु | ओठे जवाफ लगाउनु | मुखुमुखै लाग्नु |
| तिन | माना | खानु | तिन माना खानु | धेरै खानु |

### २.६.१.४ नाम पद, विशेषण पद र क्रियापद

| नाम | विशेष | क्रियापद | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|---|
| हात | लामो | गर्नु | हात लामो गर्नु | चोर्नु |
| कान | ठाडो | पार्नु | कान ठाडो पार्नु | चनाखो हुनु |
| जीउ | भारी | हुनु | जीउ भारी हुनु | जाँगर सेलाउनु |

### २.६.१.५ भेदक, भेद्य (नाम) र क्रियापद

| भेदक | भेद्य (नाम) | क्रियापद | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|---|
| आफ्नो | खाडल | खन्नु | आफ्नो खाडल खन्नु | आफ्नै कारणले अप्ठ्यारोमा पर्नु |

| | | | | |
|---|---|---|---|---|
| कुहिराको | काग | हुनु | कुहिराको काग हुनु | हराउनु |
| कागको | फुल | चोर्नु | कागको फुल चोर्नु | बाठो हुनु |

### २.६.१.६ द्वित्व शब्द र क्रियापद

| द्वित्व शब्द | क्रिया | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|
| हात पात | गर्नु | हात पात गर्नु | पिट्नु |
| आच्छु आच्छु | पार्नु | आच्छु आच्छु पार्नु | आपतमा पार्नु |
| चुरी फुरी | देखाउनु | चुरी फुरी देखाउनु | फुर्ती देखाउनु |

### २.६.१.७ अव्यय र क्रियापद

| अव्यय | क्रियापद | टुक्का | लक्ष्यार्थ |
|---|---|---|---|
| हाँसेर | उडाउनु | हाँसेर उडाउनु | खिसी गर्नु |
| हुरुक्क | हुनु | हुरुक्क हुनु | मरिमेट्नु/असह्य पीडा हुनु |
| झिमिक्क | नगर्नु | झिमिक्क नगर्नु | नसुत्नु |

## २.६.२ संरचनात्मक वर्गीकरण

बालकृष्ण पोखेल र चूडामणि बन्धुले विशेष अर्थ दिने केही एक पदीय शब्दहरूलाई टुक्का मानेको भए पनि टुक्का हुनका लागि पद समूह हुनै पर्छ। वाक्यमा प्रयोग हुँदा क्रियापदविना टुक्कागत अर्थ नआउने भएकाले टुक्कालाई द्विपदी, त्रिपदी र बहुपदी गरी संरचनागत आधारमा वर्गीकरण गर्न सकिन्छ। जस्तै :

### २.६.२.१ द्विपदी टुक्का

| टुक्का | अर्थ |
|---|---|
| झारा टार्नु | राम्रोसँग काम नगर्नु |
| काँध थाप्नु | सहयोग गर्नु |
| डाँडो काट्नु | भाग्नु |
| आँखी हुनु | देखी नसहनु |
| आगो हुनु | रिसाउनु |

### २.६.२.२ त्रिपदी टुक्का

| टुक्का | अर्थ |
|---|---|
| बाबुको बिहे देखाउनु | पीडा दिनु |
| बलेको आगो ताप्नु | पद वा प्रतिष्ठामा पुगेकालाई मात्र महत्त्व दिनु |
| चन्द्रमा दाहिने हुनु | फाइदा हुनु |
| हात मुख जोर्नु | गुजारा चलाउनु |
| आँखामा छारो हाल्नु | झुक्याउनु |
| गोहीको आँसु झार्नु | बनावटी दुःख प्रकट गर्नु |

### २.६.२.३ बहुपदी टुक्का

| टुक्का | अर्थ |
|---|---|
| मानो खाएर मुरी उब्जाउनु | दुःख गरेर अन्न फलाउनु |
| मनको लड्डु घिउसित खानु | सपनामा रमाउनु |
| बलेको आगोमा घिउ थप्नु | उक्साउनु |
| घाँटी हेरी हाड निल्नु | क्षमता हेरी काम गर्नु |
| मकै पिस्दा घुन पनि पिसिनु | निर्दोषले पनि दुःख पाउनु |
| लहरो तान्दा पहरो गर्जनु | सानो कुराको असर ठुलो हुनु |

## २.६.३ विषयात्मक वर्गीकरण

नेपाली टुक्कामा समाज, प्रकृति, पशुपक्षी, संस्कृति, पुराण, इतिहास, अर्थ, कृषि आदि विषय प्रतिबिम्बित भएको देखिन्छ। नेपाली टुक्कालाई विषयका आधारमा सामाजिक, सांस्कृतिक परम्परा, पुराण इतिहास, लोकविश्वास, शारीरिक अवयव, प्राकृतिक, पशुपक्षी तथा जीववन्तु, आर्थिक तथा कृषि व्यवसाय मूलक गरी आठ किसिमबाट वर्गीकरण गर्न सकिन्छ।

### २.६.३.१ सामाजिक विषयक टुक्का

मायाप्रेम, मिलन-विछोड, लेनदेन, उठबस, खानपिन आदि सामाजिक क्रियाकलापसँग सम्बन्धित टुक्का यस अन्तर्गत पर्दछन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| हातमा दही जमाउनु | हात नचलाई बस्नु |
| वरको सिन्को पर नसार्नु | सानो काम पनि नगर्नु |
| जिब्रो टोक्नु | मर्नु |
| फलामको चिउरा चपाउनु | गाह्रो काम गर्नु |

### २.६.३.२ सांस्कृतिक परम्परा विषयक टुक्का

हरेक राष्ट्रको मौलिक संस्कृति र परम्परा हुन्छ। संस्कृति र परम्पराले समाजमा गहिरो प्रभाव पार्दछन्। त्यसको प्रभाव समाजमा प्रचलित टुक्कामा पर्नु स्वाभाविक नै हो। समाजमा मनाइने विविध सांस्कृतिक परम्परा, चाडपर्व आदि प्रतिबिम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| श्रीगणेश गर्नु | सुरु गर्नु |
| पञ्चमीका पाइला गन्नु | बिस्तारै हिँड्नु |
| धूप हाल्नु | सराप दिनु |
| ताँबो तुलसी लिएर भाक्नु | कसम खानु |

### २.६.३.३ पुराण इतिहास विषयक टुक्का

मानव जातिको भाषा, व्यवहार, परम्परा, रहनसहन, आस्था आदि कसरी विकसित हुँदै आएको हो भन्ने जानकारी हामी पुराण-इतिहासबाट प्राप्त गर्छौं। इतिहास तथा पुराणका घटना मानिसका निम्ति मार्गदर्शक हुन्छन्। यस्तै पुराण र इतिहासका घटनालाई प्रतिबिम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| महाभारत मच्चाउनु | ठूलो झगडा गर्नु |
| कुम्भकर्ण बन्नु | धेरै सुताहा हुनु |
| जङ्गे हुनु | कडा शासन चलाउनु |
| लखने हुनु | महत्त्वहीन हुनु |

### २.६.३.४ लोकविश्वासमा आधारित टुक्का

लोक जीवनमा प्रचलित टुक्काले समाजका परम्परा, धर्म, संस्कृति, चाडपर्व र लोक मान्यताका तितामिठा अनुभवलाई सार रूपमा अभिव्यक्त गरेका हुन्छन्। समाजमा प्रचलित टुक्काबाट त्यहाँको जनजीवन र लोक विश्वास बुझ्न सकिन्छ। नेपाली समाजको लोकविश्वास र परम्परालाई प्रतिबिम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| बाडुली लाग्नु | कसैले सम्झनु |
| चुरा फुट्नु | विधवा हुनु |
| भाकल गर्नु | देवीदेवतालाई केही चढाउने इच्छा राख्नु |
| बिरालोले बाटो काट्नु | साइत बिग्रनु |

### २.६.३.५ शारीरिक अङ्ग सम्बन्धी टुक्का

मानव शरीरका विभिन्न आन्तरिक तथा बाह्य अङ्ग र तिनका क्रियाकलाप तथा विशेषतामा आधारित टुक्का यस अन्तर्गत पर्दछन् । शरीरका अवयव झल्काउने त्यस्ता टुक्कामा ती अङ्ग प्रतीकका रूपमा आएका हुन्छन् । त्यस्ता टुक्काहरू टाउकादेखि पैतालासम्मका विविध अवयवमा आधारित छन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| आँखा सन्काउनु | इसारा गर्नु |
| जिभ्रो टोक्नु | मर्नु |
| काखी च्याप्नु | आश्रय दिनु |
| मन चोर्नु | मनको भित्री कुरा जान्नु |

### २.६.३.६ प्राकृतिक विषयक टुक्का

आगो, पानी, घाम, आकाश, पाताल आदि प्रकृतिका विविध पक्षलाई प्रतिबिम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् :

| **टुक्का** | **अर्थ** |
|---|---|
| आगो हुनु | ज्यादै रिसाउनु |
| पानी हुनु | लज्जित हुनु |
| हावा खुस्कनु | दिमाग बिग्रनु/पागल हुनु |
| आकाश छुनु | ज्यादै माथि पुग्नु |

### २.६.३.७ पशुपक्षी र जीवजन्तु सम्बन्धी टुक्का

पशुपक्षी वा जीवजन्तुका विशेषता प्रतीकात्मक अर्थमा व्यक्त गर्न मद्दत गर्ने टुक्का यस अन्तर्गत पर्दछन् । पशुपक्षी वा जीवजन्तुका गतिविधिसँग मानव जीवनको प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध गाँसिएको हुन्छ । पशुपक्षीका क्रियाकलापबाट प्राप्त अनुभव यस्ता टुक्कामा अभिव्यक्त भएका हुन्छन् ।

| **टुक्का** | **अर्थ** |
|---|---|
| गोहीको आँसु झार्नु | बनावटी पीडा प्रकट गर्नु |
| कुहिराको काग हुनु | अन्योलमा पर्नु |
| झिँगा धपाउनु | चाकडी गर्नु |
| चमेरो हुनु | अवसरवादी हुनु |

### २.६.३.८ आर्थिक तथा कृषि व्यवसाय विषयक टुक्का

धनी-गरिब, साहु-आसामी, खेतीपाती, व्यवसाय आदि विषय समेटिएका टुक्का यस वर्गीकरण अन्तर्गत पर्दछन् । यस्ता टुक्कामा नेपाली समाजको यथार्थ चित्र प्रतिबिम्बित भएको पाइन्छ ।

| **टुक्का** | **अर्थ** |
|---|---|
| धोती न टोपी हुनु | सर्वस्व गुमाउनु |
| टुप्पाबाट पलाउनु | पछि धनी बन्नु |
| बारी बिराउनु | बारी बनाउनु |
| हवल्दारी छाँट्नु | आफ्नो पदीय प्रभुत्व देखाउनु |

## २.६.४. साहित्यिक वर्गीकरण

टुक्कालाई भाषिक र विषयात्मक रूपमा मात्र वर्गीकरण नगरी साहित्यिक रूपले पनि वर्गीकरण गर्न सकिन्छ। टुक्काले दिने लाक्षणिक अर्थले साहित्यको गरिमा बढाउँछ। आलङ्कारिक र अर्थगत गरी टुक्कालाई साहित्यिक वर्गीकरण गर्न सकिन्छ :

### २.६.४.१ आलङ्कारिक टुक्का

अनुप्रास, दृष्टान्त, रूपक, अतिशयोक्ति, उपमा आदि अलङ्कारलाई प्रतिबिम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

| **अनुप्रास मूलक टुक्का** | **अर्थ** |
|---|---|
| उल्लीबिल्ली पार्नु | जिस्क्याउनु |
| चुरीफुरी देखाउनु | फूर्ति देखाउनु |
| तिन त्रिभुवन देख्नु | पीडा हुनु |

| **दृष्टान्त मूलक टुक्का** | **अर्थ** |
|---|---|
| भालुलाई पुराण सुनाउनु | निरर्थक उपदेश दिनु |
| डाँडामाथिको जुन  घाम हुन | अन्तिम अवस्था हुनु |
| नारद बन्नु | कुरौटे बन्नु |

| **रूपालङ्कार बुझाउने टुक्का** | **अर्थ** |
|---|---|
| हावा लाग्नु | सङ्गतको प्रभाव पर्नु |
| हात थाप्नु | माग्नु |
| कम्मर कस्नु | जाँगर देखाउनु |

| **अतिशयोक्ति मूलक टुक्का** | **अर्थ** |
|---|---|
| गोरु ब्याउनु | असम्भवजस्तो लागेको कुरा हुनु |
| सात कोस पर भाग्नु | टाढा जानु |
| मनको लड्डु घिउसँग खानु | कल्पनामा रमाउनु |

| **उपमा मूलक टुक्का** | **अर्थ** |
|---|---|
| आँखाको नानी हुनु | ज्यादै प्यारो हुनु |
| नङ मासु जस्तो हुनु | ज्यादै मेल हुनु |
| हाँन्ने राँगो जस्तो हुनु | ज्यादै रिसाहा हुनु |

## २.६.४.२ अर्थगत वर्गीकरण

### अभिधाधर्मी टुक्का

टुक्काहरूले लाक्षणिक अर्थ दिने भए पनि अभिधा मूलक टुक्का नेपाली भाषामा नभएका होइनन् तर जति आनन्द लक्षणिक अर्थमा प्राप्त हुन्छ, त्यति अभिधा मूलक टुक्कामा पाइन्न ।

| **टुक्का** | **अर्थ** |
|---|---|
| अघि बढ्नु | प्रगति गर्नु |
| उमेर खानु | बुढो हुनु |
| बङ्गारा झार्नु | बेसरी पिट्नु |
| ठक्कर खानु | दुःख पाउनु |
| भाउ घट्नु | महत्त्व कम हुनु |

### लक्षणा मूलक टुक्का

टुक्काको खास पहिचान नै लक्ष्यार्थ प्रदान गर्नु हो । वाच्यार्थलाई छाडी लक्ष्यार्थ प्रदान गर्ने यस्ता टुक्का नेपालीमा प्रशस्त छन् । जस्तै :

| **टुक्का** | **अर्थ** |
|---|---|
| आँखामा छारो हाल्नु | झुक्याउनु |
| दुनो सोझ्याउनु | स्वार्थी हुनु |
| घैंटोमा घाम लाग्नु | ज्ञान आउनु |
| पेटमा मुसा दगुर्नु | ज्यादै भोकाउनु |
| माटो खानु | मर्नु |
| खुट्टा तान्नु | अरूलाई अघि बढ्न नदिनु |

**व्यञ्जनाधर्मी टुक्का**

व्यञ्जनाधर्मी टुक्काले व्यङ्ग्य प्रदान गर्छन् यिनले सीधा अर्थ वहन नगरी लक्ष्यार्थलाई वहन गरेका हुन्छन् :

| **टुक्का** | **साधारण अर्थ** | **व्यङ्ग्यार्थ** |
|---|---|---|
| नाटक देखाउनु | नाटक प्रदर्शन गर्नु | वनावटी काम गर्नु |
| टाङमुनि छिर्नु | अरूको टाङबाट छिर्नु | आफ्नो स्वाभिमान गुमाउनु |
| कानमा तेल हाल्नु | कानमा तेल राख्नु | बेवास्ता गर्नु |
| चिल्लो घस्नु | जिउमा चिल्लो पदार्थ घस्नु | चाकडी गर्नु |
| घुँडा टेक्नु | घुँडा भुइँमा टेकेर बस्नु | आत्मसमर्पण गर्नु |
| गम खानु | टाँस्ने बस्तु खानु | विचार गर्नु |

यसरी नेपाली टुक्कालाई विभिन्न आधारमा वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ।

## २.७ टुक्का र उखानबिच समानता र भिन्नता

लोक साहित्यको लोकोक्तिका रूपमा प्रचलित उखान र टुक्का सँगै जोडिएर आउने भएकाले उखान र टुक्का एकै रूप हुन् वा भिन्न भिन्न रूप हुन् भन्ने विषयमा धेरैमा भ्रम छ । उखान र टुक्काका बिचमा अर्थगत, रूपगत, संरचनागत, परिवेशगत भिन्नता वा समानत हुन सक्छन् । नेपाली भाषा साहित्यलाई ओजपूर्ण बनाई सिँगार्ने काममा उखान तथा टुक्काले निकै सहयोग पुऱ्याएका हुन्छन् । साक्षर तथा निरक्षर सबैको साझा सम्पत्तिका रूपमा रहेका उखान र टुक्काका बारेमा विभिन्न विद्वान्का मत यसप्रकार छन् :

'दुई टुक्रा पऱ्यो भने एउटा काम हुँदा अर्को काम भयो भने उखान, एक टुक्रा मात्र छ भने अर्थात् एउटा काम मात्र दर्शाउँछ भने वाक्यांश बन्दछ ।'[१८]

'उखानहरूमा व्यञ्जनाधर्मिता हुन्छ भने टुक्काहरू प्रायः लक्ष्यार्थमा प्रयुक्त हुन्छन् । उखानहरूमा सार्वभौमिक गुण हुन्छन् त्यसैले यिनको भाषिक रुपान्तरण गर्न सकिन्छ तर टुक्काको सकिन्न ।'[१९]

'उखानको वाक्य स्तरको हुन्छ तर टुक्का पदसमूहात्मक हुन्छ । टुक्काको अर्थ वाक्यमा प्रयुक्त भएपछि खुल्छ भने उखानको अर्थ आफैँ खुल्छ । टुक्कालाई झिक्दा वाक्यको संरचना भत्कन्छ तर उखानलाई झिक्दा न संरचना भत्कन्छ न अर्थ नै परिवर्तन हुन्छ ।'[२०]

'उखान व्यञ्जना मूलक हुन्छन् भने टुक्का लक्ष्यार्थ मूलक हुन्छन् । उखान कुराकानीका प्रसंगमा आउने दृष्टान्त मूलक कथन हो भने टुक्का चाहिँ अनुक्रम मिलेको कार्यव्यापार मात्र ।

---

[१८] पुष्कर शमशेर, नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादि कोश, १९९८ भूमिका खण्ड ।

[१९] चूडामणि बन्धु - पूर्ववत् ।

[२०] मोहनराज शर्मा - शब्दरचना र वर्णविन्यास (वाक्य खण्डसहित), काठमाडौं पाठ्यसामग्री प्रकाशन २०४६ ।

उखान गद्यात्मक र पद्यात्मक दुवै हुन्छन्, टुक्का चाहिँ गद्यात्मक मात्र हुन्छन् । [२१]

उखान टुक्काबिचको भिन्नताका बारेमा थुप्रै विद्वान्ले चर्चा गरेका छन् तर सबैको धारणा प्रायः समान छन् । उखान र टुक्काबिचको समानता र भिन्नतालाई कोष्ठबद्ध गरी यसरी प्रस्ट पार्न सकिन्छ :

| **समानता** | **भिन्नता** |
|---|---|
| • उखान र टुक्का लोकजीवनमा पुस्तौँपुस्तादेखि चलिआएका लोकोक्तिका रूपमा प्रचलित विधा हुन्<br>• दुवैले दिने अर्थ सामान्य नभई लक्ष्यार्थ मूलक वा विशेष हुन्छ ।<br>• दुवै प्रतीकात्मक रूपमा प्रयोग हुन्छन् ।<br>• दुवै लोक साहित्यका अन्य विधाका तुलनामा लघु आयामका हुन्छन् । अर्थात् दुवै सूत्रात्मक कथनका रूपमा रहेका हुन्छन् ।<br>• कथ्य लेख्य भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन दुवैले महत्त्वपूर्ण भूमिका खेल्छन् ।<br>• दुवैमा लोकजीवनको व्यावहारिक, सामाजिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक आदि चित्र प्रतिबिम्बित हुन्छन् ।<br>• दुवै युगौँदेखि मौखिक परम्परामा जीवित हुँदै आएका लोकसाहित्यका विधा हुन् ।<br>• दुवै लोकजीवनका अनुभव, व्यवहार, ज्ञान आदिबाट खारिएर निर्माण भएका हुन् । | • उखान आफैँमा पूर्ण वाक्यात्मक रूप हुन् भने वाक्यमा प्रयोग हुँदा मात्र अर्थ्याउन सकिने टुक्का शब्दात्मक हुन्छन् ।<br>• उखान जस्ताको तस्तै प्रयोग हुन्छ भने टुक्का व्याकरणका काल, पुरुष, वचन, लिङ्ग आदि अनुसार परिवर्तित हुन्छन् ।<br>• उखान नैतिक र व्यावहारिक कथन हो भने टुक्का कार्यव्यापार मात्र हो ।<br>• उखान अलङ्कारमा आधारित हुन्छ भने टुक्का लक्षणा र व्यञ्जनामा आश्रित हुन्छ ।<br>• वाक्यमा टुक्कालाई झिक्दा वाक्यको संरचना खल्बलिन्छ भने उखानलाई झिक्दा वाक्य अपूर्ण हुन्न । |

केही कुरामा समानता भए पनि यस्ता विविध असमानता टुक्का र उखानबिच भएकाले यी समान रूप नभई भिन्न-भिन्न रूप हुन् ।

[२१] कृष्णप्रसाद पराजुली - नेपाली उखान र गाउँ खाने कथा - तेस्रो संस्करण, काठमाडौं रत्न पुस्तक भण्डार २०५४ ।

## २.८ टुक्का र यसको भाषासँग सम्बन्ध

'टुक्का' भाषाको वाक्य-खण्डमा आउने एउटा पदसमूह हो । यसले वाक्य-संरचनालाई ओजपूर्ण र अर्थलाई गहन र गम्भीर बनाएको हुन्छ । टुक्काको प्रयोगविना वाक्य निरस र निरर्थक बन्दछ भने टुक्का एक्लै अपूर्ण नै रहन्छ । वाक्यले टुक्काको अपेक्षा राख्दछ भने टुक्का वाक्यमा प्रयोग नभएसम्म आफ्नो अर्थ प्रदान गर्न सक्दैन । त्यसैले भाषामा आउने वाक्य र टुक्का एकअर्काका परिपूरक हुन् । टुक्कालाई भाषाको ओज र ज्यान माने हुन्छ । वाक्यमा हुने प्रयोग र अनुभवबाट आर्जित ज्ञान यिनको पृष्ठभूमिमा रहन्छ । यसकारण यिनको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रवाहपूर्ण पनि हुन्छ । उखान-टुक्काले सम्पन्न नभएको भाषा कहिल्यै पनि फस्टाउन सक्दैन । यसकारण रचनामा यी दुवैको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । त्यसैले टुक्का भाषाको आत्मा हो, जो लोकजीवनबाट वर्षौंदेखि खारिएर आएका हुन् ।

वाक्यस्तरमा निहीत लाक्षणिक र व्यञ्जनात्मक अर्थका सम्भावनालाई टुक्काले प्रस्तुत गर्दछ । टुक्का आख्यानात्मक विम्ब ग्रहण गर्न लघुतम वाक्यांशहरूमा अभिव्यक्ति हुने लोकोक्तिविशेष हो र सूक्ष्मातिसूक्ष्म लोकाख्यान विशेष पनि हो भनिन्छ । टुक्काहरू पदगत र वाक्यांशगत भएर पनि वाक्यभन्दा साना हुन्छन् र पदावलीभन्दा ठूला वाक्यहरूका अंशका रूपमा रहने गर्दछन् । टुक्का कुनै भाषा वा बोलीमा लाक्षणिक अथवा विशेष अर्थ व्यक्त गर्दछन् । टुक्काभन्दा बाहेक अन्य ठाउँमा टुक्काको अंग भएर रहेको शब्द र क्रियाको आ-आफ्नै छुट्टाछुट्टै अर्थ हुन्छन् । ती दुवै एकै ठाउँमा उनिएपछि भने टुक्काले विशेष अर्थ ग्रहण गर्छन् । टुक्काहरूको आविष्कार र निर्माण अशिक्षित, निरक्षर तर अनुभवी व्यक्तिहरूबाट भएको मान्न सकिन्छ । टुक्काहरू पुराना लोक सम्पत्तिहरू हुन् । 'लोक प्रसिद्ध उक्ति लोकोक्ति उखान हो, जो वाक्यमा प्रयोग नभए पनि स्पष्ट चिनिन्छन् र स्वतः पूर्ण छन् भने टुक्का लोक प्रसिद्ध भए पनि, विशेष अर्थ लाग्ने भए पनि वाक्यमा प्रयोग गरिनुपर्छ अनि मात्र ती पूर्ण हुन्छन्, स्पष्ट हुन्छन् । उखान आफैंमा पूर्ण पुरानो घटना वा कथाको सम्झाउनी रूपमा रहेको एक महत्त्वपूर्ण शिक्षाप्रद उद्गार वा अंश हो । टुक्का कुनै पद, पद समूह, वाक्यांश हो, जो वाच्यार्थ प्रधान नभएर विशेष अर्थ लाक्षणिक अर्थ रुढ भएको हुन्छ, जसलाई वाक्यमा प्रयोग गर्नु आवश्यक छ ।'

टुक्काको प्रयोग प्रसङ्ग अनुसार हुन्छ । एउटै टुक्का पनि अनेक ठाउँमा प्रयोग हुन सक्दछ र यसले सामान्य अर्थभन्दा विशेष अर्थ नै वहन गरेको हुन्छ । जस्तो : 'गम खानु' टुक्काको सामान्य अर्थ निस्कन सक्दैन र निकाल्न खोजे पनि गम खाने वस्तु होइन । यो भावनात्मक कुरा हो । यसको विशेष अर्थ खोज्दा दुःख वा पीडा हुन्छ । यसलाई वाक्यमा प्रयोग गर्दा 'कैयौं नेपालीहरू 'गम खाएर' बाँच्न विवश छन्' भन्ने वाक्यमा प्रयोग भएपछि यस टुक्काको अर्थ स्पष्ट हुन्छ । अतः टुक्काहरू भाषाका अभिन्न अङ्ग हुन्, जसले भाषालाई परिपक्व र अभिव्यक्तिका निम्ति समर्थ बनाएका हुन्छन् भन्ने अर्थमा चमत्कार सरलता र सरसता थपेका हुन्छन् ।

## २.९ हास्य व्यङ्ग्य साहित्यमा टुक्का

व्यङ्ग्य शब्दको अर्थ विशिष्ट अर्थ व्यक्त गर्न योग्य अर्थात् व्यञ्जना शक्तिद्वारा ध्वनित र अप्रत्यक्ष सङ्केतद्वारा सूचित हुन्छ, व्यङ्ग्यले अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जना वृत्तिद्वारा हुने बलाघातद्वारा अझ गहिरो अर्थ झल्कने, एउटा कुरा भने झैँ गरी अर्को कुरा भनिएको, छेड हानिएको कुरालाई बुझाउँछ ।[२२]

व्यङ्ग्यलाई वैयक्तिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि विषयवस्तुका मूर्खता, कमजोरी, दोष, दुर्बलता, विसङ्गति आदिको उपहास गर्ने, खिल्ली उडाउने र सुधारको अपेक्षा राख्ने विशिष्ट साहित्यिक अभिव्यक्तिको रूपमा लिइन्छ । सामाजिक सत्यको उद्घाटन गर्नु, सामाजिक विकृति र विसङ्गतिप्रति प्रहार गरी सभ्य समाज निर्माणको चाहना राख्नु, अन्याय, अत्याचार र दुराचारप्रति प्रहार गरी नैतिक आदर्श कायम गर्नुजस्ता अभीष्ट सिद्धिका लागि हास्यव्यङ्ग्यको रचना गरिएको हुन्छ । स्वस्थ समाजको निर्माण र नैतिक चेतनाको विकासका निम्ति व्यङ्ग्यले महत्त्वपूर्ण भूमिका खेल्छ ।

कविता, कथा, निबन्ध आदि साहित्यका विविध विधामा व्यङ्ग्यको प्रयोग गरिँदै आएको छ । नेपाली कविहरूले भन्दा पनि गद्य लेखकहरूले अझ हास्यव्यङ्ग्य कथा र निबन्ध लेखकहरूले टुक्काको अति राम्रो प्रयोग गरेर नेपाली भाषालाई नै धेरै गतिलो र खँदिलो तुल्याएको पाइन्छ । यसरी हास्यव्यङ्ग्य साहित्यलाई गतिलो र खँदिलो तुल्याउन टुक्काको विशेष भूमिकालाई विद्वान्हरूले स्वीकार गरेका छन् ।

नेपाली टुक्काले मूलतः लाक्षणिक वा प्रतीकात्मक अर्थ दिन्छन् । त्यही लाक्षणिकताभित्र व्यङ्ग्य लुकेको हुन्छ र लाक्षणिकताले नै हास्यव्यङ्ग्यलाई चोटिलो बनाउँछ । नेपाली टुक्काहरू आलङ्कारिक दृष्टिले महत्त्वपूर्ण छन् । लाटीको म्वाइँ खानु, कुकुर बिरालो हुनु, चैते बाँदर हुनु, पोथी बास्नु, भालुलाई पुराण सुनाउनु, खुट्टा तान्नु, कुवाको भ्यागुतोजस्तो हुनु, धोती न टोपी हुनु जस्ता विभिन्न प्रतीक, अलङ्कार, दृष्टान्त, उपमा आदि बुझाउने टुक्का नेपालीमा प्रशस्त छन्, जसले हास्यव्यङ्ग्यलाई स्तरीय बनाउन भूमिका खेल्छन् ।

भेडो हुनु, औंलामा नचाउनु, पानीमाथिको ओबानु हुनु, जोइटिङ्ग्रे हुनु, गोबर गणेश बन्नु जस्ता व्यञ्जनाधर्मी अर्थात् व्यङ्ग्यार्थ प्रधान टुक्काले हास्य व्यङ्ग्यलाई रुखो र छुद्र हुनबाट बचाउँछन्

त्यसैगरी आधुनिक परिवेशमा निर्मित डाइलग दिनु, लेक्चर दिनु, ए टु जेड हुनु, ऐना हेर्नु (तास खेल्नु) जस्ता टुक्काले आधुनिकतासँग भित्रँदै गएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्न सघाउ पुऱ्याएका छन् । प्रतीकात्मक अर्थ दिने टुक्काभित्र व्यङ्ग्यको बिज हुन्छ । टुक्काविनाको व्यङ्ग्य नुनमसलाविनाको तरकारीझैँ खल्लो हुन्छ । त्यसैले टुक्का र हास्यव्यङ्ग्यको सम्बन्ध अन्योन्याश्रित छ ।

---

[२२] नेपाली बृहत् शब्दकोश, ने.रा.प्र.प्र. २०४१ ।

## २.१० सारांश

भाषालाई लाक्षणिक, रोचक  र जीवन्त राख्न महत्त्वपूर्ण भूमिका खेल्ने टुक्का लोकोक्तिको रूपमा प्रचलित लोक साहित्यको एक महत्त्वपूर्ण उपविधा हो । टुक्काको प्रयोग संसारका सबै भाषामा हुन्छ ।  टुक्कालाई अङ्ग्रेजीमा इडियम्स (Idioms), हिन्दीमा मुहाबरा, उर्दूमा मुहाबिरा र जर्बुल, संस्कृतमा वाग्रीति, वाग्धारा, वाक्पद्धति आदि भनिन्छ । 'टुक्का' झर्रो नेपाली शब्द हो ।  कथ्य तथा लेख्य दुबै भाषामा प्रयोग हुँदै आएको टुक्काले स्वतन्त्र रूपमा नभई वाक्यमा प्रयोग भएपछि भाषालाई गतिशील,ओजपूर्ण तथा जीवन्त बनाउने काम गर्छन् । त्यसैले भाषिक अभिव्यक्तिमा टुक्काको स्थान महत्त्वपूर्ण छ ।

लोक जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक प्रतिबिम्ब झल्काउने टुक्काहरू भाषाका गहना हुन् । भाषाको विकास सँगसँगै टुक्का पनि विकसित भएर अघि बढेको देखिन्छ । मानिसले अनुभवबाट आर्जित ज्ञान र मानसिक भावलाई सङ्केत वा व्यङ्ग्यका माध्यमबाट प्रकट गर्ने क्रममा टुक्काको उत्पत्ति भएको हो ।

समाज परिवर्तनशील हुन्छ । समयको गति र समाजको परिवर्तनसँगै टुक्काहरू निर्मित हुँदै जान्छन् । समाजको निरीक्षण, व्यवहार र अनुभवबाट खारिएर निर्मित टुक्काले तत्कालीन समाजको प्रतिबिम्ब पनि उतारेका हुन्छन् । सामाजिक विकृति, विसङ्गति र बेमेलको पर्दाफास गर्ने क्रममा यिनले महत्त्वपूर्ण योगदान दिन्छन् ।

टुक्का सामाजिक सम्पत्ति हुन् । यिनले एक पुस्ताका भावना, सामाजिक तथा सांस्कृतिक मान्यता, रीतिरिवाजलाई अर्को पुस्तामा हस्तान्तरण गर्दछन् । त्यसैले कुनै पनि समाजको इतिहास, संस्कृति, रीतिस्थिति, परम्परा, रहनसहन, विश्वास आदिबारे बुझ्न टुक्काहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । टुक्काको प्रयोगले भाषा जीवन्त, सुसंस्कृत, चमत्कृत, लाक्षणिक र समृद्ध हुन्छ ।

# अध्याय तिन

## ३ 'खै खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन र विश्लेषण

### ३.१ विषय प्रवेश

'खै खै' हास्यव्यङ्ग्य निबन्धकार पिँडालीको उत्कृष्ट हास्यव्यङ्ग्य सङ्ग्रह हो । हास्य र मर्मको गहिराइमा व्यङ्ग्य प्रहार गर्ने पिँडालीले नेपाली समाजमा राजनीति, आधुनिकता, विकास, धर्म, रुढिवादी प्रवृत्ति आदिका नाममा भित्रिएका विकृति र विसङ्गतिप्रति यस व्यङ्ग्य सङ्ग्रह मार्फत तीव्र प्रहार गरेका छन् । विकृति र विसङ्गति प्रस्तुत गरी रचनाको रूप दिने र रचनामा निजात्मकता भरी निबन्धात्मक शिल्प प्रदान गर्न पिँडाली सफल मानिन्छन् । आफ्नो अभिव्यक्तिलाई सरल स्पष्ट ढङ्गले अभिव्यक्त गर्ने क्रममा पिँडालीले यस सङ्ग्रहमा चार सयभन्दा बढी टुक्काको प्रयोग गरेका छन् । भाषिक अभिव्यक्तिलाई जीवन्त, लाक्षणिक र चामत्कारिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने टुक्का यस सङ्ग्रहभित्रबाट सङ्कलन गरी तिनको विश्लेषण गर्नु यस शोधको उद्देश्य रहेको छ । यस सङ्ग्रहभित्र बिस वटा रचना समावेश छन् । ती सबै रचनामा हास्यव्यङ्ग्यको प्रवृत्ति पाइन्छ । यस सङ्ग्रहभित्रका रचनालाई व्यङ्ग्यात्मक निबन्ध र आख्यानात्मक निबन्धमा विभक्त गर्न सकिन्छ ।

सङ्ग्रहभित्रका बिस वटा रचनामध्ये खै-खै, शूरवीरहरूको नरक यात्रा, कलाचिन्ने को ?, मुटु छेड काव्य, योहो चन्द्रज्योति, टुँडीखेलको आत्मकथा, बागबजारको बाटो, सालिक बोल्यो, न बज्छ बाँसुरी नै, आधुनिक पत्नी, सवाल छ खाजाको, प्रभुजी कवि बनाइदिनोस्, प्रजातन्त्र खोजसङ्घ, यस्तो पनि हुन्छ गरी चौध वटा रचनालाई व्यङ्ग्यात्मक निबन्धका रूपमा लिन सकिन्छ । यी निबन्धमा नेपाली समाजमा व्याप्त विविध विकृतिलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यी रचनाको सङ्क्षिप्त विश्लेषण सहित तिनमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गरिएको छ :

### ३.२ खै-खै

'खै-खै' निबन्ध सामाजिक विषयवस्तुमा आधारित छ । यसमा आफ्नो चुरोट खाने तलतल मेट्न अरूमा भर पर्ने अम्मलीहरूप्रति व्यङ्ग्य गरिएको छ । चुरोट नकिन्ने, सलाई पनि नकिन्ने तर अरूले चुरोट सल्काएको देख्नासाथ 'खै-खै' भनी चुरोटको तलतल मेट्ने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । अम्मलीहरूको पराश्रित चरित्रलाई प्रस्तुत गर्दै निबन्धकारले आफ्ना चाहना पूरा गर्न अर्काको मुख ताक्ने तर आफू केही नगर्ने नेपालीहरूको प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् ।

विद्युत् उत्पादन, सडक निर्माण, खाने पानीको व्यवस्था, सिँचाइ, कल कारखानाको सञ्चालनदेखि लिएर शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था समेत विदेशीले गरि दिनु पर्ने स्थिति देशमा विद्यमान छ । कुनै पनि काममा आफू अग्रसर नहुने र विदेशीको मुख ताक्ने नेपालीको प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै निबन्धकारले सम्पूर्ण नेपाली समाज र समग्र राष्ट्र नै पराश्रित भएको प्रति चिन्ता प्रकट गरेका छन् । सामान्य विषयवस्तुबाट गहन भाव अभिव्यक्त गर्ने क्रममा निबन्धकारले यस निबन्धमा थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- बाबुले हप्काई हप्काई, आमाले फकाई फकाई कति भने केटाकेटीमा चुरट नखानू भनेर, कानमा बतास लाइएन ।
- खानु के छ र, त्यही पनि यो महँगीको चुरट त ? आफ्नो रगत पसिनाको पच्चीस प्रतिशत आम्दानीलाई डाँडो कटाउनु छ ।
- गरिब चुरट होस् वा मान्छे, ठोसाइमा परेपछि झरिलो रहन सक्तो रहेनछ ।
- बाटो हिँड्नेले छेकथुन गरेर पो, नत्र त त्यसै दिन मेरो मोक्ष प्राप्ति हुने थियो ।
- चुरटले जति मोटोको भाउ धारण गरे पनि जाबो चुरट खान गाह्रो पर्ने छैन ।
- नेपालमा प्रत्येक मालको भाउ छिनमा तोला छिनमा मासा भइरहन्छ ।

यस निबन्धमा निबन्धकारले आफ्ना अभिव्यक्तिलाई जीवन्त तथा व्यङ्ग्यात्मक बनाउन तिन दर्जनभन्दा बढी टुक्काको प्रयोग गरेका छन् । यसमा प्रयुक्त टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

संरचनाका आधारमा यस निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखान धर्मी टुक्का** |
|---|---|---|
| टुप्पामा चढ्नु | कानमा बतास चल्नु | छिनमा तोला छिनमा मासा हुनु |
| गर्ज टार्नु | पित्त पानी छदाउनु | हान्ने राँगाको आँखाले हेर्नु |
| लित्ति कस्नु | बिसको तिस हुनु | गहतको झोलमा जात फाल्नु |
| मुख फुक्नु | प्राणको सञ्चार हुनु | मोटाको भाउ धारण गर्नु |
| हात बढाउनु | चेतबाबा काशी हुनु | महादेवको जटाबाट प्रेत पैदा भएझैँ पैदा हुनु |
| बिर्ता दिनु | मोक्ष प्राप्ति हुनु | ख्याउटे वनस्पति नेता जस्तो हुनु |
| आँखा तान्नु | | |
| मन्टो उठाउनु | | |
| धीत मर्नु | | |

| | | |
|---|---|---|
| ठोसाइमा पर्नु | | |
| झरिलो हुनु | | |
| जात जानु | | |
| रिस झार्नु | | |
| घाँटी भाँच्नु | | |
| मार खानु | | |
| कदम चाल्नु | | |
| धावा बोल्नु | | |
| जल चढाउनु | | |
| कैँची चलाउनु | | |
| राल चुहिनु | | |
| रेडियो फुक्नु | | |
| आगो हुनु | | |
| छेकथुन गर्नु | | |
| उपेक्षा गर्नु | | |
| इसारा गर्नु | | |
| थक्कथक्क लाग्नु | | |
| जिल्ल पर्नु | | |

यसरी संरचनाका आधारमा यस निबन्धमा द्विपदी टुक्का २७ वटा, त्रिपदी ६ वटा र बहुपदी वा उखानधर्मी टुक्का ६ वटा गरी ३९ वटा टुक्का प्रयोग भएका छन् ।

विषयवस्तुका आधारमा यस निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **आर्थिक तथा कृषि व्यवसाय मूलक** | **प्राकृतिक विषयक** | **लोक विश्वास विषयक** | **पशुपक्षी सम्बन्धी** |
|---|---|---|---|---|---|
| टुप्पामा चढ्नु | मुख फुक्नु | गर्ज टार्नु | झरिलो हुनु | मोक्ष प्राप्ति हुनु | हान्ने गोरुको आँखाले हेर्नु |
| लित्ति कस्नु | हात बढाउनु | बिर्ता दिनु | जल चढाउनु | महादेवको जटाबाट प्रेत पैदा भएझैँ पैदा हुनु | |

| | | | | | |
|---|---|---|---|---|---|
| धीत मर्नु | प्राणको सञ्चार हुनु | मोटोको भाउ धारण गर्नु | आगो हुनु | | |
| ठोसाइमा पर्नु | घाँटी भाँच्नु | छिनमा तोला छिनमा मासा हुन | | | |
| गहतको झोलमा जात फाल्नु | कदम चाल्नु | बिसको तिस हुनु | | | |
| रिस झार्नु | पित्त पानी छदाउनु | | | | |
| मार खानु | मन्टो उठाउनु | | | | |
| कैँची चलाउनु | आँखा तान्नु | | | | |
| राल चुहिनु | कानमा बतास लाउनु | | | | |
| छेकथुन गर्नु | | | | | |
| धावा बोल्नु | | | | | |
| इसारा गर्नु | | | | | |
| चेत बाबा काशी हुनु | | | | | |
| रेडियो फुक्नु | | | | | |
| ख्याउटे वनस्पति नेता जस्तो हुनु | | | | | |
| जात जानु | | | | | |
| उपेक्षा गर्नु | | | | | |
| इसारा गर्नु | | | | | |
| थक्कथक्क लाग्नु | | | | | |
| जिल्ल पर्नु | | | | | |

यसरी विषयवस्तुका आधारमा यस निबन्धमा सामाजिक विषयक टुक्का १९ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ९ वटा, आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का ५ वटा, प्राकृतिक विषयक टुक्का ३ वटा लोक विश्वास विषयक टुक्का २ वटा र पशुपक्षी सम्बन्धी टुक्का एउटा गरी जम्मा ३९ वटा टुक्का प्रयोग भएका छन् ।

भोटोको भाउ धारण गर्नु, महादेवको जटाबाट प्रेत पैदा भएझैँ पैदा हुनु, ख्याउटे वनस्पति नेता जस्तो हुनु जस्ता टुक्का निबन्धकारले आफैँ निर्माण गरेका छन् । परम्परागत टुक्काभन्दा भिन्न यस्ता टुक्काको प्रयोग गर्नु निबन्धकार पिँडालीका विशेषता हुन् ।

## ३.३ कला चिन्ने को ?

सामाजिक विषयवस्तुमा आधारित यस निबन्धमा विकासका नाममा जनताले भोग्नुपरेको पीडालाई निबन्धको विषयवस्तु बनाइएको छ। नेपालमा सडक त बनेका छन् तर तिनको दुरावस्थाका कारण यात्रुले कष्टका साथ यात्रा गर्नु परेको छ। पर्याप्त मात्रामा यातायातका साधनको अभाव छ । बस सञ्चालकले गर्ने दुर्व्यवहारको सिकार हुन यात्रु बाध्य छन् । कोच्चिएर उचालिँदै, पछारिँदै, थचारिँदै र बजारिँदै यात्रा गर्न यात्रु विवश छन् । मालसामान र मान्छेमा कुनै भेद छैन । बस सञ्चालकले भनेको ठाउँमा उनीहरूले भने जसरी यात्रा गर्नुपर्ने बाध्यता छ । मनपरी भाडा लिने र क्षमताभन्दा बढी यात्रु राख्ने प्रवृत्ति छ, जसले गर्दा ज्यानको बाजी लगाएर यात्रा गर्न यात्रु बाध्य छन् ।  कुनै यात्रुले प्रतिवाद गरे उसले तल्लो स्तरको गाली खाने र पिटाइ समेत खाने स्थिति छ । यस्तो प्रवृत्तिलाई रोक्ने कुनै निकाय नै छैन ।

झट्ट हेर्दा विषयवस्तु र शीर्षकबिच तादात्म्य नदेखिए पनि निबन्धकारले विभिन्न घुम्ती र मोडमा यताउती हुत्तिँदै गरिएको यात्रालाई कत्थक, मणिपुरी, भरत नाट्यमसँग तुलना गरी बसका यात्रुले ताल, सुर बाजागाजाविनै नृत्यकला प्रस्तुत गर्न सक्ने प्रसङ्ग उल्लेख गरेका छन् । यसका साथै बस सञ्चालकको गालीलाई गायन कला र पिटाइलाई सङ्गीत कलासँग तुलना गरेका छन् । यातायातका क्षेत्रमा देखा परेका यिनै विकृतिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । तुलनात्मक रूपमा अत्यन्त कम टुक्काको प्रयोग निबन्धकारले यस निबन्धमा गरेका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- आफूभन्दा निर्धालाई किच्दै मिच्दै, ठेल्दै रेल्दै गाडीबाट ओर्लेर ठोकेँ मैले पनि कुलेलम ।
- भित्र पुगी चारैतिर नजर दौडाएँ र हैरान भएर सोधेँ, 'खै कहाँ बस्ने ?'
- दाह्रा किट्दै म आफ्नो पोजिसनमा अडिग नै भइरहेँ ।
- यस शरीरले उस बखत नाच्नुको नाउँमा कम्मरसम्म पनि भाँच्न जानेको थिएन ।

संरचना र विषयवस्तुका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा**

| द्विपदी टुक्का | त्रिपदी टुक्का | |
|---|---|---|
| कुतकुती लाग्नु | | |
| लेस्नु काढ्नु | | |
| भुक्तमान बोकाउनु | | |
| कुलेलम ठोक्नु | | |
| विसर्जन हुनु | | |
| नजर दौडाउनु | | |
| दाह्रा किट्नु | | |
| नृत्य फुट्नु | | |
| आँखा घुमाउनु | | |

यसरी यस निबन्धमा संरचनाका आधारमा द्विपदी टुक्का ९ वटा मात्र रहेका छन् ।

**विषयवस्तुका आधारमा**

| सामाजिक विषयक | शारीरिक अङ्ग सम्बन्धी | |
|---|---|---|
| कुतकुती लाग्नु | नजर दौडाउनु | |
| लेस्नु काढ्नु | दाह्रा किट्नु | |
| भुक्तमान बोकाउनु | आँखा घुमाउनु | |
| कुलेलम ठोक्नु | | |
| विसर्जन हुनु | | |
| नृत्य फुट्नु | | |

विषयवस्तुका अधारमा यस निबन्धमा सामाजिक विषयक टुक्का ६ वटा र शारीरिक अङ्ग सम्बन्धी टुक्का ३ वटा गरी जम्मा ९ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.४ टुँडिखेलको आत्मकथा

यो आत्मपरक शैलीमा लेखिएको पिँडालीको उत्कृष्ट निबन्ध हो । काठमाडौँको मुटुमा रहेको ठूलो मैदान अर्थात् टुँडिखेलको अनुभूतिलाई निबन्धमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । टुँडिखेलको अनुभूतिका माध्यमबाट नेपालको इतिहास केलाउने र नेपालीको प्रवृत्तिको विश्लेषण गर्ने काम निबन्धकारले गरेका छन् । राणाहरूले लामो समयसम्म नेपालमा निरङ्कुश

शासन व्यवस्था सञ्चालन गरेका थिए । उनीहरूको अन्याय, शोषण र अत्याचारबाट जनता पीडित थिए । जनताले कुनै हक अधिकार प्राप्त गरेका थिएनन् । देशभित्रै बन्दीको जस्तो जीवन जिउन जनता बाध्य थिए । जनतालाई दुःख दिने योजना र तालिम टुँडिखेलकै काखमा हुने गर्थे । अन्याय र अत्याचारका विरुद्ध सङ्घर्ष गर्ने र जनतालाई अधिकार सम्पन्न गराउने योजना पनि उसकै काखमा बसेर बनाइएको थियो, जुन योजना सफल भयो र जनता अधिकार सम्पन्न भए । प्रजातन्त्र प्राप्तिपछि पनि जनताले सुखको अनुभूति भने गर्न पाएनन् । राजनीति नजान्ने राजनीतिज्ञले जनतालाई भ्रममा राखे । अश्लील हरकत र छाडापन समाजमा बढ्दै गयो । कालोबजारी र भ्रष्टाचार मौलाउदै गयो । चेलिबेटी बेचबिखनले व्यापकता पायो । यस्ता योजना आफ्नै काखमा हुँदा समेत छेवैमा उभिएको प्रहरीलाई चाहेर पनि टुँडिखेलले बताउन सकेन, विवश भएर आफूलाई मन नपर्ने क्रियाकलापलाई सहन टुँडिखेल बाध्य भयो । यसरी स्वतन्त्रताका नाममा छाडा संस्कृति र स्वार्थी प्रवृत्तिले प्रश्रय पाएको प्रति टुँडिखेलका माध्यमबाट निबन्धमा चिन्ता व्यक्त गरिएको छ ।

टुँडिखेलले १९९० सालको भूकम्पमा घरबार विहीन भएका धेरैलाई आश्रय दिई सहयोग गरेको प्रसङ्ग उल्लेख गर्दै निबन्धकारले टुँडिखेलले जहिले पनि जनताको हित चाहेको तर नेपाली जनताले टुँडिखेललाई सधैँ उपेक्षा र अवहेलना गरेको चर्चा गरेका छन् । टुँडिखेलको संरक्षणमा कसैले ध्यान दिएका छैनन्, यो दिनहुँ कुरूप हुँदै गएको छ, फोहोर हुँदै गएको छ र साँघुरिँदै गएको छ । अझै पनि यो क्रम जारी छ ।

यसरी निबन्धकारले आफ्नो स्वार्थ पूरा गर्न अरूलाई भरपुर उपयोग गर्ने र स्वार्थसिद्धिपछि बेवास्ता गर्ने नेपाली प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । आफ्ना यिनै भावनालाई आकर्षक बनाउन निबन्धकारले थुप्रै टुक्काको सहारा लिएका छन् । टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट केही वाक्य निम्न छन् :

- म त्यसै वेलादेखि नै काठमाडौँको मुटु कहलिएको छु ।
- पाँच-छ घन्टाको पल्टनियाँहरूको बुट प्रहारले म टाउकै उठाउन पाउन्नथेँ ।
- वर्षाका दिनमा मेरो अङ्ग प्रत्यङ्गबाट जवानी फुटेको हुन्छ ।
- प्यारको मूल्य थैलीले चुकाउने प्रण ऊ गर्दथ्यो ।
- तर अपसोच छ, नागरिकहरूले मेरो कदर गरि दिएनन् ।
- दैत्यको तिखा दाह्राले उधिनिएको मेरो छातीको त्यो घाउ यो वर्षाको दिनमा पनि पुरिन सकेको छैन ।
- जो बाँचे तिनलाई प्राण बचाउन धौधौ पऱ्यो ।

संरचनाका आधारमा निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | |
|---|---|---|
| मुटु कहलिनु | रिसले चुर हुनु | |
| ठन्डाराम पर्नु | ह्मत खुट्टा तान्नु | |
| भक्कानु पर्नु | कान ठाडा लाउनु | |
| छातीमा हुर्काउनु | | |
| प्रण गर्नु | | |
| काखमा खेलाउनु | | |
| जन्जिरमा जकडिनु | | |
| टाउको उठाउनु | | |
| फेला पर्नु | | |
| भेद नहुनु | | |
| जवानी फुट्नु | | |
| लालायित हुनु | | |
| खुसी उर्लनु | | |
| भुतुक्क हुनु | | |
| झोक चल्नु | | |
| मुन्टो फर्काउनु | | |
| घाउ पुरिनु | | |
| निराशाले छोप्नु | | |
| कानेखुसी गर्नु | | |
| कानमा पर्नु | | |

विषयवस्तुका आधारमा निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | |
|---|---|---|
| निराशाले छोप्नु | मुटु कहलिनु | |
| ठन्डाराम पर्नु | छातीमा हुर्काउनु | |
| प्रण गर्नु | काखमा खेलाउनु | |
| जन्जिरमा जकडिनु | टाउको उठाउनु | |
| फेला पर्नु | मुन्टो फर्काउनु | |
| भेद नहुनु | हातखुट्टा तान्नु | |

| | | |
|---|---|---|
| जवानी फुट्नु | कानेखुसी गर्नु | |
| लालायित हुनु | कान ठाडा लाउनु | |
| खुसी उर्लनु | कानमा पर्नु | |
| भुतुक्क हुनु | | |
| झोक चल्नु | | |
| घाउ पुरिनु | | |
| रिसले चुर हुनु | | |
| भक्कानु पर्नु | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का २०, त्रिपदी टुक्का ३ तथा सामाजिक विषयक टुक्का १४ र शारीरिक अङ्ग सम्बन्धी टुक्का ९ वटा गरी जम्मा २७ वटा टुक्काको प्रयोग भएका छन् ।

## ३.५ यो हो चन्द्रज्योति ?

'यो हो चन्द्रज्योति' राजनीतिक तथा सामाजिक बेथितिप्रति व्यङ्ग्य गरिएको पिँडालीको उत्कृष्ट निबन्ध हो । नेपालमा थुप्रै शासन व्यवस्था फेरिए तर देश र जनताको भलाइका निम्ति कसैले काम गरेनन् । शक्ति र पदको दुरुपयोग गरी राष्ट्रिय कोषबाट निजी सम्पत्ति जोड्ने स्वार्थी प्रवृत्ति नेपाली राजनीतिमा बढ्दै गयो । सत्ता टिकाउन राष्ट्रिय स्वाभिमानमा आँच आउने क्रियाकलाप गर्न समेत राजनीतिज्ञ पछि परेनन् । भ्रष्टाचार र घुसखोरीले समाजमा प्रश्रय पायो । विकासका नाममा वन फँडानी तीव्र गतिमा भयो । जनताका नाममा आएका बजेट समेत आफैं बाँडीचुँडी खाने र नाम मात्रको विकास गर्ने प्रवृत्ति समाजमा देखा पऱ्यो । यही प्रवृत्तिका कारण नेताहरू झन् झन् सम्पन्न हुँदै गए भने जनता झन् झन् गरिब हुँदै गए । जनताले विकासको अनुभूति गर्न पाएनन् । विकासका नाममा पानी नआउने धारो, तुरुन्त भत्कने सडक नबल्ने बिजुली, उद्घाटन हुनासाथ काम नलाग्ने पुलपुलेसा निर्माण भए । योग्यताभन्दा चाकडीले प्रश्रय पायो । इमानदार, सक्षम, योग्य व्यक्ति अपमानित भई हीनताबोध गरी बाँच्न विवश भए ।

देशलाई उन्नत, समृद्ध र विकसित तुल्याउने जिम्मेवारी देशका राजनीतिज्ञले पाएका हुन्छन् । आफूभन्दा समाज र समाजभन्दा राष्ट्र ठूलो भन्ने भावना हरेकमा हुनुपर्छ, यसो भए मात्र देश द्रुत गतिमा विकासतर्फ लम्कन्छ । राजनीतिज्ञ इमानदार, सक्षम, योग्य राष्ट्रभक्त र निःस्वार्थी हुने हो भने छोटो समयमै देशको मुहार फेरिन्छ र जनताले सुख र राहतको अनुभव गर्छन् । जसले यसरी काम गर्छ, त्यही व्यक्ति जनताको हृदयमा बस्न सक्छ र अमर पनि हुन्छ । राजनीति देशविकासको आधार स्तम्भ भएकाले यसतर्फ विद्वान्, निःस्वार्थी र राष्ट्रभक्त नागरिक आकर्षित हुनु पर्ने खाँचो निबन्धकारले औंल्याएका छन् । यस्तो स्थिति सिर्जना भएन भने देश

अझै अधोगतितर्फ जाने चिन्ता निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । निबन्धमा अभिव्यक्त यिनै विचारलाई व्यङ्ग्यात्मक बनाउन निबन्धकारले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्य निम्न छन् :

- यसले सारा मान्छेको हातखुट्टा बाँधेर मुखमा ठेडी हालिदिएको थियो ।
- यसले माटो, ढुङ्गा, धारा, जुट, लकडी, कपडा, नुन, तोरी, जुट, जस्ता, सुन, चाँदी, यहाँसम्म कि मट्टितेल, फलाम, सिमेन्ट, अलकत्रा जस्ता चिज पनि आँखा चिम्लेर खाइदियो ।
- आखिर एक दिन आफ्नै समाजबाट बहिष्कृत भएर यो शासनको प्राण गयो ।
- यस्तो देखी जतातत्तै मानिसहरू लाजले मन्टो बटार्न थाले ।
- केही पत्नीको करकाप र केही आवश्यकताको ताकितामा परेर मेरो भ्रष्टाचार विरोधी भावनाले आखिर मात खायो ।

यस अतिरिक्त निबन्धमा तिन दर्जनभन्दा बढी टुक्काको प्रयोग गरिएको छ । निबन्धमा प्रयोग भएका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| छापा मार्नु | शासन खडा हुनु | |
| देश भाँड्नु | मुखमा ठेडी हाल्नु | |
| काँचै चपाउनु | लामो हात हुनु | |
| हजम पार्नु | अन्तिम सास फेर्नु | |
| उग्राउन थाल्नु | लाज घिन पिउनु | |
| पुच्छर हल्लाउनु | फुस्रा आँखा पल्टाउनु | |
| गाँस जुटाउनु | छिछि थुथु गर्नु | |
| किलो गाड्नु | | |
| आशा बाँध्नु | | |
| विद्रोह गर्नु | | |
| बहिष्कृत हुनु | | |
| प्राण जानु | | |
| पड्कन थाल्नु | | |
| विसर्जन गर्नु | | |
| मुख चेप्प्याउनु | | |
| निर्वस्त्र हुनु | | |

| | | |
|---|---|---|
| मन्टो बटार्नु | | |
| आँखा पर्नु | | |
| मात खानु | | |
| सूत्र लाग्नु | | |
| झ्याँको झार्नु | | |
| चित्त बुझाउनु | | |
| जुनकिरीझैँ बल्नु | | |
| मनपरी चल्नु | | |

**विषयका आधारमा :**

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **आर्थिक तथा कृषि व्यवसाय मूलक** | **पशुपक्षी सम्बन्धी** |
|---|---|---|---|
| छापा मार्नु | मुखमा ठेडी हाल्नु | उग्राउन थाल्नु | जुनकिरीझैं बल्नु |
| देश भाँड्नु | लामो हात हुनु | किलो गाड्नु | |
| काँचै चपाउनु | पुच्छर हल्लाउनु | | |
| शासन खडा हुनु | आँखा पर्नु | | |
| हजम पार्नु | प्राण जानु | | |
| मनपरी चल्नु | मुख चेप्प्याउनु | | |
| आशा बाँध्नु | मन्टो बटार्नु | | |
| बहिष्कृत हुनु | फुस्रा आँखा पल्टाउनु | | |
| लाजघिन पिउनु | चित्त बुझाउनु | | |
| छिछि थुथु गर्नु | | | |
| विसर्जन गर्नु | | | |
| निर्वस्त्र हुनु | | | |
| अन्तिम सास फेर्नु | | | |
| गाँस जुटाउनु | | | |
| विद्रोह गर्नु | | | |
| मात खानु | | | |
| सूत्र लाग्नु | | | |
| झ्याँको झार्नु | | | |
| पड्कन थाल्नु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का २४, त्रिपदी टुक्का ७ तथा सामाजिक विषयक टुक्का १९, शारीरिक अङ्ग सम्बन्धी टुक्का ९, आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का २ र पशुपक्षी सम्बन्धी टुक्का एउटा गरी जम्मा ३१ टुक्का प्रयोग भएका छन् ।

## ३.६ यस्तो पनि हुन्छ

यो सहरिया परिवेशमा लेखिएको निबन्ध हो । आधुनिकता र मनोरञ्जनका नाममा भित्रँदै गएको विकृतिप्रति यस निबन्धमा व्यङ्ग्य गरिएको छ । अव्यवस्थित ढङ्गले ठूलठूलो स्वरमा गरिने व्यापारिक तथा मनोरञ्जनात्मक प्रचार प्रसारले विद्यार्थी, लेखक, बिरामी, पत्रकार लगायत समाजका सबै तहका व्यक्ति प्रभावित भएका छन् । चोरी गरेर, घरको सामान वा गरगहना बेचेर, पेट काटेर, पकेट मारेर, किताब बेचेर सिनेमा हेर्ने तथा मनोरञ्जनमा रमाउने युवा जमात बढ्दै गएको छ । यसका साथै सिनेमा हलभित्रै बच्चालाई पिसाब गराउने, जताततै थुक्ने, अरूको सिटमाथि खुट्टा राख्ने, अश्लील क्रियाकलाप गर्ने, जथाभावी बोल्ने, गुन्डागर्दी गर्ने जस्ता अमर्यादित क्रियाकलापको चित्रण गर्दै निबन्धकारले आधुनिकतासँगै सभ्यतामा आएको ह्रासप्रति व्यङ्ग्य गरेका छन् ।

हरेकले कुनै पनि क्रियाकलाप निश्चित मर्यादा र सीमाभित्र रहेर गर्नुपर्छ । साथै, आफ्नो अधिकारको प्रयोग गर्दा अरूलाई असर नपर्ने गरी गर्नुपर्छ भन्ने सङ्केत निबन्धमा पाइन्छ । युवा जमात नै देशका कर्णधार भएकाले यी विकृत हुँदा सिङ्गो राष्ट्र नै विकृत हुने खतरा बढ्ने छ । त्यसैले बेलैमा सचेत भई युवा ऊर्जालाई विकृतितर्फ लाग्न रोक्नु सबैको दायित्व हो भन्ने भाव निबन्धमा अभिव्यक्त भएको छ । अत्यन्त सुन्दर भाषाशैलीमा शालीन ढङ्गले व्यङ्ग्य गर्न खप्पिस पिँडालीले विभिन्न टुक्काको प्रयोग गरी भाषामा मिठास थप्ने काम गरेका छन् । टुक्का प्रयोगका दृष्टिले मार्मिक र आकर्षक केही वाक्य निम्न छन् :

- होहल्लामा खरिददार-विक्रेता मालको मोल पटाउन लागेका थिए ।
- कवि पीडितले बेलुकाको छाक टार्ने सट्टा खोक्रो पेट लिएर 'बिराजबहू' हेऱ्यो ।
- चार वर्षयता मेरो आम्दानीको स्रोत पनि यसरी सुकिदियो कि घरखेत गरेर खाइसक्दा पनि त्यो फेरि रसाएन ।
- भुइँचालो त गएन ? कुलेलम ठोक्ने विचारले चारैतिर यसो टोलिएँ ।
- मेरो पछाडिकी झकिझकाउ युवती मैलाई आँखा गाडेर हेरिरहेकी थिई ।

करिब दुई दर्जन टुक्काको प्रयोग गरी यस निबन्धलाई व्यङ्ग्यात्मक बनाउने काम लेखकले गरेका छन् । संरचना र विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

संरचनाका आधारमा :

| द्विपदी टुक्का | त्रिपदी टुक्का | बहुपदी/उखानधर्मी टुक्का |
|---|---|---|
| बिस्कुन लाग्नु | आम्दानीको स्रोत सुक्नु | मोही माग्नु ढुङ्ग्रो लुकाउनु |
| गडेर हेर्नु | तिन भुँडी देख्नु | |
| विचार खल्बलिनु | | |
| मार पर्नु | | |
| मुड्की बझार्नु | | |
| कपाल टन्किनु | | |
| मोल पटाउनु | | |
| घाँटी सुकाउनु | | |
| कायल हुनु | | |
| छाक टार्नु | | |
| घरखेत गर्नु | | |
| लेखाजोखा हुनु | | |
| तलतल लाग्नु | | |
| घिच्रो तान्नु | | |
| आँखा गाड्नु | | |
| शब्दहरू चढाउनु | | |
| जोड गर्नु | | |
| मन्टो बटार्नु | | |
| मर्का पर्नु | | |

विषयका आधारमा :

| सामाजिक विषयक | शारीरिक अङ्ग सम्बन्धी | आर्थिक तथा कृषि व्यवसायक |
|---|---|---|
| बिस्कुन लाग्नु | घाँटी सुकाउनु | छाक टार्नु |
| गडेर हेर्नु | मन्टो बटार्नु | मोल पटाउनु |
| विचार खल्बलिनु | आँखा गाड्नु | घरखेत गर्नु |
| मार पर्नु | घिच्रो तान्नु | आम्दानीको स्रोत सुक्नु |
| मुड्की बझार्नु | तिन भुँडी देख्नु | |
| कपाल टन्किनु | | |
| कायल हुनु | | |

| | | |
|---|---|---|
| लेखाजोखा हुनु | | |
| तलतल लाग्नु | | |
| जोड गर्नु | | |
| मोही माग्नु ढुङ्ग्रो लुकाउनु | | |
| शब्दहरू चढाउनु | | |
| मर्का पर्नु | | |

यसरी यस निबन्धमा द्विपदी १९, त्रिपदी टुक्का २, बहुपदी तथा उखानधर्मी टुक्का एक तथा सामाजिक विषयक टुक्का १३, शारीरिक अङ्ग सम्बन्धी टुक्का ५ र अर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का ४ गरी जम्मा २२ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.७ **सालिक बोल्यो** !

'सालिक बोल्यो' स्वैरकल्पनात्मक निबन्ध हो । घरमा शान्त वातावरण नभएपछि साहित्य लेखनका निम्ति उपयुक्त स्थानको खोजीमा मध्यरातमा निस्केको साहित्यकारले देखेको अनौठो चित्र प्रस्तुत गर्ने क्रममा निबन्धकारले स्वैरकल्पनालाई प्रस्तुत गरेका छन् । पारिवारिक समस्या र उचित कदरको अभावका बिच साहित्यकारले भोग्नु परेको पीडाबाट निबन्धको उठान गरिए पनि निबन्ध मूलतः राजनीतिक विषयवस्तुमा केन्द्रित छ ।

चन्द्र शमशेर, श्री ५ पृथ्वी वीर विक्रम, वीर शमशेर, रणोद्दीप, धीर शमशेर, जङ्ग बहादुर, जुद्ध शमशेर आदि राणा शासक तथा राजाका सालिक सजीव बनी एउटा चौतारामा भेला भएर आफ्ना कमी कमजोरीका विषयमा समीक्षा गरिरहेका छन् । त्यही भेलामा माथवर सिंह, लखन थापा, शुक्रराज, धर्मभक्त, दशरथ चन्द, गङ्गा लाल, थिरबम मल्ल आदि पनि सामेल छन् । यिनै सालिकका बिचको छलफललाई निबन्धमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ ।

राणाका सालिकका अभिव्यक्तिका माध्यमबाट निबन्धकारले सानो-ठुलो, धनी, गरिब, तल्लो जात माथिल्लो जात आदि भनी जातीय, वर्गीय भेदभाव गर्ने, निजी स्वार्थमा लिप्त हुने, सत्ता हत्याउने प्रपञ्चमा लागेर आपसी विश्वास गुमाउने तथा अङ्ग्रेजहरूको आडमा सत्ता टिकाएर राष्ट्रिय स्वाभिमानमा खेलबाड गर्नुका साथै जनताको भावना बुझ्ने प्रयत्न नगरेकै कारण राणाहरूको अन्त्य भएको निष्कर्ष निबन्धकारले निकालेका छन् ।
राणाहरूले गरेका यिनै क्रियाकलाप विरुद्ध जनताले सङ्घर्ष गरेका थिए र राष्ट्रका लागि जीवनको आहुती दिएका थिए । तर, देश र जनतालाई १०४ वर्षसम्म बन्धक बनाउनेहरूको तुलनामा कम स्थान दिएर आफ्नो अपमान गरेको गुनासो सहिदहरूका सालिकका अभिव्यक्तिका माध्यमबाट निबन्धकारले व्यक्त गरेका छन् । प्रजातन्त्र प्राप्त भइसक्दा पनि प्रजातन्त्र प्राप्तिका

लागि जीवन अर्पण गर्ने सहिदहरूप्रति न्याय हुन नसकेकोमा निबन्धमा चिन्ता व्यक्त गरिएको छ। देशका महत्त्वपूर्ण स्थानमा अझै पनि सहिदका तुलनामा राणा शासकको सालिक हुनु सहिदहरूप्रति अपमान हो भन्ने अभिव्यक्ति निबन्धमा पाइन्छ। प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्षमा उत्रने क्रममा सहिद भएकाहरूको पूर्ण पहिचान समेत हुन सकेको छैन।

जनतासँग मिलेर बस्ने र उनीहरूको सुख, दुःख बुझ्न नसकेकै कारण राणाहरूको पतन भएको चर्चा गर्दै समय अनुसार जनता र सहिदको भावना बुझी अघि बढ्न नसक्ने शासकको अन्त्य हुने सन्देश निबन्धमा पाइन्छ। शासकले आफ्नाबारेमा सोच्ने होइन, आफूभन्दा राष्ट्र र जनता ठूला हुन् भन्ने भावनाले अघि बढ्नु पर्ने सङ्केत निबन्धमा गरिएको छ। आफ्ना स्वैरकल्पनात्मक अभिव्यक्तिलाई चामत्कारिक बनाउन निबन्धकारले थुप्रा टुक्काको सहारा लिएका छन्। टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्य निम्न छन् :

- त्यस रातको घटना अझै पनि खुब याद छ, सम्झँदा रौँ अझै पनि ठाडा भएर आउँछन्।
- यी हाम्रा गाथगादी ताक्ने, हामीले रूखमा फलाइएका, दुनियाँ भड्काउने, देशभाँडा यी बागीहरूले प्रतिरात आएर हामीलाई दुःख दिन थालेका छन्।
- एक प्रकारले अङ्ग्रेजहरूलाई देश बेची उनीहरूकै आडभरोसा लिई कठपुतली बनी देश बिगार्नु भयो।
- यसरी नहतारिऊँ, कुराको हल मिलिजुली पो निकाल्नु पर्छ।
- दया सागर ! हाम्रो पनि इन्साफ हुनुपर्छ। हामी त घरका न घाटका भयौँ।

निबन्धमा प्रयोग भएका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| तानाबाना बुन्नु | रौँ ठाडा हुनु | घरको न घाटको हुनु |
| सन्नाटा छाउनु | रफ्फु चक्कर हुनु | |
| आँखा उठाउनु | इतिहासमा ठाउँ पाउनु | |
| विचार उठ्नु | विकराल रूप लिनु | |
| पहरा दिनु | रिसले चुर हुनु | |
| कुरा चल्नु | कमाउने बाटो नहुनु | |
| आँखा पर्नु | | |
| सत्ता जानु | | |
| महिमा गाउनु | | |
| गाथगादी ताक्नु | | |

| | | |
|---|---|---|
| रूखमा फलाउनु | | |
| देश बेच्नु | | |
| कठ पुतली बन्नु | | |
| आड भरोसा लिनु | | |
| जनता चुस्नु | | |
| किंकर्तव्यविमूढ हुनु | | |
| चाल्नु बन्नु | | |
| दुःख पोख्नु | | |
| सास जानु | | |
| मुखामुख पर्नु | | |
| घेरा हाल्नु | | |
| सत्ता हत्याउनु | | |

**विषयका आधारमा :**

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **इतिहास विषयक** | **प्राकृतिक विषयक** | **आर्थिक विषयक** |
|---|---|---|---|---|
| तानाबाना बुन्नु | आँखा उठाउनु | सत्ता जानु | रूखमा फलाउनु | कमाउने बाटो नहुनु |
| सन्नाटा छाउनु | आँखा पर्नु | गाथगादी ताक्नु | | |
| घेरा हाल्नु | मुखामुख पर्नु | सत्ता हत्याउनु | | |
| किंकर्तव्यविमूढ हुनु | | देश बेच्नु | | |
| पहरा दिनु | | इतिहासमा ठाउँ पाउनु | | |
| विचार उठ्नु | | | | |
| कुरा चल्नु | | | | |
| महिमा गाउनु | | | | |
| घरको न घाटको हुनु | | | | |
| कठपुतली बन्नु | | | | |
| आड भरोसा लिनु | | | | |
| जनता चुस्नु | | | | |
| रौँ ढाडा हुनु | | | | |

| | | | | |
|---|---|---|---|---|
| रफ्फुचक्कर हुनु | | | | |
| विकराल रूप लिनु | | | | |
| रिसले चुर हुनु | | | | |
| सास जानु | | | | |
| दुःख पोख्नु | | | | |
| चाल्नु बन्नु | | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का २२, त्रिपदी टुक्का ६, बहुपदी वा उखानधर्मी टुक्का १ तथा सामाजिक विषयक टुक्का १९ , शारीरिक अङ्ग सम्बन्धी टुक्का ३, पुराण-इतिहास विषयक टुक्का ५, प्राकृतिक विषयक टुक्का १ र आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का १ गरी जम्मा २९ वटा टुक्काको प्रयोग गरिएको छ ।

## ३.८ न बज्छ बाँसुरी नै

यो निबन्ध सहरिया परिवेशलाई केन्द्रविन्दु बनाएर लेखिएको निबन्ध हो । गलत नम्बरबाट विनासित्ति अर्काको गाली खान बाध्य टेलिफोन मालिकको मानसिक स्थितिलाई निबन्धमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । टेलिफोन राख्दा समाजमा सान र रवाफ बढ्ने सोचका साथ अर्काको चाकरी गरी घरमा फोन राखेको घरको मालिक अनाहकमा बिजुली बत्ती नदिएको भन्दै विद्युत् प्राधिकरणको कर्मचारी ठानी कसैले गरेको तल्लो स्तरको गाली सुन्न, बेफ्वाँकमा प्रहरीको फन्दामा पर्न र अनेक हैरानी खेप्न बाध्य हुन्छ । यस्तो दुःखको प्रमुख कारक टेलिफोनलाई नै ठानी टेलिफोनको तार नै चुँडालि दिन्छ । गलत नम्बरमा फोन गर्ने अनि फोनबाटै दुर्व्यवहार गर्ने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ ।

टेलिफोन अत्याधुनिक सञ्चारको साधन हो । यसको सही प्रयोगबाट मानिसले छोटो समयमा धेरै लाभ लिन सक्छ । टेलिफोनमा कसैका सामु प्रस्तुत हुँदा शिष्ट, शौम्य र शालीन ढङ्गले प्रस्तुत हुनुपर्छ, अन्यथा थुप्रै समस्याको सामना गर्नुपर्ने स्थिति सिर्जना हुन्छ । समाजमा टेलिफोनको दुरुपयोग भएकोप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ ।

टेलिफोनको तार चुँडालेर टेलिफोन मालिकले क्षणिक आवेश प्रस्तुत गरे पनि त्यो समस्याको दीर्घकालीन समाधानको उपाय भने होइन । संयमित भई टेलिफोनको प्रयोग गरे यस्तो समस्याबाट मुक्ति पाउन सकिन्छ । आवेगबाट होइन, सचेत, सतर्क र संयमपूर्ण ढङ्गले समस्याको समाधान गर्नु बुद्धिमानी हुन्छ । यिनै प्रसङ्ग र सन्दर्भ निबन्धमा पाइन्छन् । निबन्धमा अभिव्यक्त विचारलाई व्यङ्ग्यात्मक र आकर्षक बनाउन निबन्धकारले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्य निम्न छन् :

- जाबो एउटा टेलिफोन राखेकोमा पनि तिलको ताड बनाएर कथा भयो ।
- आवाज झन् पो आगो भएर भन्न थाल्यो, ‘केरे ! अनुत्तरदायित्वको पनि हद नाघ्यो अब त ।’
- अब भने मेरो ब्रह्माण्ड रन्क्यो । एक झम्टामा रिसिभर उठाएर कानमा जोरेँ ।
- इन्स्पेक्टर टसको मस भएन, झन् पो भन्यो, ‘तपाईंले पुलिस हेडक्वार्टरमा आउनुपर्छ-पर्छ ।’
- रिस उठेको वेलामा गम खान नसकेर यस्ती महालक्ष्मी जस्ती अर्धाङ्गिनीलाई घरबाट निकालि नै दिने ?
- इन्स्पेक्टरले फेरि कड्केर भन्यो, ‘ ए मिस्टर ! तपाईं फेरि थाल्नुभयो बाङ्गा कुरा गर्न ?

यसरी डेढ दर्जनभन्दा बढी टुक्काको प्रयोग गरी निबन्धकारले यस निबन्धमा व्यक्त विचारलाई व्यङ्ग्यात्मक बनाएका छन् । संरचना र विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी तथा उखानधर्मी टुक्का** |
|---|---|---|
| श्रीगणेश हुनु | बाह्रसत्ताइस कुरा गर्नु | चौटा खाने रहर गर्दा झोलमा डुबेर मर्नु |
| आगो हुनु | तिलको ताड बनाउनु | नाँच्न नजान्दा आँगन टेढो हुनु |
| हद नाघ्नु | पानी पानी हुनु | झिकिदे गाँडभन्दा थपिडे गाँड हुनु |
| कुरा काट्नु | टसको मस नहुनु | |
| कानमा जोर्नु | जिब्रो च्यापुमा टाँसिनु | |
| ढुङ्ग्रोमा बिलाउनु | बाङ्गा कुरा गर्नु | |
| टाउको समात्नु | | |
| हुरुक्क हुनु | | |
| गम खानु | | |

**विषयवस्तुका आधारमा :**

| सामाजिक विषयक | शारीरिक अङ्ग सम्बन्धी | प्राकृतिक विषयक | सांस्कृतिक परम्परा विषयक |
|---|---|---|---|
| हुरुक्क हुनु | जिब्रो च्यापुमा टाँसिनु | पानी पानी हुनु | श्रीगणेश हुनु |
| गम खानु | कानमा जोर्नु | आगो हुनु | |
| हद नाघ्नु | टाउकोमा समात्नु | तिलको ताड बनाउनु | |
| कुरा काट्नु | | | |
| बाह्र सत्ताइस कुरा गर्नु | | | |
| ढुङ्ग्रोमा बिलाउनु | | | |
| टसको मस नहुनु | | | |
| बाङ्गा कुरा गर्नु | | | |
| झिकिदे गाँडभन्दा थपिडे गाँड हुनु | | | |
| चौटा खाने रहर गर्दा भ्कोलमा डुबेर मर्नु | | | |
| नाँच्न नजान्दा आँगन टेढो हुनु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का ९, त्रिपदी टुक्का ६, बहुपदी टुक्का ३ वटा तथा सामाजिक विषयक टुक्का ११, शारीरिक अङ्ग सम्बन्धी टुक्का ३, प्राकृतिक विषयक ३ र सांस्कृतिक परम्परा विषयक १ गरी जम्मा १८ टुक्का प्रयोग भएका छन् । नाँच्न नजान्दा आँगन टेढो हुनु, चौटा खाने रहर गर्दा भ्कोलमा डुबेर मर्नु, झिकिदे गाँडभन्दा थपिडे गाँड हुनु जस्ता उखानधर्मी टुक्कको प्रयोग उत्कृष्ट ढंगले गरेका छन् ।

## ३.९ आधुनिक पत्नी

आधुनिक पत्नी सामाजिक विषयवस्तुमा आधारित निबन्ध हो । पतिको आग्रहलाई अस्वीकार गरी पिकनिक जान निस्किएकी श्रीमतीको चर्चा गर्दै आधुनिकताका नाममा आफ्नो परम्परा, संस्कार तथा रीतिस्थितिलाई बेवास्ता गरी अघि बढ्न खोज्ने नारी प्रवृत्तिमाथि निबन्धमा व्यङ्ग्य गरिएको छ । डेढ वर्षको दुधे बालकलाई अलपत्र छोडेर मनोरञ्जनमा रमाउने नारी नेपाली संस्कार सुहाउँदो हुन नसक्ने तर्क निबन्धकारको छ । समानता र आधुनिकताका नाममा पारिवारिक तथा मानवीय कर्तव्यबाट नारीहरू विमुख हुन नहुने सन्देश निबन्धमा पाइन्छ ।

घरधन्दा र बालबच्चाको रेखदेखलाई सामान्य काम ठानी आफ्नो अड्डा वा कार्यालयको काम मात्र ठुलो ठान्ने पुरुषहरूको सोचाइप्रति पनि निबन्धमा व्यङ्ग्य गरिएको छ। एक दिन मात्र पनि घर र बच्चालाई सम्हाल्न पुरषहरूलाई कति गाह्रो हुन्छ भन्ने वास्तविकतालाई प्रस्तुत गरी आफू अभ्यस्त नभएको काम गर्न मुस्किल हुने भएकाले अरूको कामको अवमूल्यन गर्न नहुने विचार निबन्धमा अभिव्यक्त भएको छ। आफ्ना अभिव्यक्तिलाई हास्य व्यङ्ग्यात्मक बनाउन निबन्धकारले धेरै घटना र पात्रलाई जबरजस्ती निबन्धमा समायोजन गरेका छन्। हास्यात्मक संवाद र व्यङ्ग्यात्मक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले तुलनात्मक रूपमा कम टुक्काको प्रयोग गरेका छन्। टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- राजन मसँग मान्दैन ! रोएर उधुम पो मच्चाउने हो कि ?
- एक दिन छोरो हेरेर बस्न पऱ्यो भनेर यो बाह्र सत्ताइस कुरा !
- सदा हैकम चलाएर घरमा महाभारत मच्चाउनु पनि त राम्रो होइन।
- पानीको थोपै थिएन, भाँडा सबै रित्ता थिए, रिसले तोरीको फुल देखेँ।
- मित्रमण्डलीको मसला हुनु छ र, म यो अनुहार उसलाई देखाऊँ।
- पर्खी, तेरो जात्रा म देखाइदिन्छु। फर्कन दे तेरी पत्नीलाई।

तुलनात्मक रूपमा कम टुक्काको प्रयोग भएको यस निबन्धमा प्रयुक्त टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| प्रशंसा गाउनु | बाह्रसत्ताइस कुरा गर्नु | आत्माले लेफ्ट राइट गर्नु |
| उदेक लाग्नु | तोरीको फूल देख्नु | |
| धुरी चढाउनु | | |
| उधुम मच्चाउनु | | |
| मुक्त हुनु | | |
| हैकम चलाउनु | | |
| महाभारत मच्चाउनु | | |
| जात्रा देखाइदिनु | | |
| लोलाउन थाल्नु | | |
| टाउकोमा पुग्नु | | |
| मसला हुनु | | |

**विषयका आधारमा :**

| **सामाजिक विषयक** | **पुराण–इतिहास विषयक** | **प्राकृतिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **सांस्कृतिक परम्परा विषयक** |
|---|---|---|---|---|
| प्रशंसा गाउनु | महाभारत मच्चाउनु | तोरीको फुल देख्नु | आत्माले लेफ्ट राइट गर्नु | जात्रा देखाइदिनु |
| उदेक लाग्नु | | | टाउकोमा पुग्नु | |
| धुरी चढाउनु | | | | |
| उधुम मच्चाउनु | | | | |
| मुक्त हुनु | | | | |
| हैकम चलाउनु | | | | |
| बाह्रसत्ताइस कुरा गर्नु | | | | |
| मसला हुनु | | | | |
| लोलाउन थाल्नु | | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का ११, त्रिपदी टुक्का २, बहुपदी टुक्का १ तथा सामाजिक विषयक टुक्का ९, पुराण इतिहास विषयक टुक्का १, प्राकृतिक विषयक टुक्का १, शारीरिक अङ्ग सम्बन्धी टुक्का २ र सांस्कृतिक परम्परा विषयक टुक्का १ गरी १४ वटा टुक्काको प्रयोग गरिएको छ । निबन्धकारले यस निबन्धमा आत्माले लेफ्ट राइट गर्नु जस्तो टुक्काको निर्माण आफैँले गरेका छन्, जुन परम्परागत रूपमा प्रयोग भएको पाइँदैन ।

## ३.१० प्रजातन्त्र–खोजसङ्घ

यो राजनीतिक परिवेशमा लेखिएको निबन्ध हो । वि.सं. २००७ सालदेखि २०१५ सालसम्मको राजनीतिक घटनाक्रमलाई निबन्धको विषयवस्तु बनाइएको छ । यसबीच प्रजातन्त्र जोगाउने नाममा थुप्रै सङ्घसंस्था र राजनीतिक पार्टी खोलिए । साथै थुप्रै पार्टी तथा नेता च्याउ उम्रेझैँ जताततै देखिन थाले । तर, यी सबैले जालझेल, छलकपटका माध्यमबाट आफ्नो दुनो सोझ्याउने काम मात्र गरे । कठोर जहानियाँ राणा शासनको अन्त्य भई देशमा प्रजातन्त्र आइसक्दा पनि जनताले स्वतन्त्रता र विकासको अनुभूति गर्न पाएनन् । जङ्ग बहादुरका सत्र भाइले सत्र टुक्रा पारेर बाँडेको स्वतन्त्रताको खोजी गरी प्रजातन्त्रलाई एक ढिक्का बनाउने प्रसङ्ग उल्लेख गर्दै निबन्धकारले सरल तथा सीधासाधा जनतालाई माध्यम बनाएर आफ्नो स्वार्थ पूरा गर्ने अवसरवादी नेताप्रति निबन्धमा तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

जनताको नाममा राजनीति गर्ने, जनतालाई प्रयोग गरी प्रजातन्त्र, विकास र स्वतन्त्रताका नाममा ठुल्ठुला क्रान्ति गर्ने तर अवसर पाउनासाथ जनतालाई नै दुःख दिने नेपाली राजनीतिज्ञको चरित्रप्रति व्यङ्ग्य गर्दै आफ्नो समूहगत वा दलगत स्वार्थभन्दा माथि उठी जनतालाई सर्वोपरि ठान्न निबन्धमा आग्रह गरिएको छ ।

अभिव्यक्तिमा मिठास ल्याउन सरल भाषाशैलीको प्रयोग गर्ने निबन्धकारले विभिन्न टुक्काको माध्यमबाट निबन्धमा व्यक्त विचारलाई व्यङ्ग्यात्मक बनाएका छन् । टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्य निम्न छन् :

- हिजोआज मान्छेहरू प्रजातन्त्रको दुहाइ दिँदै आ-आफ्नो दुनो सोभ्याउन तम्सेको देख्दछु ।
- राजनीतिक संस्थाहरू जनतामा जरो हाल्नु सट्टा लुगाको पसल नै पो सजाउनेतर्फ लागे ।
- आमनिर्वाचन गराउने वेला छैन भनेर हुरुक्क हुन खोज्दा पनि फ्याट्ट लाएर आमनिर्वाचन भइहाल्यो ।
- होटेलमा गएर एक कप चियासम्म खानेहरू पनि उनको यो मान्छे गाँज्ने शक्तिदेखि कायल थिए ।
- यस कार्यमा कति जेलमा कुहिए, कतिले डाँडो काटे, कति गोलीका सिकार भए र कति रूखमा पनि फले तर प्रजातन्त्र फेला परेन ।

यसरी निबन्धमा थुप्रै टुक्काको प्रयोग निबन्धकारले गरेका छन् । विषयवस्तु र संरचनाका आधारमा यस निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | |
|---|---|---|
| दुहाइ दिनु | कुर्सीका लागि दौडनु | |
| दुनो सोभ्याउनु | मुखभरिको जवाफ दिनु | |
| मुक्ति पाउनु | अर्ध चन्द्राकार दिनु | |
| फाइँफुइँ झिक्नु | भेद थाहा हुनु | |
| हुरुक्क हुन | | |
| खुट्टा तान्नु | | |
| मान्छे गाँज्नु | | |
| कायल हुनु | | |
| आँखा तर्नु | | |

| | | |
|---|---|---|
| औँला तेर्स्याउनु | | |
| गजधम्म हुनु | | |
| मुखामुख गर्नु | | |
| गुम पार्नु | | |
| कमजोरी समात्नु | | |
| जेलमा कुहिनु | | |
| डाँडो काट्नु | | |
| सिकार हुनु | | |
| दृष्टि घुमाउनु | | |
| ढिँगुरा ठोक्नु | | |
| आँखा छल्नु | | |
| हाँक्न थाल्नु | | |

**विषयवस्तुका आधारमा :**

| **सामाजिक विषयक** | **शारीरिक अङ्गसम्बन्धी** | **प्राकृतिक विषयक** |
|---|---|---|
| ढिँगुरा ठोक्नु | खुट्टा तान्नु | डाँडो काट्नु |
| दुहाइ दिनु | आँखा तर्नु | अर्ध चन्द्राकार दिनु |
| दुनो सोभ्याउनु | मुखामुख गर्नु | |
| मुक्ति पाउनु | औँला तेर्स्याउनु | |
| फाइँफुइँ भिक्नु | आँखा छल्नु | |
| हुरुक्क हुन | मुखभरिको जवाफ दिनु | |
| गजधम्म हुनु | | |
| मान्छे गाँज्नु | | |
| कायल हुनु | | |
| कुर्सीका लागि दौडनु | | |
| जेलमा कुहिनु | | |
| हाँक्न थाल्नु | | |
| सिकार हुनु | | |
| दृष्टि घुमाउनु | | |
| गुम पार्नु | | |
| कमजोरी समात्नु | | |
| भेद थाहा हुनु | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का २१, त्रिपदी टुक्का ४ तथा सामाजिक विषयक टुक्का १७, प्राकृतिक विषयक टुक्का २ र शारीरिक अङ्ग सम्बन्धी टुक्का ६ गरी जम्मा २५ वटा टुक्काको प्रयोग गरिएको छ ।

## ३.११ बागबजारको बाटो

यो सहरिया परिवेशमा लेखिएको निबन्ध हो । काठमाडौँको मुटुमा रहेको बागबजारको दुर्दशालाई निबन्धमा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । स्वदेशी, विदेशी साराले हाम्रो सभ्यता, संस्कृति, इतिहास, उन्नति, अवनति आदिको परिचय प्राप्त गर्ने माध्यमका रूपमा बगबजारलाई निबन्धकारले प्रस्तुत गरेका छन् । तर, बागबजारमा जताततै फोहोर गरेर, राँगाभैँसी आदि जताततै लडाएर, बाटो खनेर, मदिरा पान गरी होहल्ला तथा गुन्डागर्दी गरेर नेपालीहरू स्वयंले आफ्नो सभ्यताको धज्जी उडाएका छन् । नाक थुनेर हिँड्नु पर्ने बाध्यता, ब्ल्याकआउट र धुले सडकका कारण जनताले भोग्नुपरेको सास्ती मार्फत निबन्धकारले नेपालमा तीव्रगतिमा भएको अव्यवस्थित सहरीकरणप्रति व्यङ्ग्य गरेका छन् । नगरपालिकाको हाताभित्रका सकड, नदीनाला, मन्दिर, पार्क, सिनेमाघर, अस्पताल, कलेज, सचिवालय, होटेल आदि ठाउँमा यत्रतत्र मलमूत्र त्याग गर्ने नेपालीहरूको प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । नेपालको मुटुमा रहेको प्रमुख सडकको दुर्दशा प्रस्तुत गर्दै निबन्धकारले अन्य ग्रामीण भेगको विकास कहिले होला भन्ने चिन्ता प्रकट गरेका छन् ।

कहिले ढलका नाममा त कहिले खानेपानीका नाममा सडक भत्काउने र मर्मत गर्ने प्रवृत्ति अहिले पनि देखिन्छ । विकास बजेट सक्ने धुनमा हताहतार वर्षा लागेपछि सडक मर्मत तथा पिच गर्ने र मर्मत हुन नपाउँदै भत्कने सडकको नियति अझै कायम छ । भ्रष्टाचार र कमिसनमा लिप्त कर्मचारी र ठेकेदारको मिलेमतोमा कमजोर निर्माण सामग्रीको प्रयोग गरी बनाइएका पुलपुलेसा, सडक, धारा केही समयमै काम नलाग्ने भएका प्रशस्त उदाहरण नेपालमा छन् । यसरी नेपाली स्वयंको मनोवृत्ति र स्वभाव विकासको बाधक भएकाले यसलाई सच्याएर अघि बढ्नुपर्ने सङ्केत निबन्धमा पाइन्छ । सरल भाषाशैलीमा गहन अभिव्यक्ति दिने निबन्धकार पिँडालीले यस निबन्धमा तुलनात्मक रूपमा अत्यन्त कम तथा सामान्य टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट केही वाक्य निम्न छन् :

- भारतीय दूतावासमा शरण लिएर प्रजातन्त्र ल्याउन दिल्ली हिँडेका सम्राटलाई फर्काउन खोज्नेलाई यसै सडकले गौचर पुऱ्याई लट्ठी र बुट ख्याएथ्यो ।
- फौजी दाजुले त्यहीँ उभिएर थाले मेरा सात पुस्तालाई तर्पण दिन ।
- यस सडकले समय-समयमा कुन रूप लिन्छ र कुन चाल चल्छ ! कसैले भन्न सक्दैन ।
- भाग्यमानीलाई कसले सम्झाइदेओस् आज उनको कर्म फुट्न-फुट्नबाट बाँच्यो भनेर !

**संरचनाका दृष्टिले यस निबन्धमा प्रयुक्त टुक्काहरूको वर्गीकरण :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | |
|---|---|---|
| हिंस्रक हुनु | भयको सञ्चार गराउनु | |
| शरण लिनु | लठ्ठी बुट खुवाउनु | |
| रूप लिनु | | |
| चाल चल्नु | | |
| लहड उठ्नु | | |
| कर्म फुट्नु | | |
| आँखा उघार्नु | | |
| छर्लङ्ग हुनु | | |
| पाखा लाग्नु | | |

**विषयका आधारमा यस निबन्धमा प्रयुक्त टुक्काहरूको वर्गीकरण :**

| **सामाजिक विषयक** | **प्राकृतिक विषयक** | **शरीरिक अङ्ग सम्बन्धी** | **लोक विश्वास सम्बन्धी** |
|---|---|---|---|
| हिंस्रक हुनु | पाखा लाग्नु | आँखा उघार्नु | कर्म फुट्नु |
| लठ्ठी बुट खुवाउनु | | | |
| शरण लिनु | | | |
| रूप लिनु | | | |
| चाल चल्नु | | | |
| लहड उठ्नु | | | |
| भयको सञ्चार गराउनु | | | |
| छर्लङ्ग हुनु | | | |

यसरी संरचनाका दृष्टिले यस निबन्धमा द्विपदी टुक्का ९ र त्रिपदी टुक्का २ वटा रहेका छन् भने विषयका आधारमा सामाजिक विषयक टुक्का ८, प्राकृतिक विषयक टुक्का १, शारीरिक अङ्ग सम्बन्धी टुक्का १ र लोक विश्वासमा आधारित टुक्का १ गरी जम्मा ११ वटा टुक्का प्रयोग गरिएका छन् ।

## ३.१२ **सवाल छ खाजाको !**

यो सामाजिक विषयवस्तुमा लेखिएको निबन्ध हो । प्रजातन्त्र प्राप्तिपछि पनि नेपाली जनताले आफ्नो समस्यालाई बुझ्ने सरकार र मन्त्री प्राप्त गर्न सकेका छैनन् । समाजमा गरिबी, महँगी, बेरोजगारी, भोकमरी जस्ता दर्जनौं जटिल समस्या छन् तर सरकार अर्थात् मन्त्रीहरू

दलगत तथा व्यक्तिगत स्वार्थमा लिप्त छन् । चाकडी, चाप्लुसी, नातावाद, कृपावाद र गुटगत स्वार्थलाई महत्त्व दिने तर जनताको पीरमर्कालाई बेवास्ता गर्ने मन्त्री तथा सचिवलाई निबन्धमा तिखो व्यङ्ग्य गरिएको छ ।

देशको मन्त्री कुनै दल वा समूहको नभएर सबैको साझा हुनुपर्छ तर नेपालमा यस्तो पाइँदैन । माथिल्लो निकायमा पहुँच नभएका जनताले आफ्नो समस्या राख्ने ठाउँसम्म पनि पाउँदैनन् । नातावाद, कृपावाद राजनीतिमा हावि भएको छ । मन्त्रीको चाकडी गर्ने कर्मचारी तथा आफन्तले सुखसुविधा तथा विभिन्न अवसर सजिलै प्राप्त गर्छन् । तर, जनता आफ्नो सामान्य समस्या हल गर्न घन्टौं कुर्दा पनि मन्त्रीलाई भेट्न सक्दैनन्, बरु उल्टै मन्त्रीको आक्रोश र गालीगलौजको सिकार हुन बाध्य हुन्छन् । यसरी प्रजातन्त्र आइ सक्दा पनि जनताले निरीह भएर बाँच्नु परेको यथार्थलाई निबन्धमा व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । जनता र नेताबिचको यस्तो डरलाग्दो खाडल पुर्नुपर्ने सङ्केत निबन्धमा पाइन्छ ।

मिठो व्यङ्ग्यात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा जनताको समस्या हल गर्ने जिम्मेवारी पाएका सचिव र मन्त्रीले आफूलाई ठूलो ठान्ने, होइन, जनतालाई नै सर्वोपरि ठान्नुपर्छ भन्ने सन्देश पाइन्छ ।

मन्त्रीलाई भेट्न जाँदा शक्तिवर्द्धक भोजन गर्नुपर्ने र साँझ खाजा खाने वेलासम्म कुर्दा पनि मन्त्रीलाई भेट्न नसकिने प्रसङ्ग निबन्धमा उल्लेख भए पनि निबन्धको विषयवस्तु र शीर्षकबीच मेल खाएको देखिन्न । टुक्काको प्रयोग गरी अभिव्यक्तिलाई सुन्दर बनाउने पिँडालीको यस निबन्धमा टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट केही वाक्य निम्न छन् :

- मन्त्री भेट्न जाँदा पालन गर्नु पर्ने नियमादिबाट म बिलकुल नै अनभिज्ञ थिएँ, यस कुरामा खली खाएका आफ्ना दुईचार मित्रहरूसँग बुझेँ ।
- मजस्तो कुनै पार्टीमै नलागेर सधैँ नै चैते बाँदरजस्तो भएको मान्छेलाई त खाएरै जानु पर्ने रहेछ ।
- उनका प्रशंसामा दुईचार शब्द इच्छा नभई नभई पनि उकेलेँ र मन्त्री नभेटी नहुने कुरामा जोड दिएर कृपाको याचना पनि गरेँ ।
- उता मन्त्रीज्यू झनझन् प्रचण्ड हुँदै जान लाग्नु भएको थियो ।
- धक फुकाउँदै अगाडि बढेर मुख के बाएको थिएँ, मुख त रह्यो आँ नै ।

संरचनाका दृष्टिले यस निबन्धमा प्रयोग भएका टुक्काको निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** | |
|---|---|---|---|
| मान्छे छान्नु | दश औँला जुट्नु | चौटा खान जाँदा झोलमा डुब्नु | |
| भेद पाउनु | चैते बाँदरजस्तो हुनु | आठ अठिङ्गर खुकुलो हुनु | |

| | | | |
|---|---|---|---|
| कर लाग्नु | | | |
| खली खानु | | | |
| लतार्दै जानु | | | |
| उर्दी सुनाउनु | | | |
| तकलिफ हुनु | | | |
| शब्द उकल्नु | | | |
| जोड दिनु | | | |
| याचना गर्नु | | | |
| मुख बाउनु | | | |
| मान्छे निमोठ्नु | | | |
| रिसले प्रचण्ड हुनु | | | |
| खुट्टा बजार्नु | | | |
| अनर्थ हुनु | | | |
| धक फुकाउनु | | | |

विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्काको निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | | **शारीरिक अङ्ग सम्बन्धी** |
|---|---|---|
| मान्छे छान्नु | जोड दिनु | मुख बाउनु |
| भेद पाउनु | याचना गर्नु | खुट्टा बजार्नु |
| कर लाग्नु | धक फुकाउर्नु | दश औंला जुट्नु |
| खली खानु | मान्छे निमोठ्नु | |
| लतार्दै जानु | रिसले प्रचण्ड हुनु | |
| उर्दी सुनाउनु | अनर्थ हुनु | |
| तकलिफ हुनु | आठ अठिङ्गर खुकुलो हुनु | |
| शब्द उकल्नु | चौटा खान जाँदा झोलमा डुब्नु | |
| चैते बाँदरजस्तो हुनु | | |

यस निबन्धमा द्विपदी टुक्का १६, त्रिपदी टुक्का २, बहुपदी वा उखानधर्मी टुक्का २ तथा सामाजिक विषयक टुक्का १७ र शारीरिक अङ्ग सम्बन्धी टुक्का ३ वटा गरी जम्मा २० वटा टुक्का प्रयोग भएका छन् ।

## ३.१३ शूरवीरहरूको नरक यात्रा

बसमा यात्रा गर्ने यात्रुबाट घटेका घटनालाई यस निबन्धको विषयवस्तु बनाइएको छ । उकालो, ओरालो, घुमाउरो बाटो तथा बसभित्रको अटेसमटेस र उकुसमुकुस वातावरणका कारण थुप्रै यात्रु बान्ता गर्न बाध्य हुन्छन् । यात्रुहरू कमजोर तथा मरणासन्न अवस्थामा गन्तव्यमा पुग्न विवश भएको घटनालाई निबन्धमा प्रस्तुत गरिएको छ । यस्तो उकुसमुकुस वातावरणका बिच पनि बान्ता नगरी गन्तव्यमा पुग्न सफल यात्रुलाई शूरवीर र बसको यात्रालाई नरकयात्रा भन्दै निबन्धकारले यात्रुहरूका मानसिक तथा शारीरिक कमजोरीप्रति व्यङ्ग्य गरेका छन् । अत्यन्त सामान्य विषयवस्तुलाई उठान गरिएको प्रस्तुत निबन्धमा एक यात्रुको कमजोरीले थुप्रै यात्रुलाई बाधा पर्न सक्छ भन्ने यथार्थ प्रस्तुत गरिएको छ ।

कसैले पनि अरूलाई अप्ठ्यारो पार्ने उद्देश्यले बसभित्र बान्ता गर्दैन । एउटाले बान्ता गरेको देखेपछि अरूमा पनि यस्तो प्रवृत्ति देखिनु स्वाभाविक नै हो । तर, यस्तो मानवीय कमजोरीलाई व्यङ्ग्य गरी उसको मानसिकतामा प्रहार गर्नु त्यति उपयुक्त देखिन्न । साथै बान्ता नगरी यात्रा गर्ने यात्रुलाई शूरवीरको उपाधि दिनु पनि उपयुक्त हुँदैन । त्यसैले यो निबन्धमा सामाजिकता वा सार्वजनीनताभन्दा वैयक्तिकता बढी पाइन्छ ।

यात्रुको सुविधाभन्दा आफ्नो स्वार्थलाई महत्त्व दिने व्यक्तिहरूले बस सञ्चालन गरेका छन् । त्यसैले यात्रुहरू अत्यन्त कष्टका साथ नारकीय यात्रा गर्न विवश छन् । तीव्र गतिमा घुमाउरो बाटोमा बस चलाउँदा यात्रुहरू बान्ता गर्ने स्थितिमा पुग्छन् । बाटोको अवस्था र यात्रुको मानसिकतालाई विचार गरी बस सञ्चालन गरे यस्तो समस्या यात्राका क्रममा नआउने देखिन्छ । आफ्ना यिनै अभिव्यक्तिलाई विभिन्न पात्रका माध्यमबाट निबन्धकारले हास्यव्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । अभिव्यक्तिलाई व्यङ्ग्यात्मक बनाउन निबन्धकारले केही टुक्काको पनि प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- मानूँ सबै नै यस संसारको असारतादेखि पन्छिएका वीतरागी थिए र परमार्थ सुधार्नमा तल्लीन थिए ।
- रित्तो भाँडोको बढी टङ्कार भएझैँ वाक-वाकको हुङ्कार भने गजबकै थियो ।
- पैसाले पैसा तान्छ भन्ने उक्ति लागू भएझैँ मोटरको त्यस मैलाले उनको पेटको सम्पूर्ण मैला त्यहीँ खिचिदियो ।

- तर शूरवीरहरूको त्यस नरक यात्राको अमिट छाप हृदयमा जो छ, छँदै छ ।
- चल्ती गाडीमा ज्यमदूत त के ज्यमदूतको बाबुले पनि पाइलो हाल्न पाउन्न ।

संरचनाका दृष्टिले यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** | |
|---|---|---|---|
| बस समात्नु | पैसाले पैसा तान्नु | रित्तो भाँडोको बढी टङ्कार हुनु | |
| बाटो समात्नु | अमीट छाप पर्नु | | |
| आँखा तिनकनु | | | |
| मुखामुख गर्नु | | | |
| मोटर लाग्नु | | | |
| परमार्थ सुधार्नु | | | |
| माथ गर्नु | | | |
| पाइलो हाल्नु | | | |
| मुख चेप्प्याउनु | | | |

विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **लोक विश्वास सम्बन्धी** | |
|---|---|---|---|
| बस समात्नु | आँखा तिनकनु | परमार्थ सुधार्नु | |
| बाटो समात्नु | मुखामुख गर्नु | | |
| मोटर लाग्नु | माथ गर्नु | | |
| पैसाले पैसा तान्नु | पाइलो हाल्नु | | |
| अमीट छाप पर्नु | मुख चेप्प्याउनु | | |
| रित्तो भाँडोको बढी टङ्कार हुनु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का ९ वटा, त्रिपदी टुक्का २ वटा, बहुपदी वा उखानधर्मी टुक्का १ तथा सामाजिक विषयक टुक्का ६ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ५ वटा र लोक विश्वास सम्बन्धी टुक्का १ गरी जम्मा १२ टुक्का प्रयोग भएका छन् ।

## ३.१४ मुटुछेड काव्य

यो सामाजिक निबन्ध हो । हास्यव्यङ्ग्य साहित्य सिर्जना गर्न छाडेर मर्मभेदी, हृदयविदारक अर्थात् मुटुछेड काव्य सिर्जना गर्ने इच्छा जाहेर गरेको म पात्रले काव्य सिर्जनाका

लागि अनुकूल वातावरण पाउँदैन । मार्मिक साहित्यिक भाव व्यक्त गर्न चाहिने शान्त, सौम्य र एकान्त वातावरणको खोजीमा ऊ डेरा समेत सर्छ । तैपनि विभिन्न निघ्नबाधा आइ रहन्छन् । बाधा अड्चनका बाबजुद मुटुछेड काव्यको रचना गरे पनि साहित्यानुरागीको मन छुन भने लेखकले सक्दैन । उसको रचनाको प्रशंसा केबल परिवारले मात्रै गर्छन् ।

यसरी यस निबन्धमा मानिसलाई हास्यका माध्यमबाट मर्मस्पर्शी र हृदयविदारक साहित्यिक अनुभूति दिन व्यङ्ग्य साहित्यले मात्र सक्ने भाव प्रस्तुत गरिएको छ । आफू जुन विधामा सिद्धहस्त छ, साहित्यकारले त्यही विधा अपनाउँदा मात्र उत्कृष्ट साहित्य सिर्जना हुन सक्ने सङ्केत निबन्धमा पाइन्छ । मानसिक रूपमा लेख्नका निम्ति लेखक तयार नहुँदा मात्र बाहिरी वातावरणको असर साहित्यकारमा पर्ने तर मानसिक रूपले तयार हुँदा जस्तोसुकै प्रतिकूल वातावरणमा पनि लेखकले उत्कृष्ट रचना दिनसक्ने यथार्थलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

सरल र बोधगम्य भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो अभिव्यक्तिलाई लाक्षणिक बनाउन थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट केही वाक्य निम्न छन् :

- अति सोचेँ, 'यस ब्रह्म मुहूर्तमा मुटुछेड साहित्यको म श्रीगणेश गरिहालूँ ।'
- मगजमा बल्लबल्ल यस्तो मुटुछेड साहित्यिक भावना छड्काउन समर्थ भएको थिएँ, बलिरहेको चुलोमा एक लोटा पानी खन्याउँदा आगोले च्वाइँ गरेर ठन्डाराम भएझैँ भुस्कुट भइदियो ।
- तर, कहाँ र, यस घरमा त झन् पो उल्टो गङ्गा बहन थाल्यो ।
- बन्धुतिर यसो हेरेँ, उनी त मग्न निदाइरहेका ! म यस अपमानले तिलमिलाएँ ।
- यस अप्रत्यासित घटनाले मेरो त बक नै बन्द भएछ ।

संरचनाका आधारमा यस निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | |
|---|---|---|
| पात्तिएर जानु | घरलाई नमस्कार गर्नु | |
| हृदय छुनु | बक बन्द हुनु | |
| व्यङ्ग्य कस्नु | उल्टो गङ्गा बहनु | |
| समय छोप्नु | तिन भुँडी देख्नु | |
| मगज छड्काउनु | | |
| इलम पक्डनु | | |
| श्रीगणेश गर्नु | | |

| | | |
|---|---|---|
| भावना छड्काउनु | | |
| भुस्कुट हुनु | | |
| विलखबन्दमा पर्नु | | |
| बक फुट्नु | | |
| क्वारक्वार्ती हेर्नु | | |
| चिसो पर्नु | | |
| मात गर्नु | | |
| आतुर हुनु | | |
| अपमानले तिलमिलाउनु | | |
| सन्न हुनु | | |
| ठन्डाराम हुनु | | |

विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **लोक विश्वास सम्बन्धी** | **प्राकृतिक विषयक** |
|---|---|---|---|
| पात्तिएर जानु | हृदय छुनु | श्रीगणेश गर्नु | उल्टो गङ्गा बहनु |
| ठन्डाराम हुनु | मगज छड्काउनु | | |
| व्यङ्ग्य कस्नु | तिन भुँडी देख्नु | | |
| समय छोप्नु | | | |
| बक बन्द हुनु | | | |
| इलम पक्डनु | | | |
| घरलाई नमस्कार गर्नु | | | |
| भावना छड्काउनु | | | |
| भुस्कुट हुनु | | | |
| विलखबन्दमा पर्नु | | | |
| बक फुट्नु | | | |
| क्वारक्वार्ती हेर्नु | | | |
| चिसो पस्नु | | | |
| मात गर्नु | | | |

| | | | |
|---|---|---|---|
| आतुर हुनु | | | |
| अपमानले तिलमिलाउनु | | | |
| सन्न हुनु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का १८, त्रिपदी टुक्का ४ तथा सामाजिक विषयक टुक्का १७, शारीरिक अङ्ग सम्बन्धी टुक्का ३, लोक विश्वासमा आधारित र प्राकृतिक विषयक टुक्का १/१ गरी जम्मा २२ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.१५ प्रभुजी ! कवि बनाइदिनोस्

कुनै पनि साहित्य र साहित्यकारलाई पाठकका सामु परिचित गराउन समालोचकको महत्त्वपूर्ण भूमिका हुन्छ । समालोचकसँग असाहित्यिक कृति र कृतिकारलाई साहित्यिक र साहित्यिकलाई असाहित्यिक बनाउन सक्ने क्षमता हुन्छ । लेखकको व्यक्तिगत प्रभावमा आएको समालोचकले राम्रो रचनालाई नराम्रो र नराम्रो रचनालाई पनि राम्रो बनाउन सक्छ । सञ्चार माध्यमको विकास भएपछि साहित्य र समालोचनाको विकास तीव्र गतिमा भयो । सुरुमा गीत, सङ्गीत र साहित्यको उन्नतिमा रेडियो नेपालले महत्त्वपूर्ण योगदान दिएको थियो । तर, रेडियो नेपालमा नातावाद, कृपावाद र चाकरी प्रथा हावि भयो । यसले प्रतिभावान् साहित्यकारहरूलाई, बेवास्ता गर्ने कार्य गऱ्यो र प्रतिभाहीनहरूलाई जबर्जस्ती कवि बनायो । रेडियो नेपालका यिनै गतिविधिप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै निबन्धमा तीखो व्यङ्ग्य गरिएको छ ।

युवतीहरूसँग प्रेम गर्न जान्ने, सहकर्मीको बेइज्जत र अपमानमा आफ्नो इज्जत र मान देख्ने ओरालो लागेको सहकर्मी देखेर आफू उकालो चढेको सम्झने, साहित्यकारहरूको एकता नचाहने, आफ्नो प्रशंसा आफैँ गर्ने, अपमान पिएर बाँच्न जान्ने, स्वाभिमानमा पटक्क विश्वास नगर्ने, अर्काको इसारामा चल्ने, सहृदयता तथा भावुकतामा विश्वास नगर्ने र अरूलाई कविता लेखाएर कवि बन्ने व्यक्तिहरूलाई मात्र स्थान दिई रेडियो नेपालले नेपाली साहित्यको सच्चा साधकको अपमान गरेको प्रति निबन्धकारले चरम असन्तुष्टि व्यक्त गरेका छन् ।

रेडियो नेपालले आफ्नै कार्यालयको तबल्चीलाई यथार्थवादी कवि, ट्याम्केलाई रहस्यवादी कवि, पिउनलाई नवीनतावादी कवि, पोडिनीलाई जनवादी कवयित्री, बिकुलेलाई समालोचक बनाएर साहित्यानुरागीको अपमान गरेको निष्कर्ष निबन्धकारको छ । यसरी रेडियो नेपालले साहित्यको उत्थानका निम्ति खेल्नुपर्ने भूमिका तत्कालीन परिवेशमा खेल्न नसकेको प्रति निबन्धमा व्यङ्ग्य गरिएको छ ।

मिठो भाषा र आकर्षक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- तपाईंको साहित्यकार पारख गर्न सक्ने शक्तिको पनि म कायल छु ।
- दबि राखेको, लुकि राखेको साहित्यिक प्रतिभा खोजेर निकाल्नमा त तपाईंको आँखाले गिद्धको आँखालाई मात गर्छ ।
- मुख्य कुरो म हजुरले चेइ भने पुच्छर हल्लाएर आउँछु, धर् भने पुच्छर हल्लाएर भाग्छु, पक्डी भने अरूलाई टोक्न जाइ लाग्छु र हाड फ्याँके बसेर चपाउन थाल्छु ।
- तपाईंको कवि सम्मेलनले नेपालमा कहलाएका साहित्यकारहरूप्रति मेरो गलत धारणाको पर्दाफास गरेको छ ।

संरचनाका आधारमा यस निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | |
|---|---|---|
| शरणमा आउनु | गरल पान गर्नु | |
| चाल चल्नु | आफूमा लीन गराउनु | |
| हृदय छुनु | | |
| दग्ध हुनु | | |
| उत्रन नसक्नु | | |
| मात गर्नु | | |
| कायल हुनु | | |
| पुच्छर हल्लाउनु | | |
| जाइ लाग्नु | | |
| हाड फ्याँक्नु | | |
| अपमान पिउनु | | |
| पर्दाफास गर्नु | | |
| अन्धकारमा दब्नु | | |

विषयका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | | |
|---|---|---|---|
| शरणमा आउनु | हृदय छुनु | | |
| आफूमा लीन गराउनु | | | |
| गरल पान गर्नु | | | |
| दग्ध हुनु | | | |

| | | | |
|---|---|---|---|
| उत्रन नसक्नु | | | |
| मात गर्नु | | | |
| कायल हुनु | | | |
| पुच्छर हल्लाउनु | | | |
| जाइ लाग्नु | | | |
| हाड फ्याँक्नु | | | |
| अपमान पिउनु | | | |
| पर्दाफास गर्नु | | | |
| अन्धकारमा दब्नु | | | |
| चाल चल्नु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का १३, त्रिपदी टुक्का २ तथा सामाजिक टुक्का १४ र शारीरिक अङ्ग सम्बन्धी टुक्का १ गरी जम्मा १५ टुक्का प्रयोग भएका छन् ।

खै-खै सङ्ग्रहभित्रका रचनामध्ये आखिरी दृश्य, मृत्युपछिको जीवन, परदेशी, पत्नी, दौरासुरुवाल, नलेखेको कथा समेत ६ वटा रचनालाई राजेन्द्र सुवेदी ( स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि, तेस्रो संस्करण २०५८ पृ.८७) ले कथाका रूपमा प्रस्तुत गरेका छन् । तर, ती रचनामा आख्यानको अंश भए पनि शैली निबन्धात्मक भएकाले शोधार्थी ती रचनालाई आख्यानात्मक निबन्ध भन्न रुचाउँछ । ती रचनाको सङ्क्षिप्त विश्लेषण सहित तिनमा प्रयुक्त टुक्काको वर्गीकरण निम्नानुसार गरिएको छ :

## ३.१६ आखिरी दृश्य

यो सामाजिक विषयवस्तुमा आधारित आख्यानात्मक निबन्ध हो । निबन्धको प्रमुख पात्र पुने आर्थिक रूपमा गरिब भए पनि मनको धनी छ । अत्यन्त सहयोगी पुने इमानदार र आज्ञाकारी छ । सधैँ प्रसन्न मुद्रामा रहने पुने भद्र, नम्र र निष्कपट छ । शारीरिक रूपमा कुरूप भए पनि ऊ मानवीय गुणले सम्पन्न छ । आफ्नो अनियमित, अनियन्त्रित र खजमजिएको जीवन विवाह गरी सुखमय र व्यवस्थित बनाउने चाहना उसको छ । टोलका धेरै मानिससँग केटी खोजि दिन आग्रह गरे पनि उसको इच्छा पूरा हुन सकेको छैन । यस्तैमा 'म' पात्रले ख्याल ठट्टामै कुनै एउटा केटालाई केटी जस्तो बनाएर पुनेको गन्धर्व विवाह गरिदिन्छ । पुनेलाई कसैले डेरा खोजि दिने, कसैले ओढ्ने ओछ्याउने र खानपिनको व्यवस्था मिलाइ दिने लोभ देखाउँदै खाने र बस्ने व्यवस्था नहुन्जेलसम्मका लागि भाउजू माइतमै बस्ने बताएर विवाहको नाटक सम्पन्न गर्छन् । पुनेले धेरै समयसम्म श्रीमतीलाई भेट्न पाउँदैन । 'म' पात्रसँग श्रीमती

भेट्टाइ दिन पटकपटक अनुरोध गर्छ । म पात्रले आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले दरबारमा काम गर्न उसकी श्रीमती गएको बताएर पुनेलाई टार्दै जान्छ । यस्तैमा म पात्र पढ्नका लागि अमेरिका जान्छ । पुने टुहुरोजस्तै हुन्छ । विवाह भएको लामो समयसम्म वैवाहिक सुख प्राप्त गर्न नसकेपछि पुने विक्षिप्त हुन्छ र उसको जीवन नै बरबाद हुन्छ ।

समाजमा विभिन्न वर्ग, पेसा र उमेरका मानिस हुन्छन् । नेपाली समाजमा टाठाबाठाले सोझासाझा र गरिब व्यक्तिलाई आफ्नो स्वार्थपूर्तिको माध्यम बनाउने प्रवृत्ति छ । उनीहरूलाई मजाकको विषयवस्तु बनाई मनोरञ्जन लिने प्रवृत्तिको सिकार पुनेजस्ता थुप्रै व्यक्ति नेपाली समाजमा भएका छन् । समाजका हरेक मानिसले अरूको भावनाको सम्मान गर्नुपर्छ । अरूको संवेदनामा चोट पुग्ने क्रियाकलाप कसैले पनि गर्नु हुन्न । आफ्नो भावना र संवेदनामाथि खेलबाड हुँदा आफूलाई मन पर्दैन भने आफू पनि त्यस्ता क्रियाकलापमा सहभागी नहुनु नै बुद्धिमानी हुन्छ । आफ्ना कारणले कसैको जीवन बरबाद हुँदा आफू पनि मानसिक रूपमा पीडित भई पश्चात्तापमा पिल्सिनु पर्ने स्थितिको सिर्जना हुन सक्छ । यसतर्फ सचेत हुन निबन्धमा आग्रह गरिएको छ । अत्यन्त संवेदनशील विषयवस्तुलाई यस निबन्धमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । अभिव्यक्तिलाई चट्ट मुटु छुने गरी प्रस्तुत गर्ने क्रममा निबन्धकारले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले संवेदनशील केही वाक्य निम्न छन् :

- जुनताकको म कुरा गरिरहेछु तिनताक पुने एउटी स्वास्नी ल्याएर घरजम गरी बस्ने धुनमा थियो ।
- विवाहको उसको तीव्रतर इच्छा देखेर एक दिन मलाई एउटा मजाक सुझ्यो ।
- जहाँ जान्थ्यो, जोसँग कुरा गर्थ्यो, मेरा प्रशंसाको पुल बाँध्न थाल्थ्यो ।
- म पैसा कमाउन दरबार पस्न जान्छु, हैसियत बनेपछि आएर घरखेत जोडुँला ।
- त्यो छ भगवतीजस्ती राम्री र अल्लारे उमेरकी, ब्याजको लोभमा कतै मेरो साउँ नडुबोस् बाबु ।
- पुने दाइ ! किन यसरी हरेस खाएको तिमीले ? जसरी हुन्छ कहर काट । दिन जान कतिबेर लाग्छ र ?
- 'हिजो राति सुनें, बाबु आइपुग्नु भयो भनेर । चार खुट्टा टेक्दै घस्रीघस्री आएँ ।' उसले भरिलो कण्ठले सुस्तरी बोल्दै भन्यो र चिसा आँखाले मतिर हेर्‍यो ।

तुलनात्मक रूपमा यस निबन्धमा निबन्धकारले अत्यधिक टुक्काको प्रयोग गरेका छन् । निबन्धमा प्रयुक्त चार दर्जनभन्दा बढी टुक्कालाई संरचनाका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| द्विपदी टुक्का | त्रिपदी टुक्का | बहुपदी/उखानधर्मी टुक्का |
| --- | --- | --- |
| मुटुभित्र पस्नु | आँखा चिम्म पार्नु | ब्याजको लोभमा साउँ डुब्नु |
| पश्चात्तापले पिल्सनु | चोरीचोरी सुन्न आउनु | |
| हात थाप्नु | प्रशंसाको पुल बाँध्नु | |
| तसल्ली दिनु | आँखा अगाडि नाच्नु | |
| रखबारी गर्नु | आँखा अगाडि घुम्नु | |
| घरजम गर्नु | चार खुट्टा टेक्नु | |
| गुहार्न थाल्नु | चिसा आँखाले हेर्नु | |
| दिन जुर्नु | | |
| तार गर्नु | | |
| टिठ लाग्नु | | |
| खेलौनाजस्तो हुनु | | |
| मजाक सुझ्नु | | |
| भ्रान्ति हुनु | | |
| आँखा छल्नु | | |
| परिबन्द मिलाउनु | | |
| अकमक्क पर्नु | | |
| मन बाँध्नु | | |
| घरखेत जोड्नु | | |
| आँखा गाड्नु | | |
| बेच्न सक्नु | | |
| सुर्ता लिनु | | |
| मुख देखाउनु | | |
| जोहो गर्नु | | |
| भ्वाङ टाल्नु | | |
| पर्दाफास गर्नु | | |
| हिम्मत आउनु | | |
| भरङ्ग उड्नु | | |
| निर्वाह गर्नु | | |
| सम्पत्ति जोड्नु | | |
| हरेस खानु | | |

| | | |
|---|---|---|
| कहर काट्नु | | |
| वाक्य काट्नु | | |
| मर्का बुझ्नु | | |
| अचकच्च पर्नु | | |
| वचन दिनु | | |
| सास झुन्डिनु | | |
| धन्दा मान्नु | | |
| भालु पन्छनु | | |
| खुट्टामा घोप्टिनु | | |
| धन्दा लाग्नु | | |

विषयवस्तुका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **आर्थिक तथा कृषि व्यवसाय मूलक** | **पशुपन्छी सम्बन्धी** | **प्राकृतिक विषयक** |
|---|---|---|---|---|
| पश्चात्तापले पिल्सनु | हात थाप्नु | घरखेत जोड्नु | भालु पन्छनु | दिन जुर्नु |
| तसल्ली दिनु | आँखा छल्नु | ब्याजको लोभमा साउँ डुब्नु | | |
| धन्दा लाग्नु | मन बाँध्नु | जोहो गर्नु | | |
| घरजम गर्नु | मुटुभित्र पस्नु | निर्वाह गर्नु | | |
| गुहार्न थाल्नु | आँखा अगाडि नाच्नु | सम्पत्ति जोड्नु | | |
| तार गर्नु | आँखा अगाडि घुम्नु | | | |
| सास झुन्डिनु | चार खुट्टा टेक्नु | | | |
| टिठ लाग्नु | चिसा आँखाले हेर्नु | | | |
| खेलौनाजस्तो हुनु | खुट्टामा घोप्टिनु | | | |
| मजाक सुझ्नु | मुख देखाउनु | | | |
| भ्रान्ति हुनु | आँखा गाड्नु | | | |

| | | | | |
|---|---|---|---|---|
| रखबारी गर्नु | आँखा चिम्म पार्नु | | | |
| परिबन्द मिलाउनु | | | | |
| अकमक्क पर्नु | | | | |
| कहर काट्नु | | | | |
| धन्दा मान्नु | | | | |
| बेच्न सक्नु | | | | |
| सुर्ता लिनु | | | | |
| अचकच्च पर्नु | | | | |
| प्रशंसाको पुल बाँध्नु | | | | |
| चोरीचोरी सुन्न आउनु | | | | |
| वचन दिनु | | | | |
| भ्वाङ टाल्नु | | | | |
| पर्दाफास गर्नु | | | | |
| हिम्मत आउनु | | | | |
| भरङ्ग उड्नु | | | | |
| हरेस खानु | | | | |
| वाक्य काट्नु | | | | |
| मर्का बुझ्नु | | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का ४०, त्रिपदी टुक्का ७, बहुपदी वा उखानधर्मी टुक्का एउटा तथा सामाजिक विषयक टुक्का २९, शारीरिक अङ्ग सम्बन्धी टुक्का १२, आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का ५, पशुपक्षी सम्बन्धी टुक्का एक र प्राकृतिक विषयक टुक्का एउटा गरी जम्मा ४८ वटा टुक्काको सार्थक प्रयोग गरिएको छ ।

## ३.१७ मृत्युपछिको जीवन

मृत्युपछिको जीवन स्वैरकल्पनामा आधारित आख्यानात्मक निबन्ध हो । एमएस्सी उत्तीर्ण गरेको म पात्र अर्थात् राकेश आफन्तको सहमति विपरीत भुताहा घर किनी भूत, प्रेत आदिको अस्तित्व हुँदैन भन्ने कुरा पुष्टि गर्न चाहन्छ । भुताहा घरमा सुतेको राकेशले भुताहा घरको पूर्व

मालिक कृष्ण शरण आफू भएको, परिवार कोही नभएको मौका छोपी बदमास नोकरहरूबाट आफ्नो हत्या भएको, हत्यापछि आफू प्रेतात्मामा परिणत भएर आफ्नै शव यात्रामा सामेल भएको अनौठो सपना देख्छ र आत्तिँदै ब्युँझन्छ। ब्युँझदा उसले आफूलाई कृष्ण शरण नै ठान्दछ। चौकीदारको मद्दतले आफ्नी पत्नी आशा र छोरो अश्वको खोजी गर्दै उनीहरू भएको ठाउँसम्म पुग्छ। आफ्नी वृद्ध श्रीमतीलाई आफूले पुनर्जन्म पाएको बताएर पत्नीसँगका पूर्वजन्मका सम्पूर्ण अनुभूति सुनाउँछ। तीस वर्षअघि हत्या भएको श्रीमान्लाई अनायास अप्रत्यासित रूपमा पुनर्जन्म पाएको देख्दा उसकी श्रीमती अर्थात् आशा अचेत हुन्छिन् र उनको मृत्यु हुन्छ। श्रीमतीको मृत्युपछि अचेत अवस्थामा पुगेको म पात्रले ब्युँझदा आफूलाई अस्पतालको बेडमा पाउँछ। आफ्नी प्रेमिका कुमुदिनी लगायतका आफन्तलाई उसले आफ्नो पुनर्जन्मको कथा सुनाउँछ तर सबैले उसलाई पागल सम्झन्छन्। उसको कुरा एकजनाले पनि विश्वास गर्दैनन्। यसरी भूत, प्रेत, पिशाच, अन्धविश्वास आदिको अस्तित्व समाप्त पार्न उद्यत म पात्र अर्थात् राकेश आफैँ त्यसको सिकार बन्दछ।

यसरी यस निबन्धमा प्रचुर मात्रामा स्वैरकल्पनालाई स्थान दिइएको छ। दुर्घटनामा मृत्यु हुनेहरूको आत्मा भट्किन्छ, त्यसले अरूलाई पनि दुःख दिन्छ भन्ने विश्वास नेपालीमा छ। धामी, झाँक्री, टुनामुना जस्ता अन्धविश्वासले समाजमा जरा गाडेको छ। साथै हिन्दु दर्शनप्रति आस्था राख्ने नेपाली शरीर नाशवान् र आत्मा अमर हुन्छ, त्यसैले शरीर नष्ट भएपछि आत्माले देह फेर्छ र मानिसको पुनर्जन्म हुन्छ भन्ने विश्वास गर्दछन्। यिनै विषयवस्तुलाई पिँडालीले अनौठो ढङ्गले निबन्धमा प्रस्तुत गरेका छन्। आफ्ना स्वैरकल्पनात्मक अभिव्यक्तिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्ने क्रममा उनले थुप्रै टुक्काको प्रयोग गरेका छन्। टुक्का प्रयोगका दृष्टिले कलात्मक केही वाक्य निम्न छन् :

- त्यसपछि सो घर एक फौजी जनरलको कब्जामा गयो।
- जनरल परिवारमाथि त्यो प्रेतात्माले झन् उधुम मच्चाउन थाल्यो।
- तपाईं छट्टाउन त लाग्नुभएन ? म दिन्नँ त्यो घर किन्न।
- मैले उनको अनुहारतिर आँखा गाडेर हेरेँ, कपाल उनको खिचडी भइसकेको थियो।
- दुनियाँले मेरो अनुरोधलाई पनि हाँसोमा उडाइदियो अनि मैले पनि तपाईंको दुनियाँदारीदेखि मुख फर्काएँ।

यस निबन्धमा प्रयोग भएका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| द्विपदी टुक्का | त्रिपदी टुक्का | |
|---|---|---|
| हाँसोमा उडाउनु | गला अवरुद्ध हुनु | |
| आत्मालाई जिस्क्याउनु | रिसले आँखा नदेख्नु | |
| तल ओर्लनु | | |
| आँखा बचाउनु | | |
| कुरा उठ्नु | | |
| आँखा पर्नु | | |
| व्यङ्ग्य कस्नु | | |
| चाल सुन्न | | |
| खिचडी हुनु | | |
| भङ्ग हुनु | | |
| उधुम मच्चाउनु | | |
| हार खानु | | |
| सकसक रोक्नु | | |
| उकुसमुकुस हुनु | | |
| निस्तब्धता छाउनु | | |
| छट्टाउन लाग्नु | | |
| आँखा घुमाउनु | | |
| मुखामुख गर्नु | | |
| छर्लङ्ग पार्नु | | |
| आँसुले भिज्नु | | |
| ओठ काम्नु | | |
| मुख फर्काउनु | | |
| चकमन्न हुनु | | |
| जेल काट्नु | | |
| शान्तिसँग बस्नु | | |
| पक्डाउ खानु | | |

विषयवस्तुका आधारमा यस निबन्धमा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| सामाजिक विषयक | शारीरिक अङ्ग सम्बन्धी | |
|---|---|---|
| उकुसमुकुस हुनु | आत्मालाई जिस्क्याउनु | |
| तल ओर्लनु | आँखा पर्नु | |
| हाँसोमा उडाउनु | मुखामुख गर्नु | |
| कुरा उठ्नु | ओठ काम्नु | |
| व्यङ्ग्य कस्नु | गला अवरुद्ध हुनु | |
| चकमन्न हुनु | आँखा घुमाउनु | |
| चाला सुन्नु | मुख फर्काउनु | |
| जेल काट्नु | रिसले आँखा नदेख्नु | |
| उधुम मच्चाउनु | आँखा बचाउनु | |
| हार खानु | | |
| सकसक रोक्नु | | |
| खिचडी हुनु | | |
| निस्तब्धता छाउनु | | |
| छट्पटाउन लाग्नु | | |
| भङ्ग हुनु | | |
| छर्लङ्ग पार्नु | | |
| आँसुले भिज्नु | | |
| शान्तिसँग बस्नु | | |
| पक्डाउ खानु | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का २६, त्रिपदी टुक्का २ तथा सामाजिक विषयक टुक्का १९ र शारीरिक अङ्ग सम्बन्धी टुक्का ९ गरी जम्मा २८ टुक्का प्रयोग भएका छन् ।

## ३.१८ परदेशी

'परदेशी' मनोवैज्ञानिक विषयवस्तुमा आधारित आख्यानात्मक निबन्ध हो । छोटो समयको सम्पर्कमै प्रभावित भएर पिताजीले घरमा परदेशी भित्र्याउँदा अनिला अर्थात् म पात्रलाई झर्को लागेको थियो । नचिनेको व्यक्तिलाई विनाकारण गर्नु पर्ने खातिरदारी उनलाई मन परेको थिएन । परदेशी कवि थिए । लेखनमै मस्त रहन्थे, अन्य कुरामा उनको कुनै चासो थिएन ।

अनिला उसलाई गाली गर्थी । उसका क्रियाकलापलाई शङ्कास्पद ठान्दथी तर अन्तरहृदयमा उसलाई नजानिँदो तरिकाले सजाएकी थिई । लुकी लुकी उसलाई हेर्थी । उसले बेवास्ता गरेकोमा निराश हुन्थी । उसलाई प्रभाव पार्ने प्रयत्न गर्थी । परदेशीको आगमनले अनिलाका दिन रात छोटा र रोमाञ्चक भएका थिए । जीवन सुन्दर भएको अनुभव उसले गरेकी थिई तर परदेशीलाई यस्ता विषयमा कुनै चासो थिएन । यस्तैमा एक दिन ऊ अचानक बिरामी भयो । बिरामी भएपछि अर्काको घरमा बोझ भएर नबस्ने अठोट साथ परदेशीले घर छोडेर हिँडेपछि निराशा र अन्योलको बादल जीवनमा मडारिएको महसुस अनिला अर्थात् म पात्रले गरी । यसरी नयाँ युवक देख्दा उमेर पुगेकी युवतीमा पर्ने मनोवैज्ञानिक प्रभावलाई निबन्धमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ ।

युवकका तुलनामा युवतीहरू सहजै प्रेमभाव प्रकट गर्दैनन् । मन परेकै युवक भए पनि मन नपरेको जस्तो भाव प्रकट गर्ने स्वभाव युवतीमा हुन्छ । तर, आफूले मनमा सजाएको व्यक्ति प्राप्त नगर्दा युवकका तुलनामा युवती बढी संवेदनशील र भावुक हुन्छन् । यस्तै एक युवतीको मनोवैज्ञानिक अवस्थाको चित्रण निबन्धमा पाइन्छ । रचनामा अभिव्यक्त विचारलाई गम्भीर भावका साथ प्रस्तुत गर्न टुक्काको भरपुर प्रयोग गर्ने पिँडालीले छोटो यस निबन्धमा थोरै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले निबन्धमा भएका सुन्दर केही वाक्य निम्न छन् :

- त्यस दिनसम्म न मेरा दिन लामा थिए न त काटेर नकाटिने रात ।
- मेरो उपस्थितिको भान परेछ क्यार, कबायद खेलेर रिसाउने प्रयास होला अब मोराको ।
- यस्तैमा आँखा जुधे, हाम्रो आँखा चार भयो, तिमीले मतिर हेरी मुसुक्क गरेर नमस्कार गऱ्यौ ।
- तर, म किन रही रही रोमाञ्चित हुन थालेँ । एक्कासि शरीरमा तातो रगत दौडन थाल्यो ।
- म तिमीलाई बिर्सन सक्दिनँ, यो लामो जीवन कसरी काटूँ ?

यस निबन्धमा प्रयोग भएका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा** :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| हिरा हुनु | दिन लामा हुनु | |
| झनक्क हुनु | आँखा रसिला हुनु | |
| आशा दिनु | आँखा चार हुनु | |
| खोट लगाउनु | कुरा अघि बढ्नु | |
| काखमा घोप्टिनु | | |

| | | |
|---|---|---|
| रोमाञ्चित हुनु | | |
| झल्याँस्स हुनु | | |
| रगत दौडनु | | |
| दिन काट्नु | | |
| रात काट्नु | | |
| भान पर्नु | | |
| जीवन काट्नु | | |
| कबायद खेल्नु | | |

**विषयका आधारमा** :

| **सामाजिक विषयक** | **प्राकृतिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** |
|---|---|---|
| हिरा हुनु | दिन काट्नु | आँखा रसिला हुनु |
| झनक्क हुनु | रात काट्नु | आँखा चार हुनु |
| आशा दिनु | दिन लामा हुनु | काखमा घोप्टिनु |
| खोट लगाउनु | | |
| कुरा अघि बढ्नु | | |
| रोमाञ्चित हुनु | | |
| झल्याँस्स हुनु | | |
| रगत दौडनु | | |
| भान पर्नु | | |
| जीवन काट्नु | | |
| कबायद खेल्नु | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का १३, त्रिपदी टुक्का ४ तथा सामाजिक विषयक टुक्का ११, प्राकृतिक विषयक टुक्का ३ र शारीरिक अङ्ग सम्बन्धी टुक्का ३ गरी जम्मा १७ वटा टुक्काको प्रयोग गरिएको छ ।

## ३.१९ पत्नी

यो सामाजिक तथा मनोवैज्ञानिक विषयमा आधारित आख्यानात्मक निबन्ध हो । आर्थिक दुरावस्थाका कारण थुप्रै नेपाली घर परिवार छाडेर विदेशिन बाध्य छन् । आफ्नो घर परिवारलाई हृदयमा सजाएर सुन्दर भविष्यको कल्पना गर्दै विदेशी भूमिमा कष्टसाथ काम गर्न नेपालीहरू विवश भएका छन् । यस्तै सपना बोकेर विदेशिएको एक विवाहित युवक हो, बल बहादुर

कार्की । आफ्नी प्राणभन्दा प्यारी श्रीमतीलाई थाहै नदिई चकित पार्ने उद्देश्यले विभिन्न सपना सजाउँदै ऊ विदेशबाट घर फर्कन्छ । अप्रत्यासित रूपमा आफूलाई भेट्दा श्रीमती कति खुसी होली भन्ने सोच्दै घर पुगेको बल बहादुरको सपना त्यतिवेला चकनाचुर हुन्छ, जतिवेला आफ्नी श्रीमती परपुरुषसँग रमाइरहेको उसले प्रत्यक्ष रूपमा देख्छ । श्रीमान् विदेशमा गएका बखत आफ्नो शारीरिक भोक मेट्न परपुरुषसँग सल्कने र पतिको भावना र विश्वाससँग खेलबाड गर्ने महिलाप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ ।

अस्थिर राजनीति, अशिक्षा, गरिबी र बेरोजगारीका कारण नेपाली युवा श्रम र शक्ति विदेशी भूमिमा खर्च गर्न बाध्य भएका छन् । परिवारसँगको विछोड र अत्यधिक कामको चापले शारीरिक र मानसिक रूपमा कमजोर भई स्वदेश फर्कन नेपाली युवा विवश छन् । युवाहरूको ऊर्जालाई स्वदेशी विकासका लागि प्रयोग गर्न यहाँका राजनीतिज्ञले कुनै चासो देखाएका छैनन् । रोजगारीको सिर्जना गरी युवा शक्तिलाई स्वदेशका लागि प्रयोग गर्न सके देशको उन्नति हुनाका साथै युवाले स्वाभिमान पूर्वक बाँच्न पाउने र विभिन्न शारीरिक तथा मानसिक पीडाबाट मुक्ति पाउने सङ्केत निबन्धमा पाइन्छ ।

आफ्ना मार्मिक अभिव्यक्तिलाई अझ आकर्षक र सुन्दर बनाउन निबन्धकारले यस निबन्धमा केही टुक्काको सहारा लिएका छन् । अभिव्यक्तिलाई लाक्षणिक बनाउन थुप्रै टुक्काको सान्दर्भिक प्रयोग गर्ने निबन्धकारले यस निबन्धमा थोरै टुक्काको मात्र प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् :

- घाँसीले भ्याउरेको तालमा डाँडाहरू घन्काउन थाले ।
- अचानक मलाई देख्दा वीणा त टोलाउनेछिन्, खुब तमासा हुनेछ ।
- बेढङ्गको लम्बे सलामले उनको मगज तात्यो ।
- एक घन्टा प्रवासीको निमित्त युगझैं लामो प्रतीत हुन आउँछ ।
- बल बहादुर मूर्ति बनी सबै हेरिरहेका थिए ।

संरचनाका आधारमा निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| तपस्या गर्नु | | |
| वर्ष काट्नु | | |
| आँखा घुमाउनु | | |
| डाँडा घन्काउनु | | |
| तमासा हुनु | | |
| मगज तात्नु | | |
| टोल हल्लिनु | | |

| | | |
|---|---|---|
| मूर्ति बन्नु | | |
| ठक्कर खानु | | |
| खिसी गर्नु | | |
| अन्धकारलाई चिर्नु | | |

विषयका आधारमा निबन्धमा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक** | **पुराण इतिहास विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **प्राकृतिक विषयक** |
|---|---|---|---|
| वर्ष काट्नु | तपस्या गर्नु | आँखा घुमाउनु | डाँडा घन्काउनु |
| तमासा हुनु | | मगज तात्नु | |
| टोल हल्लिनु | | | |
| मूर्ति बन्नु | | | |
| ठक्कर खानु | | | |
| खिसी गर्नु | | | |
| अन्धकारलाई चिर्नु | | | |

यसरी यस निबन्धमा संरचनाका आधारमा ११ वटा द्विपदी टुक्का मात्र प्रयोग भएका छन् । विषयवस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का ७ वटा, पुराण इतिहास विषयक टुक्का एउटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का २ वटा र प्राकृतिक विषयक टुक्का एउटा गरी जम्मा १२ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.२० दौरा–सुरुवाल

'दौरा सुरुवाल' सामाजिक विषयवस्तुमा आधारित आख्यानात्मक निबन्ध हो । राम्रो दौरा सुरुवाल लगाउने सामान्य इच्छालाई पूरा गर्न महिनौं कुर्न बाध्य सामान्य कर्मचारीको आर्थिक दुरावस्थालाई यसमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । एकसरो राम्रो लगाउने र एक छाक मिठो खाने सामान्य इच्छालाई पनि दबाएर बाँच्न बाध्य सामान्य जागिरेको पीडालाई निबन्धको विषयवस्तु बनाइएको छ । दिनरात परिश्रम गर्दा पनि इज्जतका साथ जिउन नसक्ने स्थितिको सामना गर्न सामान्य कर्मचारी बाध्य भएको यथार्थलाई निबन्धमा चोटिलो ढङ्गले प्रस्तुत गरिएको छ । इमानदार कर्मचारी आधा पेट खाएर जीवन निर्वाह गर्न बाध्य छन् । उनीहरूको श्रम शोषण भएको छ । सान र रबाफका साथ शिर ठाडो पारेर बाँच्न सक्ने अवस्था उनीहरूको छैन । इमानदार, परिश्रमी र स्वाभिमानी भए पनि आर्थिक दुरावस्थाकै कारण समाजमा उनीहरूको इज्जत छैन ।

स्वाभिमान, इज्जत, प्रतिष्ठा, ज्ञान, मान आदिभन्दा धनलाई महत्त्व दिई जसरी भए पनि धन कमाउनु पर्छ भन्ने मान्यता समाजमा बढ्दै गएको छ । इमानदार कर्मचारीभन्दा भ्रष्टाचार गरेर भए पनि धन कमाउने कर्मचारीको कदर हुने परिपाटीको विकास नेपाली समाजमा बढेर गएको छ । धनको स्रोतको खोजी नगर्ने धन हुनासाथ इज्जत भइ रहने क्रम रोकिएन भने यसले भ्रष्टाचारलाई बढाउने र आर्थिक उन्नति हुन नसक्ने सङ्केत निबन्धमा पाइन्छ । यिनै मार्मिक विषयवस्तुलाई निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा अभिव्यक्त विचारलाई मार्मिक र व्यङ्ग्यात्मक बनाउन लेखकले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्य निम्न छन् :

- नजाने कुन अशुभ घडीमा दुनियाँमा उत्रन आएछु ।
- जाडोले कन्पारो सेकेपछि होस आयो ।
- जस्तोसुकै दुःख, क्लेश आइ लागोस् म हरेस खान्नँ ।
- पहिलेको भन्दा अलि तल गयो अनि फेरि डेग चलेन, मेरो ब्रह्माण्ड रन्क्यो ।
- भ्याउरेले तैपनि आफ्नो कुरा माथि नै पाऱ्यो ।

यस अतिरिक्त निबन्धकारले डेढ दर्जन टुक्काको प्रयोग गरेका छन् । निबन्धमा प्रयोग भएका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधर्मी टुक्का** |
|---|---|---|
| डेग चल्नु | पेट खोक्रो हुनु | |
| इच्छा दबाउनु | कुरा माथि पार्नु | |
| रहर पाल्नु | रिस उम्लँदै आउनु | |
| रमितामा रल्लिनु | | |
| कन्पारो सेक्नु | | |
| परिहास गर्नु | | |
| जेब टक्टक्याउनु | | |
| घर भित्र्याउनु | | |
| मुटु काम्नु | | |
| ईर्ष्या उठ्नु | | |
| कसर झार्नु | | |
| हरेस खानु | | |
| नाक भाँच्नु | | |
| ब्रह्माण्ड रन्कनु | | |

**विषयका आधारमा :**

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **आर्थिक विषयक** | **प्राकृतिक विषयक** |
|---|---|---|---|
| रिस उम्लँदै आउनु | कन्पारो सेक्नु | जेब टक्टक्याउनु | ब्रह्माण्ड रन्कनु |
| इच्छा दबाउनु | मुटु काम्नु | | |
| रहर पाल्नु | नाक भाँच्नु | | |
| रमितामा रल्लिनु | डेग चल्नु | | |
| परिहास गर्नु | पेट खोक्रो हुनु | | |
| घर भित्र्याउनु | | | |
| ईर्ष्या उठ्नु | | | |
| कसर भार्नु | | | |
| हरेस खानु | | | |
| कुरा माथि पार्नु | | | |

यसरी यस निबन्धमा द्विपदी टुक्का १४, त्रिपदी टुक्का ३ तथा सामाजिक विषयक टुक्का १०, शारीरिक अङ्ग सम्बन्धी टुक्का ५, आर्थिक विषयक टुक्का १ र प्राकृतिक विषयक टुक्का १ गरी जम्मा १८ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.२१ नलेखेको कथा

यो सामाजिक विषयवस्तुमा आधारित आख्यानात्मक निबन्ध हो । नेपाली साहित्यकारले भोग्नु परेको पीडालाई निबन्धमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । भोका, नाङ्गा र रोगी परिवारलाई गाँस, बास, कपास र औषधोपचारको व्यवस्था मिलाउन लेखकलाई कठिन भइ रहेको वास्तविकतालाई निबन्धमा प्रस्तुत गरिएको छ । पारिवारिक समस्यामा रुमल्लिन बाध्य भएकाले नेपाली लेखकको कल्पना र सिर्जनशीलता त्यसै खेर गइरहेको छ । अतृप्तिलाई सपनामा मात्र पूरा गर्नुपर्ने अवस्थाको चित्रण गर्दै आफू र आफ्नो सन्तानले भोगेको दुःख आफ्ना कथाका पात्रले नभोगून् भन्ने कल्पनामा रमाउन लेखकहरू बाध्य भएको यथार्थलाई प्रस्तुत गरिएको छ । आफ्ना कथाका पात्रलाई आफूले चाहेजस्तो जीवन प्रदान गर्न सक्ने लेखकले स्वयम्को जीवन भने चाहे जसरी अघि बढाउन सकेका छैनन् ।

लेखकको सिर्जनालाई प्रयोग गरी प्रकाशकहरू रातारात सम्पन्न हुने तर लेखकको स्थिति सधैं दयनीय हुने वास्तविकतालाई निबन्धमा प्रस्तुत गरिएको छ । पात्रलाई साहित्यिक बनाएर कथाको इज्जत नघटाउने लेखकको अभिव्यक्तिका माध्यमबाट साहित्यकारको कदर राज्यले नगरेको प्रति निबन्धमा आक्रोश मिश्रित व्यङ्ग्य छ ।

साहित्यकार समाजका पथ प्रदर्शक हुन् । समाजको यथार्थलाई प्रस्तुत गरी सामाजिक परिवर्तनका लागि साहित्यकारले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । तर, नेपाली समाजमा राम्रो काम गर्नेले जीवनभर दुःख पाउने र मरेपछि मात्र सम्मान पाउने प्रचलन बढेर गएको छ । व्यक्तिगत समस्यामा अल्झनु परेका कारण आफ्नो क्षमतालाई प्रस्तुत गर्ने अवसर नपाएका थुप्रै प्रतिभा नेपाली समाजमा छन् । राष्ट्रिय सम्पत्तिका रूपमा रहेका त्यस्ता प्रतिभाको उचित कदर र सम्मान गर्नु राज्यको दायित्व हो भन्ने सन्देश निबन्धमा पाइन्छ। सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा अभिव्यक्त विचारलाई मार्मिक बनाउन लेखकले थुप्रै टुक्काको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट केही वाक्य निम्न छन् :

- यहाँ दालभातका भुँमरीमा परेर डुबियो-डुबियो भइ रहेको कसलाई थाहा ? स्पष्ट भनि दिन्छु मेरो लेखन शक्तिमा खिया लागि सकेको छ ।
- यसरी झारा तिरी पठाएको खस्याङखुसुङ कथाले पनि पारिश्रमिक पाउला र ?
- हामीजस्ता छाकै नजुट्नेलाई रोगले पक्रन्छ भने यसमा कुनै पनि उपाय लाग्न सक्दैन ।
- पापा र चिचीको भुमरीमा परेको तिनीहरूको बाबा स्वयम् एउटा खेलौना बनिसकेको छ ।
- आमाले भनिन्, 'मेरो चिन्ता तँ नगरेस्, म त अस्ताउन लागेको घाम हुँ,' मेरो मन केही हलुका भएर आयो ।
- चुलोतिर हेरेँ, 'ठीक मेरो मन उडेझैँ धुवाँ उडिरहेको थियो ।'

यस निबन्धमा प्रयुक्त टुक्कलाई संरचना र विषयका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**संरचनाका आधारमा :**

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी/उखानधमी टुका** |
|---|---|---|
| भुँमरीमा पर्नु | जीवन प्रदीप निभ्नु | छेउ पुच्छर समात्न नसक्नु |
| खिया लाग्नु | मन हलुका हुनु | अस्ताउन लागेको घाम हुनु |
| माया मार्नु | टुप्पीका रौँ गन्नु | |
| झारा तिर्नु | | |
| गर्ज टार्नु | | |
| घर हुल्नु | | |
| मुख बाउनु | | |
| मन खिच्नु | | |
| कान थाप्नु | | |
| छाक जुट्नु | | |
| मन उड्नु | | |

| | | |
|---|---|---|
| रिस खानु | | |
| भक्कानो फुट्नु | | |
| खेलौना बन्नु | | |

**विषयका आधारमा :**

| **सामाजिक विषयक** | **शारीरिक अङ्ग सम्बन्धी** | **आर्थिक तथा कृषि व्यवसाय मूलक** | **प्राकृतिक विषयक** |
|---|---|---|---|
| भुमरीमा पर्नु | मुख बाउनु | भ्कारा तिर्नु | अस्ताउन लागेको घाम हुनु |
| खिया लाग्नु | मन खिच्नु | गर्ज टार्नु | |
| माया मार्नु | कान थाप्नु | छाक जुट्नु | |
| घर हुल्नु | मन उड्नु | | |
| छेउ पुच्छर समात्न नसक्नु | मन हलुका हुनु | | |
| जीवन प्रदीप निभ्नु | टुप्पीको रौँ गन्नु | | |
| भक्कानु फुट्नु | | | |
| खेलौना बन्नु | | | |
| रिस खानु | | | |

यसरी यस निबन्धमा संरचनाका आधारमा द्विपदी टुक्का १४ वटा, त्रिपदी टुक्का ३ वटा, बहुपदी वा उखानधर्मी टुक्का २ वटा र विषयवस्तुका आधारमा सामाजिक विषयक टुक्का ९ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ६ वटा, आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का ३ वटा र प्राकृतिक विषयक टुक्का एउटा गरी जम्मा १९ वटा टुक्का प्रयोग गरिएका छन् ।

## ३.२२ सारांश :

यस व्यङ्ग्य सङ्ग्रहमा १४ वटा व्यङ्ग्यात्मक निबन्ध र ६ वटा आख्यानात्मक निबन्ध गरी जम्मा २० वटा रचना समावेश छन् । यी रचनामा नेपाली समाज र राजनीतिमा व्याप्त कुप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । विकास निर्माणको आधारस्तम्भ राजनीति भएकाले यो विकृत हुँदा समाज र समग्रमा राष्ट्र नै पछि पर्ने सङ्केत अधिकांश रचनामा व्यक्त भएको छ । गरिबी, अशिक्षा समाजमा बढ्दै गएको छ । भ्रष्टाचारले समाजमा जरा गाडेको छ । प्रतिभा र इमानदारिताको कदर गरिन्न । सोभ्कासाभ्का र इमानदार व्यक्तिको भावनामाथि खेलवाड गरिन्छ । यिनै विषयवस्तु यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित रचनामा समावेश छन् ।

आफ्नो अभिव्यक्तिलाई लाक्षणिक, व्यङ्ग्यात्मक र आकर्षक बनाउन निबन्धकारले थुप्रा टुक्काको सहारा लिएका छन् । निबन्ध सङ्ग्रहमा प्रयुक्त टुक्कालाई संरचना र विषयवस्तुका आधारमा यस अध्यायमा वर्गीकरण गरिएको छ । संरचनाका आधारमा द्विपदी टुक्का ३४५, त्रिपदी टुक्का ६७ र बहुपदी टुक्का १८ तथा विषयवस्तुका आधारमा सामाजिक विषयका टुक्का २७४, शारीरिक अङ्ग सम्बन्धी टुक्का ९९, प्राकृतिक विषयक टुक्का १९, आर्थिक तथा कृषि व्यवसाय मूलक टुक्का २१, लोक विश्वास तथा संस्कृतिमा आधारित टुक्का ७, पशुपक्षीसँग सम्बन्धित टुक्का ३ र इतिहास पुराणसँग सम्बन्धित टुक्का ७ गरी जम्मा ४३० टुक्का यसभित्र सङ्ग्रहमा प्रयुक्त भएका छन् । टुक्का प्रयोगका दृष्टिले यो निबन्ध सङ्ग्रह समृद्ध छ ।

# अध्याय चार

## ४ खै-खै निबन्ध सङ्ग्रहभित्रका टुक्काको वर्णानुक्रमानुसार सूची

खै-खै निबन्ध सङ्ग्रहभित्र प्रयुक्त टुक्कालाई वर्णानुक्रम अनुसार राखी तिनको अर्थ र साङ्केतिक रूपमा वर्गीकरण समेत निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उखान | अर्थ | वर्गीकरण संरचना/विषयवस्तु |
|---|---|---|---|
| ०१ | अकमक्क पर्नु | अन्योलमा पर्नु | द्विपदी/सामाजिक |
| ०२ | अचकच्चन पर्नु | खुम्चिएर बस्नु | द्विपदी/सामाजिक |
| ०३ | अनर्थ हुनु | हुने नहुने कुरा हुनु | द्विपदी/सामाजिक |
| ०४ | अन्तिम सास फेर्नु | मर्नु | त्रिपदी/सामाजिक |
| ०५ | अन्धकारमा डुब्नु | अज्ञानी हुनु | द्विपदी/सामाजिक |
| ०६ | अन्धकारलाई चिर्नु | अज्ञान हटाउनु | द्विपदी/सामाजिक |
| ०७ | अर्धचन्द्राकार दिनु | घोक्र्याएर निकाल्नु/अपमान गर्नु | द्विपदी/प्राकृतिक |
| ०८ | अपमान पिउनु | अपमानलाई सहनु | द्विपदी/सामाजिक |
| ०९ | अपमानले तिलमिलाउनु | अपमान सहन नसक्नु | द्विपदी/सामाजिक |
| १० | अमीट छाप पर्नु | गहिरो प्रभाव पर्नु | त्रिपदी/सामाजिक |
| ११ | अस्ताउन लागेको घाम हुनु | उमेर सकिन लाग्नु/बूढो हुनु | बहुपदी/प्राकृतिक |
| १२ | आँखा अगाडि घुम्नु | सम्झना आउनु | त्रिपदी/शारीरिक अङ्ग |
| १३ | आँखा उघार्नु | होस आउनु | द्विपदी/शारीरिक अङ्ग |
| १४ | आँखा उठाउनु | हेर्नु | द्विपदी/शारीरिक अङ्ग |
| १५ | आँखा गाड्नु | लोभ गर्नुज्ञ | द्विपदी/शारीरिक अङ्ग |
| १६ | आँखा घुमाउनु | आँखा जुध्नु | द्विपदी/शारीरिक अङ्ग |
| १७ | आँखा चार हुनु | आँखा जुध्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १८ | आँखा चिम्म पार्नु | आँखा चिम्लनु | त्रिपदी/शारीरिक अङ्ग |
| १९ | आँखा छल्नु | झुक्याउनु | द्विपदी/शारीरिक अङ्ग |
| २० | आँखा तर्नु | रिसाएर हेर्नु | द्विपदी/शारीरिक अङ्ग |

| | | | |
|---|---|---|---|
| २१ | आँखा तिनकनु | उत्सुक भएर हेर्नु/खुसुक्क हेर्नु | द्विपदी/शारीरिक अङ्ग |
| २२ | आँखा तान्नु | नियालेर हेर्नु | द्विपदी/शारीरिक अङ्ग |
| २३ | आँखा पर्नु | देख्नु | द्विपदी/शारीरिक अङ्ग |
| २४ | आँखा बचाउनु | जोगिनु | द्विपदी/शारीरिक अङ्ग |
| २५ | आँखा रसिलो हुनु | पीडा हुनु/रुनु | त्रिपदी/शारीरिक अङ्ग |
| २६ | आँसुले भिज्नु | धेरै दुःख पर्नु/दुःखले आँसु नरोकिनु | द्विपदी/शारीरिक अङ्ग |
| २७ | आगो हुनु | अत्यन्त रिसाउनु | द्विपदी/प्राकृतिक |
| २८ | आठ अठिङ्गर खुकुलो हुनु | कमजोर हुनु | बहुपदी/शारीरिक अङ्ग |
| २९ | आड भरोसा लिनु | सहयोग लिनु | त्रिपदी/सामाजिक |
| ३० | आतुर हुनु | हतारिनु | द्विपदी/सामाजिक |
| ३१ | आत्माले लेफ्टराइट गर्नु | दोधारमा पर्नु | त्रिपदी/शारीरिक अङ्ग |
| ३२ | आत्मालाई जिस्क्याउनु | स्वाभिमानमा प्रहार गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३३ | आफूमा लीन गराउनु | आफैमा रमाउनु | त्रिपदी/सामाजिक |
| ३४ | आम्दानीको स्रोत सुक्नु | आर्थिक अवस्था कमजोर हुनु | त्रिपदी/आर्थिक तथा कृषि |
| ३५ | आशा दिनु | भरोसा गर्नु | द्विपदी/सामाजिक |
| ३६ | आशा बाँध्नु | भरोसामा बाँधिनु | द्विपदी/सामाजिक |
| ३७ | इच्छा दबाउनु | चाहनालाई लुकाउनु | द्विपदी/सामाजिक |
| ३८ | इतिहासमा ठाउँ पाउनु | अमर हुनु/इतिहासमा नाम लेखाउनु | त्रिपदी/पुराण इतिहास |
| ३९ | इलम पक्डनु | काम पाउनु | द्विपदी/कृषि व्यवसाय |
| ४० | इसारा गर्नु | सङ्केत गर्नु | द्विपदी/सामाजिक |
| ४१ | ईर्ष्या उठ्नु | डाहा गर्नु | द्विपदी/सामाजिक |
| ४२ | उकुसमुकुस हुनु | अत्यन्त असजिलो महसुस गर्नु | द्विपदी/सामाजिक |
| ४३ | उग्राउन थाल्नु | आलस्य मानेर बस्नु | द्विपदी/सामाजिक |
| ४४ | उर्दी सुनाउनु | सन्देश दिनु | द्विपदी/सामाजिक |
| ४५ | उदेक लाग्नु | दिक्क लाग्नु | द्विपदी/सामाजिक |
| ४६ | उधुम मच्चाउनु | उपद्रो गर्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ४७ | उपेक्षा गर्नु | बेवास्ता गर्नु/घृणा गर्नु | द्विपदी/सामाजिक |
| ४८ | उल्टो गङ्गा बहनु | असम्भव कुरा हुनु | त्रिपदी/प्राकृतिक |
| ४९ | उत्रन नसक्नु | असफल हुनु | द्विपदी/सामाजिक |
| ५० | ओठ काँप्नु | पीडाले बोल्न नसक्नु | द्विपदी/शारीरिक अङ्ग |
| ५१ | औंला तेर्स्याउनु | चेतावनी दिनु | द्विपदी/शारीरिक अङ्ग |
| ५२ | कठपुतली बन्नु | अरूको इसारामा चल्नु | द्विपदी/सामाजिक |
| ५३ | कदम चाल्नु | अघि बढ्नु | द्विपदी/शारीरिक अङ्ग |
| ५४ | कन्पारो सेक्नु | पीडा दिनु | द्विपदी/शारीरिक अङ्ग |
| ५५ | कपाल टन्किनु | तनाब दिनु | द्विपदी/सामाजिक |
| ५६ | कबायद खेल्नु | परेड खेल्नु | द्विपदी/सामाजिक |
| ५७ | कमजोरी समात्नु | गल्ती थाहा पाउनु | द्विपदी/सामाजिक |
| ५८ | कर्म फुट्नु | भाग्य फुट्नु/दुःख पाउनु | द्विपदी/लोक विश्वास |
| ५९ | कमाउने बाटो नहुनु | आम्दानीको स्रोत नहुनु/बेरोजगार हुनु | द्विपदी/आर्थिक तथा कृषि व्यवसाय |
| ६० | कर लाग्नु | बाध्य हुनु | द्विपदी/सामाजिक |
| ६१ | कसर झार्नु | विकार हटाउनु | द्विपदी/सामाजिक |
| ६२ | कहर काट्नु | दुःखबाट पार पाउनु/दुःख काट्नु | द्विपदी/सामाजिक |
| ६३ | काँचै चपाउनु | हतार गर्नु | द्विपदी/सामाजिक |
| ६४ | काखमा खेलाउनु | माया गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ६५ | कानमा जोर्नु | भन्नु | द्विपदी/शारीरिक अङ्ग |
| ६६ | कान ठाडा लगाउनु | उत्सुक हुनु | त्रिपदी/शारीरिक अङ्ग |
| ६७ | कान थाप्नु | सुन्न खोज्नु | द्विपदी/शारीरिक अङ्ग |
| ६८ | कानमा पर्नु | सुन्नु | द्विपदी/शारीरिक अङ्ग |
| ६९ | कानमा बतास लाउनु | सुनाउनु | त्रिपदी/शारीरिक अङ्ग |
| ७० | कानेखुसी गर्नु | बिस्तारै भन्नु/बिस्तारै कुराकानी गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ७१ | कायल हुनु | चेत्नु | द्विपदी/सामाजिक |
| ७२ | किंकर्तव्यविमूढ हुनु | अन्योलमा पर्नु | द्विपदी/सामाजिक |
| ७३ | किलो गाड्नु | जमेर बस्नु | द्विपदी/कृषि व्यवसाय |
| ७४ | कुतकुती लाग्नु | असजिलो महसुस | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| | | हुनु/लाज लाग्नु | |
| ७५ | कुरा अघि बढ्नु | कुरा चल्नु | त्रिपदी/सामाजिक |
| ७६ | कुरा उठ्नु | कुरा सुरु हुनु/प्रसङ्ग चल्नु | द्विपदी/सामाजिक |
| ७७ | कुरा काट्नु | आलोचना गर्नु | द्विपदी/सामाजिक |
| ७८ | कुरा चल्नु | कुरा अघि बढ्नु | द्विपदी/सामाजिक |
| ७९ | कुरा माथि पार्नु | आफ्नो भनाइलाई बढी जोड दिनु | त्रिपदी/सामाजिक |
| ८० | कुलेलम ठोक्नु | भाग्नु | द्विपदी/सामाजिक |
| ८१ | कुर्सीका लागि दौड्नु | पदका लागि अघि बढ्नु | त्रिपदी/सामाजिक |
| ८२ | क्वारक्वार्ती हेर्नु | एक सुरले हेर्नु | द्विपदी/सामाजिक |
| ८३ | कैँची चलाउनु | षड्यन्त्र गर्नु | द्विपदी/सामाजिक |
| ८४ | खलबली मच्चिनु | होहल्ला हुनु | द्विपदी/सामाजिक |
| ८५ | खली खानु | भुक्तभोगी हुनु | द्विपदी/सामाजिक |
| ८६ | खिचडी हुनु | धेरै कुरा मिसिनु | द्विपदी/सामाजिक |
| ८७ | खिया लाग्नु | कमजोर हुनु | द्विपदी/सामाजिक |
| ८८ | खिसी गर्नु | होच्याउनु | द्विपदी/सामाजिक |
| ८९ | खुट्टा तान्नु | अरूलाई अघि बढ्न नदिनु | द्विपदी/शारीरिक अङ्ग |
| ९० | खुट्टा बजार्नु | रिस देखाउनु | द्विपदी/शारीरिक अङ्ग |
| ९१ | खुट्टामा घोप्टिनु | माफी माग्नु/पश्चात्ताप गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ९२ | खुसी उर्लनु | धेरै खुसी हुनु | द्विपदी/सामाजिक |
| ९३ | खेलौना जस्तो हुनु | अरूको इसारामा चल्नु | द्विपदी/सामाजिक |
| ९४ | खेलौना बन्नु | मनोरञ्जनको साधन बन्नु | द्विपदी/सामाजिक |
| ९५ | खोट लगाउनु | दोष लगाउनु/आरोप लगाउनु | द्विपदी/सामाजिक |
| ९६ | ख्याउटे वनस्पति नेता जस्तो हुनु | समयअनुसार परिवर्तन हुने नेता | बहुपदी/सामाजिक |
| ९७ | गजधम्म हुनु | धुमधुमती बस्नु | द्विपदी/सामाजिक |
| ९८ | गडेर हेर्नु | ध्यान दिएर हेर्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ९९ | गम खानु | चिन्तित हुनु | द्विपदी/सामाजिक |
| १०० | गरल पान गर्नु | विष खानु | त्रिपदी/सामाजिक |
| १०१ | गर्ज टार्नु | गुजारा चलाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| १०२ | गला अवरुद्ध हुनु | रुनु/पीडाले बोल्न नसक्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १०३ | गहतको झोलमा जात फाल्नु | तल्लो स्तरको वस्तुमा इज्जत फाल्नु | बहुपदी/सामाजिक |
| १०४ | गाँस जुटाउनु | खाने कुराको जोहो गर्नु | द्विपदी/आर्थिक तथा कृषि |
| १०५ | गाथगादी ताक्नु | राज्यको विरुद्धमा लाग्नु | द्विपदी/पुराण इतिहास |
| १०६ | गुम पार्नु | गयब बनाउनु | द्विपदी/सामाजिक |
| १०७ | गुहार्न थाल्नु | बोलाउनु | द्विपदी/सामाजिक |
| १०८ | घरको न घाटको हुनु | अलपत्र पर्नु | बहुपदी/सामाजिक |
| १०९ | घरखेत गर्नु | घरबारी किन्नु | द्विपदी/सामाजिक |
| ११० | घरखेत जोड्नु | घरको हेरविचार गर्नु | द्विपदी/आर्थिक तथा कृषि |
| १११ | घरजम गर्नु | विवाह गर्नु | द्विपदी/सामाजिक |
| ११२ | घर भित्र्याउनु | कसैलाई स्वीकार गर्नु | द्विपदी/सामाजिक |
| ११३ | घरलाई नमस्कार गर्नु | घर छाड्नु | त्रिपदी/सामाजिक |
| ११४ | घर हुल्नु | घरमा लिएर जानु/घर भित्र्याउनु | द्विपदी/सामाजिक |
| ११५ | घाउ पुरिनु | दुःख बिर्सनु | द्विपदी/सामाजिक |
| ११६ | घाँटी भाँच्नु | उठ्न नदिनु | द्विपदी/शारीरिक अङ्ग |
| ११७ | घाँटी सुकाउनु | धेरै कराउनु/धेरै परिश्रम गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ११८ | घिच्रो तान्नु | हेर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ११९ | घेरा हाल्नु | छेक्नु | द्विपदी/सामाजिक |
| १२० | चकमन्न हुनु | अँध्यारोमा सुनसान हुनु | द्विपदी/सामाजिक |
| १२१ | चार खुट्टा टेक्नु | कठिनसँग अघि बढ्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १२२ | चाल चल्नु | षड्यन्त्र गर्नु | द्विपदी/सामाजिक |
| १२३ | चाल सुन्नु | सुइँको पाउनु | द्विपदी/सामाजिक |
| १२४ | चाल्नु बन्नु | काम नलाग्ने हुनु | द्विपदी/सामाजिक |
| १२५ | चित्त बुझाउनु | आफूले आफैंलाई सम्झाउनु | द्विपदी/शारीरिक अङ्ग |

| | | | |
|---|---|---|---|
| १२६ | चिसा आँखाले हेर्नु | निराश भएर हेर्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १२७ | चिसो पर्नु | शङ्का लाग्नु | द्विपदी/सामाजिक |
| १२८ | चेतबाबा काशी हुनु | चेत्नु | त्रिपदी/सामाजिक |
| १२९ | चैते बाँदरजस्तो हुनु | चकचके हुनु | त्रिपदी/पशुपक्षी |
| १३० | चोरी चोरी सुन्न आउनु | जासुसी गर्नु | बहुपदी/सामाजिक |
| १३१ | चौटा खान जाँदा झोलमा डुब्नु | फाइदाको आश गर्दा झन बेफाइदा हुनु | बहुपदी/सामाजिक |
| १३२ | छटाउन लाग्नु | बहुलाउनु/होस हराउन लाग्नु | द्विपदी/सामाजिक |
| १३३ | छर्लङ्ग पार्नु | स्पष्ट पार्नु | द्विपदी/सामाजिक |
| १३४ | छर्लङ्ग हुनु | | द्विपदी/सामाजिक |
| १३५ | छाक जुटाउनु | गर्ज टर्नु/खान पाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| १३६ | छाक टार्नु | खानु | द्विपदी/आर्थिक तथा कृषि |
| १३७ | छातीमा हुर्काउनु | माया गरी हुर्काउनु | द्विपदी/शारीरिक अङ्ग |
| १३८ | छापा मार्नु | खोज्नु | द्विपदी/सामाजिक |
| १३९ | छिछि थुथु गर्नु | अपमान गर्नु | त्रिपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १४० | छिनमा तोला छिनमा मासा हुनु | घटबढ भइरहनु | बहुपदी/आर्थिक तथा कृषि |
| १४१ | छेउ पुच्छर समात्न नसक्नु | भेउ नपाउनु/ठम्याउन नसक्नु | बहुपदी/सामाजिक |
| १४२ | छेकथुन गर्नु | छेक्नु | द्विपदी/सामाजिक |
| १४३ | जनता चुस्नु | जनतालाई अन्याय, अत्याचार गर्नु | द्विपदी/पुराण इतिहास |
| १४४ | जन्जिरमा जकडिनु | बन्धनमा पर्नु | द्विपदी/पुराण इतिहास |
| १४५ | जल चढाउनु | पिसाब गर्नु भन्ने अर्थमा आएको | द्विपदी/सामाजिक |
| १४६ | जवानी फुट्नु | जवानी चढ्नु/जवान हुनु | द्विपदी/सामाजिक |
| १४७ | जाइ लाग्नु | आक्रमण गर्नु | द्विपदी/सामाजिक |
| १४८ | जात जानु | बेइज्जत हुनु | द्विपदी/लोक विश्वास |
| १४९ | जात्रा देखाइदिनु | बेइज्जत गर्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १५० | जिल्ल पर्नु | हिस्स पर्नु | द्विपदी/सामाजिक |
| १५१ | जिब्रो च्यापुमा टाँसिनु | मुख सुक्नु/शिथिल हुनु | त्रिपदी/शारीरिक अङ्ग |
| १५२ | जीवन काट्नु | जीवन बिताउनु | द्विपदी/सामाजिक |
| १५३ | जीवन प्रदीप निभ्नु | मर्नु | त्रिपदी/सामाजिक |
| १५४ | जुनकिरी झैँ बन्नु | महत्त्वहीन हुनु | द्विपदी/पशुपक्षी |
| १५५ | जेब टक्टक्याउनु | सम्पूर्ण पैसा झिक्नु/सिध्याउनु | द्विपदी/आर्थिक तथा कृषि |
| १५६ | जेल काट्नु | जेलजीवन जिउनु | द्विपदी/सामाजिक |
| १५७ | जेलमा कुहिनु | जेलमै जीवन सिद्धिनु | द्विपदी/सामाजिक |
| १५८ | जोड गर्नु | कर गर्नु | द्विपदी/सामाजिक |
| १५९ | जोड दिनु | बल गर्नु | द्विपदी/सामाजिक |
| १६० | जोहो गर्नु | जोगाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| १६१ | झनक्क हुनु | रिसाउनु | द्विपदी/सामाजिक |
| १६२ | झरिलो हुनु | हृष्टपुष्ट हुनु | द्विपदी/सामाजिक |
| १६३ | झारा तिर्नु | देखावटी रूपमा काम गर्नु | द्विपदी/सामाजिक |
| १६४ | झ्याँको झार्नु | गाली गर्नु | द्विपदी/सामाजिक |
| १६५ | झिकिदे गाँड भन्दा थपिदे गाँड हुनु | राम्रो होला भन्दा झन नराम्रो हुनु | बहुपदी शारीरिक अङ्ग |
| १६६ | झोक चल्नु | रिस उठ्नु | द्विपदी/सामाजिक |
| १६७ | टसको मस नहुनु | हलचल नगर्नु | त्रिपदी/सामाजिक |
| १६८ | टाउको उठाउनु | सक्रिय हुनु | द्विपदी/शारीरिक अङ्ग |
| १६९ | टाउकोमा पुग्नु | मात्तिनु/माथि पुग्नु | द्विपदी/शारीरिक अङ्ग |
| १७० | टाउको समाउनु | पश्चात्ताप गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| १७१ | टिठ लाग्नु | दया लाग्नु | द्विपदी/सामाजिक |
| १७२ | टुप्पामा चढ्नु | मात्तिनु | द्विपदी/सामाजिक |
| १७३ | टुप्पीको रौं गन्नु | बदला लिनु | त्रिपदी/सामाजिक |
| १७४ | टोल हल्लिनु | बेइज्जत हुनु/प्रचारप्रसार हुनु | द्विपदी/सामाजिक |
| १७५ | ठक्कर खानु | दुःख पाउनु | द्विपदी/सामाजिक |
| १७६ | ठन्डाराम पर्नु | केही नहुनु | द्विपदी/आर्थिक तथा कृषि |
| १७७ | ठिँगुरा ठोक्नु | दण्ड दिनु | द्विपदी/सामाजिक |
| १७८ | ठोसाइमा पर्नु | दुःखको सामना गर्नु | द्विपदी/सामाजिक |
| १७९ | डाँडा घन्काउनु | प्रचार-प्रसार गर्नु | द्विपदी/प्राकृतिक |

| | | | |
|---|---|---|---|
| १८० | डाँडो काट्नु | भाग्नु | द्विपदी/प्राकृतिक |
| १८१ | डेक नचल्नु | केही नगर्नु/स्थिर भएर बस्नु/जस्ताको तस्तै रहनु | द्विपदी/सामाजिक |
| १८२ | ढुङ्ग्रोमा बिलाउनु | कम हुनु | द्विपदी/सामाजिक |
| १८३ | तकलिफ हुनु | दुःख वा पीडा हुनु | द्विपदी/सामाजिक |
| १८४ | तपस्या गर्नु | कठिन परिश्रम गर्नु | द्विपदी/सामाजिक |
| १८५ | तमासा हुनु | रमिता हेर्नु | द्विपदी/सामाजिक |
| १८६ | तल ओर्लनु | गिर्नु | द्विपदी/सामाजिक |
| १८७ | तलतल लाग्नु | केही चिजको चाहना बढ्नु | द्विपदी/सामाजिक |
| १८८ | तसल्ली दिनु | सान्त्वना दिनु | द्विपदी/सामाजिक |
| १८९ | तस्बिर आँखा अगाडि नाँच्नु | सम्झनु | बहुपदी/शारीकि अङ्ग |
| १९० | तानाबाना बुन्नु | षड्यन्त्र गर्नु | द्विपदी/सामाजिक |
| १९१ | तार गर्नु | खबर गर्नु | द्विपदी/सामाजिक |
| १९२ | तिन भुँडी देख्नु | सुत्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १९३ | तिलको ताड बनाउनु | सानो कुरालाई ठूलो बनाउनु | त्रिपदी/प्राकृतिक |
| १९४ | तोरीको फुल देख्नु | असह्य पीडा हुनु | त्रिपदी/प्राकृतिक |
| १९५ | थक्कथक्क लाग्नु | पश्चात्ताप हुनु | द्विपदी/सामाजिक |
| १९६ | दग्ध हुनु | अशुभ हुनु | द्विपदी/सामाजिक |
| १९७ | दश औँला जुट्नु | परिश्रम गर्नु | त्रिपदी/शारीरिक अङ्ग |
| १९८ | दाह्रा किट्नु | रिसाउनु | द्विपदी/शारीरिक अङ्ग |
| १९९ | दिन काट्नु | दिन बिताउनु | द्विपदी/प्राकृतिक |
| २०० | दिन लामा हुनु | दिन काट्न कठिन हुनु | त्रिपदी/प्राकृतिक |
| २०१ | दिन जुर्नु | काम गर्ने दिन आउनु | द्विपदी/प्राकृतिक |
| २०२ | दुःख पोख्नु | दुःख व्यक्त गर्नु | द्विपदी/सामाजिक |
| २०३ | दुनियाँमा उत्रनु | जन्मनु | द्विपदी/सामाजिक |
| २०४ | दुनो सोझ्याउनु | स्वार्थी बन्नु | द्विपदी/सामाजिक |
| २०५ | दुहाइ दिनु | सहारा दिनु | द्विपदी/सामाजिक |
| २०६ | दृष्टि घुमाउनु | हेर्नु | द्विपदी/सामाजिक |
| २०७ | देश बेच्नु | देशको अहित हुने काम गर्नु | द्विपदी/सामाजिक |
| २०८ | देश भाँड्नु | देशमा अशान्ति फैलाउनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| २०९ | धक फुकाउनु | निर्धक्क हुनु | द्विपदी/सामाजिक |
| २१० | धन्दा मान्नु | पिर मान्नु | द्विपदी/सामाजिक |
| २११ | धन्दा लाग्नु | पिरलो लाग्नु | द्विपदी/सामाजिक |
| २१२ | धावा बोल्नु | चेतावनी दिनु | द्विपदी/सामाजिक |
| २१३ | धीत मर्नु | सन्तुष्ट हुनु | द्विपदी/सामाजिक |
| २१४ | धुरी चढ्नु | कृत्रिम सफलता प्राप्त गर्नु | द्विपदी/सामाजिक |
| २१५ | धुरी चढाउनु | माथि उठाउनु | द्विपदी/सामाजिक |
| २१६ | नजर दौडाउनु | हेर्नु | द्विपदी/सामाजिक |
| २१७ | नाक भाँच्नु | पीडा दिनु | द्विपदी/शारीरिक अङ्ग |
| २१८ | नाच्न नजान्दा आँगन टेडो हुनु | अरूलाई दोष दिएर पन्छन खोज्नु | बहुपदी/सामाजिक |
| २१९ | निराशाले छोप्नु | अत्यन्त निराश हुनु | द्विपदी/सामाजिक |
| २२० | निर्वस्त्र हुनु | नाङ्गिनु/बेइज्जत हुनु | द्विपदी/सामाजिक |
| २२१ | निर्वाह गर्नु | जीवन चलाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| २२२ | निष्कर्षमा पुग्नु | टुङ्गोमा पुग्नु | द्विपदी/सामाजिक |
| २२३ | निस्तब्धता छाउनु | सुनसान हुनु | द्विपदी/सामाजिक |
| २२४ | नृत्य फुट्नु | नाँच्ने कला सिक्नु | द्विपदी/सामाजिक |
| २२५ | पक्डाउ खानु | पक्डिनु | द्विपदी/सामाजिक |
| २२६ | पड्कन थाल्नु | रिसाउनु | द्विपदी/सामाजिक |
| २२७ | परमार्थ सुधार्नु | मर्नु | द्विपदी/लोक विश्वास |
| २२८ | पर्दाफास गर्नु | छर्लङ्ग पार्नु/गोप्य कुरा सार्वजनिक गर्नु | द्विपदी/सामाजिक |
| २२९ | परिबन्द मिलाउनु | चाँजोपाँजो मिलाउनु | द्विपदी/सामाजिक |
| २३० | परिहास गर्नु | व्यङ्ग्य गर्नु | द्विपदी/सामाजिक |
| २३१ | पश्चात्तापले पिल्सनु | पछुतो गर्नु | द्विपदी/सामाजिक |
| २३२ | पहरा दिनु | निगरानी गर्नु | द्विपदी/सामाजिक |
| २३३ | पाइलो हाल्नु | टेक्नु | द्विपदी/शारीरिक अङ्ग |
| २३४ | पाखा लाग्नु | पन्छिनु | द्विपदी/सामाजिक |
| २३५ | पात्तिएर जानु | मात्तिनु | द्विपदी/सामाजिक |
| २३६ | पानी पानी हुनु | लाजमर्दो हुनु | त्रिपदी/प्राकृतिक |

| | | | |
|---|---|---|---|
| २३७ | पित्त पानी छदाउनु | मनका सबै कुरा बाहिर निकाल्नु | त्रिपदी/सामाजिक |
| २३८ | पुच्छर हल्लाउनु | चाकरी गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| २३९ | पेट खोक्रो हुनु | भोको हुनु | त्रिपदी/शारीरिक अङ्ग |
| २४० | पैसाले पैसा तान्नु | फाइदा हुनु | त्रिपदी/आर्थिक तथा कृषि |
| २४१ | प्रशंसाको पुल बाँध्नु | अति प्रशंसा गर्नु | त्रिपदी/सामाजिक |
| २४२ | प्रशंसा गाउनु | प्रशंसा गर्नु | द्विपदी/सामाजिक |
| २४३ | प्राणको सञ्चार हुनु | पुनर्जीवन पाएको अनुभव हुनु | त्रिपदी/शारीरिक अङ्ग |
| २४४ | प्राण जानु | मृत्यु हुनु | द्विपदी/शारीरिक अङ्ग |
| २४५ | फाइँफुइँ झिक्नु | फूर्ति गर्नु | द्विपदी/सामाजिक |
| २४६ | फुस्रा आँखा पल्टाउनु | कमजोर हुनु | त्रिपदी/शारीरिक अङ्ग |
| २४७ | फेला पर्नु | चेत्नु | द्विपदी/सामाजिक |
| २४८ | बस समात्नु | बस चढ्नु | द्विपदी/सामाजिक |
| २४९ | बहिष्कृत हुनु | निकाल्नु | द्विपदी/सामाजिक |
| २५० | बाङ्गा कुरा गर्नु | अमिल्दो वा अप्रिय कुरा गर्नु | त्रिपदी/सामाजिक |
| २५१ | बाटो समात्नु | बाटो पहिल्याउनु | द्विपदी/सामाजिक |
| २५२ | बाह्र सत्ताइस कुरा गर्नु | धेरै कुरा गर्नु | बहुपदी/सामाजिक |
| २५३ | बिर्ता दिनु | जग्गा दिनु | द्विपदी/आर्थिक तथा कृषि |
| २५४ | बिदा लिनु | जानु | द्विपदी/सामाजिक |
| २५५ | बिसको तिस हुनु | बढ्नु | त्रिपदी/सामाजिक |
| २५६<br>२५७ | बिस्कुन लाग्नु<br>बेच्न सक्नु | भद्रगोल हुनु<br>बाठो हुनु | द्विपदी/सामाजिक<br>द्विपदी/सामाजिक |
| २५८ | ब्याजको लोभमा साउँ डुब्नु | लाभको आशा गर्दा हानि हुनु | बहुपदी/आर्थिक तथा कृषि |
| २५९ | ब्रह्माण्ड खज्मजिनु | तनाब बढ्नु | द्विपदी/प्राकृतिक |
| २६० | ब्रह्माण्ड रन्कनु | रिसाउनु | द्विपदी/प्राकृतिक |
| २६१ | भक्कानु पर्नु | रुनु | द्विपदी/सामाजिक |
| २६२ | भक्कानु फुट्नु | रुनु | द्विपदी/सामाजिक |
| २६३ | भङ्ग हुनु | विध्वंश हुनु | द्विपदी/सामाजिक |
| २६४ | भयको सञ्चार गराउनु | डराउनु | त्रिपदी/सामाजिक |
| २६५ | भरङ्ग उड्नु | निराश हुनु/तर्सिनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| २६६ | भान पर्नु | अनुभव हुनु | द्विपदी/सामाजिक |
| २६७ | भालु पन्छनु | अप्ठ्यारोबाट छुट्कारा पाउनु | द्विपदी/पशुपक्षी |
| २६८ | भावना छड्काउनु | मस्तिष्कमा विचार आउनु | द्विपदी/सामाजिक |
| २६९ | भुक्तमान बोकाउनु | दुःख बोकाउनु | द्विपदी/सामाजिक |
| २७० | भुतुक्क हुनु | मर्नु | द्विपदी/सामाजिक |
| २७१ | भुमरीमा पर्नु | अन्योलमा पर्नु | द्विपदी/सामाजिक |
| २७२ | भुस्कुट हुनु | सखाप हुनु | द्विपदी/सामाजिक |
| २७३ | भेद थाहा हुनु | रहस्य थाहा पाउनु | त्रिपदी/सामाजिक |
| २७४ | भेद नहुनु | फरक नहुनु | द्विपदी/सामाजिक |
| २७५ | भेद पाउनु | भ्रम उत्पन्न हुनु | द्विपदी/सामाजिक |
| २७६ | भ्रान्ति हुनु | बिग्रेको कुरा सपार्नु | द्विपदी/सामाजिक |
| २७७ | मगज छड्काउनु | सोच्नु | द्विपदी/शारीरिक अङ्ग |
| २७८ | मगज तात्नु | रिस उठ्नु | द्विपदी/शारीरिक अङ्ग |
| २७९ | मजाक सुभ्नु | रेला गर्नु/रमाइलो गर्नु | द्विपदी/सामाजिक |
| २८० | मन उड्नु | मनमा विभिन्न कुरा आउनु | द्विपदी/शारीरिक अङ्ग |
| २८१ | मन खिच्नु | अरूलाई आकर्षित गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| २८२ | मन बाँध्नु | चित्त बुझाउनु | द्विपदी/शारीरिक अङ्ग |
| २८३ | मनपरी चल्नु | चिन्ता कम हुनु | द्विपदी/शारीरिक अङ्ग |
| २८४ | मन हलुका हुनु | बेवास्ता गर्नु/नदेखेझैँ गर्नु | त्रिपदी/शारीरिक अङ्ग |
| २८५ | मन्टो उठाउनु | दुःख बुझ्नु | द्विपदी/शारीरिक अङ्ग |
| २८६ | मन्टो बटार्नु | बेवास्ता गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| २८७ | मर्का बुझ्नु | दुःख बुझ्नु | द्विपदी/सामाजिक |
| २८८ | मर्का पर्नु | पिर पर्नु | द्विपदी/सामाजिक |
| २८९ | मसला हुनु | कुनै कुराको विषय बन्नु/ कुनै विषयको कारक हुनु | द्विपदी/सामाजिक |
| २९० | महादेवको जटाबाट प्रेत पैदा भएझैँ पैदा हुनु | अपर्झट उत्पन्न हुनु | बहुपदी/पुराण इतिहास |
| २९१ | महाभारत मच्चाउनु | ठूलो झगडा गर्नु | द्विपदी/पुराण इतिहास |
| २९२ | महिमा गाउनु | प्रशंसा गर्नु | द्विपदी/सामाजिक |
| २९३ | मात खानु | जित्नु | द्विपदी/सामाजिक |
| २९४ | माथ गर्नु | मान्छेलाई अधीन लिनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| २९५ | मान्छे गाँज्नु | मान्छे चिन्नु | द्विपदी/सामाजिक |
| २९६ | मान्छे छान्नु | मान्छेलाई दुःख दिनु | द्विपदी/सामाजिक |
| २९७ | मान्छे निमोठ्नु | असर गर्नु | द्विपदी/सामाजिक |
| २९८ | माया मार्नु | बिर्सनु | द्विपदी/सामाजिक |
| २९९ | मार खानु | दुःख पाउनु | द्विपदी/सामाजिक |
| ३०० | मार पर्नु | | द्विपदी/सामाजिक |
| ३०१ | मुक्त हुनु | छुटकारा पाउनु | द्विपदी/सामाजिक |
| ३०२ | मुक्ति पाउनु | छुटकारा पाउनु | द्विपदी/सामाजिक |
| ३०३ | मुख चेप्ट्याउनु | उपेक्षा गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३०४ | मुख चेप्प्याउनु | घृणा गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३०५ | मुख देखाउनु | देखा पर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३०६ | मुख फुक्नु | कुरा सिकाउनु | द्विपदी/शारीरिक अङ्ग |
| ३०७ | मुख फर्काउनु | बाभ्भ्नु/जवाफ दिनु | द्विपदी/शारीरिक अङ्ग |
| ३०८ | मुख बाउनु | बोल्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३०९ | मुखभरिको जवाफ दिनु | अरूले बोल्न नसक्ने गरी जवाफ फर्काउनु | त्रिपदी/शारीरिक अङ्ग |
| ३१० | मुखमा ठेडी हाल्नु | नबोल्नु | त्रिपदी/शारीरिक अङ्ग |
| ३११ | मुखामुख गर्नु | हेरा गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३१२ | मुटु कहलिनु | सबैको प्यारो हुनु | द्विपदी/शारीरिक अङ्ग |
| ३१४ | मुटु काम्नु | डराउनु | द्विपदी/शारीरिक अङ्ग |
| ३१५ | मुटु छाम्नु | मूल्याङ्कन गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३१६ | मुटुभित्र पस्नु | असाध्यै माया पाउनु | द्विपदी/शारीरिक अङ्ग |
| ३१७ | मुड्की बजार्नु | रिस देखाउनु | द्विपदी/शारीरिक अङ्ग |
| ३१८ | मुन्टो फर्काउनु | बेवास्ता गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३१९ | मूर्ति बन्नु | निर्जीव जस्तो हुनु | द्विपदी/सामाजिक |
| ३२० | मोक्ष प्राप्ति हुनु | मर्नु | त्रिपदी/लोक विश्वास |
| ३२१ | मोटर लाग्नु | बान्ता हुनु/सिङ्गटा लाग्नु | द्विपदी/सामाजिक |
| ३२२ | मोटोको भाउ धारण गर्नु | भाउ बढ्नु/महत्त्व बढी हुनु | बहुपदी/आर्थिक तथा कृषि |
| ३२३ | मोल पटाउनु | पूरा मोल पाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| ३२४ | मोही माग्नु ढुङ्ग्रो लुकाउनु | चाहेको कुरा लिन लाज मान्नु | बहुपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ३२५ | याचना गर्नु | प्रार्थना गर्नु | द्विपदी/सामाजिक |
| ३२६ | रखबारी गर्नु | हेरविचार गर्नु | द्विपदी/सामाजिक |
| ३२७ | रफ्फु चक्कर हुनु | घुम्नु | त्रिपदी/सामाजिक |
| ३२८ | रमितामा रल्लिनु | रमिता हेरेर समय बिताउनु | द्विपदी/सामाजिक |
| ३२९ | रगत दौडनु | रिस वा आवेग बढ्नु | द्विपदी/सामाजिक |
| ३३० | रहर पाल्नु | इच्छा राख्नु | द्विपदी/सामाजिक |
| ३३१ | रात काट्नु | रात बिताउनु | द्विपदी/प्राकृतिक |
| ३३२ | राल चुहिनु | लोभ गर्नु | द्विपदी/सामाजिक |
| ३३३ | रित्तो भाँडाको बढी टङ्कार हुनु | अक्षमको धेरै फुर्ती गर्नु | बहुपदी/सामाजिक |
| ३३४ | रिस उम्लदै आउनु | रिस क्रमशः बढ्नु | त्रिपदी/सामाजिक |
| ३३५ | रिस खानु | रिस लिनु | द्विपदी/सामाजिक |
| ३३६ | रिस झार्नु | रिस कम गर्नु | द्विपदी/सामाजिक |
| ३३७ | रिसले आँखा नदेख्नु | धेरै रिसाउनु | त्रिपदी/शारीरिक अङ्ग |
| ३३८ | रिसले चुर हुनु | धेरै रिसाउनु | त्रिपदी/सामाजिक |
| ३३९ | रिसले प्रचण्ड हुनु | अत्यन्त उग्र हुनु/रिसाउनु | द्विपदी/सामाजिक |
| ३४० | रूखमा फलाउनु | झुन्ड्याएर मृत्यु दण्ड दिनु | द्विपदी/प्राकृतिक |
| ३४१ | रूप लिनु | आकार ग्रहण गर्नु | द्विपदी/सामाजिक |
| ३४२ | रेडियो फुक्नु | प्रचार गर्नु | द्विपदी/सामाजिक |
| ३४३ | रोमाञ्चित हुनु | रमाउनु | द्विपदी/सामाजिक |
| ३४४ | रौँ ठाडा हुनु | झसङ्ग हुनु/डराउनु | त्रिपदी/सामाजिक |
| ३४५ | लठ्ठी बुट खुवाउनु | पिट्नु | त्रिपदी/सामाजिक |
| ३४६ | लतार्दै जानु | जबर्जस्ती अघि बढाउनु | द्विपदी/सामाजिक |
| ३४७ | लहड उठ्नु | तरङ्ग पैदा हुनु | द्विपदी/सामाजिक |
| ३४८ | लाजघिन पिउनु | निर्लज्ज हुनु | द्विपदी/सामाजिक |
| ३४९ | लामो हात हुनु | चोर्नु | त्रिपदी/शारीरिक अङ्ग |
| ३५० | लालायित हुनु | लोभिनु | द्विपदी/सामाजिक |
| ३५१ | लित्ती कस्नु | धर्ना दिनु | द्विपदी/सामाजिक |
| ३५२ | लेखाजोखा हुनु | मूल्याङ्कन हुनु | द्विपदी/सामाजिक |
| ३५३ | लेस्नु काढ्नु | टाँसिनु/नछाड्नु | द्विपदी/सामाजिक |
| ३५४ | लोलाउन थाल्नु | कमजोर हुनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ३५५ | वंश नचल्नु | सन्तान नहुनु | द्विपदी/सामाजिक |
| ३५६ | वक फुट्नु | बोल्नु | द्विपदी/सामाजिक |
| ३५७ | वक बन्द हुनु | बोल्न नसक्नु | त्रिपदी/सामाजिक |
| ३५८ | वचन दिनु | आश्वासन दिनु | द्विपदी/सामाजिक |
| ३५९ | वर्ष काट्नु | वर्ष बित्नु | द्विपदी/सामाजिक |
| ३६० | वाक्य काट्नु | कुरा काट्नु | द्विपदी/सामाजिक |
| ३६१ | विकराल रूप लिनु | ठूलो आकार ग्रहण गर्नु | त्रिपदी/सामाजिक |
| ३६२ | विचार उठ्नु | विचार उत्पन्न हुनु | द्विपदी/सामाजिक |
| ३६३ | विचार खल्बलिनु | विचारमा विकृति आउनु | द्विपदी/सामाजिक |
| ३६४ | विद्रोह गर्नु | सङ्घर्ष गर्नु/विरोध गर्नु | द्विपदी/सामाजिक |
| ३६५ | विलखबन्दमा पर्नु | अलपत्रमा पर्नु | द्विपदी/सामाजिक |
| ३६६ | विवश हुनु | बाध्य हुनु | द्विपदी/सामाजिक |
| ३६७ | विसर्जन गर्नु | समाप्त गर्नु | द्विपदी/सामाजिक |
| ३६८ | व्यङ्ग्य कस्नु | छेड हान्नु | द्विपदी/सामाजिक |
| ३६९ | शब्द उकल्नु | बोल्नु | द्विपदी/सामाजिक |
| ३७० | शब्दहरू चढाउनु | बोल्नु | द्विपदी/सामाजिक |
| ३७१ | शरणमा आउनु | सहायता माग्नु | द्विपदी/सामाजिक |
| ३७२ | शरण लिनु | सहायता गर्न तयार हुनु | द्विपदी/सामाजिक |
| ३७३ | शान्तिसँग बस्नु | झैँगडा नगरी बस्नु | द्विपदी/सामाजिक |
| ३७४ | शासन खडा हुनु | नयाँ शासनव्यवस्था आउनु | त्रिपदी/पुराण इतिहास |
| ३७५ | श्रीगणेश गर्नु | सुरु गर्नु | द्विपदी/लोक विश्वास |
| ३७६ | सकसक रोक्नु | उत्सुकता रोक्नु | द्विपदी/सामाजिक |
| ३७७ | सत्ता जानु | सत्ताबाट हट्नु | द्विपदी/पुराण इतिहास |
| ३७८ | सत्ता हत्याउनु | सत्ता हातमा लिनु | द्विपदी/पुराण इतिहास |
| ३७९ | सन्न हुनु | रिसाउनु | द्विपदी/सामाजिक |
| ३८० | सन्नाटा छाउनु | शान्त हुनु/सुनसान हुनु | द्विपदी/सामाजिक |
| ३८१ | समय छोप्नु | समयमै काम गर्नु | द्विपदी/सामाजिक |
| ३८२ | सम्पत्ति जोड्नु | धन कमाउनु | द्विपदी/आर्थिक तथा कृषि |
| ३८३ | सास जानु | कठिन हुनु/मर्नु | द्विपदी/सामाजिक |
| ३८४ | सास झुन्डिनु | मुस्किलले बाँच्नु | द्विपदी/सामाजिक |
| ३८५ | सिकार हुनु | अरूको षड्यन्त्रमा पर्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ३८६ | सुर्ता लिनु | पिर गर्नु | द्विपदी/सामाजिक |
| ३८७ | सूत्र लाग्नु | जुक्ति लाउनु | द्विपदी/सामाजिक |
| ३८८ | हजम पार्नु | खानु/सिध्याउनु | द्विपदी/सामाजिक |
| ३८९ | हद नाघ्नु | सीमा नाघ्नु | द्विपदी/सामाजिक |
| ३९० | हरेस खानु | दिक्क हुनु | द्विपदी/सामाजिक |
| ३९१ | हाँक्न थाल्नु | अघि बढाउनु | द्विपदी/सामाजिक |
| ३९२ | हाँसोमा उडाउनु | खिसी गर्नु | द्विपदी/सामाजिक |
| ३९३ | हाड फ्याँक्नु | लोभ्याउन खोज्नु | द्विपदी/सामाजिक |
| ३९४ | हात खुट्टा तान्नु | हरेस खानु | त्रिपदी/शारीरिक अङ्ग |
| ३९५ | हात थाप्नु | माग्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३९६ | हात बढाउनु | सहयोग गर्नु | द्विपदी/शारीरिक अङ्ग |
| ३९७ | हान्ने राँगोको आँखाले हेर्नु | रिसले हेर्नु | बहुपदी/पशुपक्षी |
| ३९८ | हार खानु | हरेस खानु | द्विपदी/सामाजिक |
| ३९९ | हिंस्रक हुनु | खतरनाक हुनु | द्विपदी/सामाजिक |
| ४०० | हृदय छुनु | प्रभावित पार्नु | द्विपदी/शारीरिक अङ्ग |
| ४०१ | हिम्मत आउनु | साहस आउनु | द्विपदी/सामाजिक |
| ४०२ | हिरा हुनु | बहुमूल्य हुनु | द्विपदी/सामाजिक |
| ४०३ | हुरुक्क हुनु | मरिमेट्नु/असह्य पीडा हुनु | द्विपदी/सामाजिक |
| ४०४ | हैकम चलाउनु | सबैलाई आफ्नो अधिनमा लिनु | द्विपदी/सामाजिक |

मुख बाउनु, आँखा घुमाउनु, हरेस खानु, गर्ज टानु, व्यङ्ग्य कस्नु, उधुम मच्चाउनु, आँखा पर्नु, आँखा अगाडि नाच्नु, आँखा गाड्नु, आँखा छल्नु, मात गर्नु, कायल हुनु, पुच्छर हल्लाउनु, हृदय  छुनु, चाल चल्नु, कर लाग्नु, मुखामुख पर्नु, श्री गणेश गर्नु, तिन भुँडी देख्नु, आगो हुनु, बाह्र सत्ताइस कुरा गर्नु, हुरुक्क हुनु, रिसले चुर हुनु, मन्टो बटार्नु जस्ता टुक्कालाई दोहोऱ्याएर प्रयोग गरेका कारण पाठगत वर्गीकरणमा ४३० टुक्काको प्रयोग भएको देखिए पनि समग्रमा ४०४ टुक्काको प्रयोग यस सङ्ग्रहभित्र भएको पाइन्छ ।

## ४.२ सारांश

यस निबन्ध सङ्ग्रहभित्रका टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट वाक्यहरू अध्याय तिनमा पाठगत आधारमा प्रस्तुत गरि सकिएको छ । खासखास शब्दसँग खासखास टुक्काको प्रयोग गर्नु पर्ने परम्परागत नियमलाई तोडी निबन्धकारले भरङ्ग हुनु सट्टा भरङ्ग उड्नुको, ईर्ष्या गर्नुको

सट्टा ईर्ष्या उठ्नु, ठन्डाराम हुनुको सट्टा ठन्डाराम पर्नु, कान ठाडा पार्नुको सट्टा कान ठाडा लाउनु, लाजघिन पचाउनुको सट्टा लाजघिन पिउनु जस्ता टुक्काको प्रयोग गरेका छन् ।

यसका अतिरिक्त अचकच्च पर्नु (खुम्चनु), रफ्फुचक्कर हुनु (भाग्नु/हराउनु), रूखमा फलाउनु (फाँसी दिनु), कुर्सीका लागि दौडनु (पद भनेपछि हुरुक्क हुनु), अर्धचन्द्राकार दिनु ( घोक्र्याउनु), लट्ठी-बुट खुवाउनु (लट्ठी र लात्ताले पिट्नु), मोटर लाग्नु (मोटर चढ्दा रिङ्गटा लाग्नु), घरलाई नमस्कार गर्नु (घर छोडेर हिँड्नु), आत्माले लेफ्टराइट गर्नु (मुटुको धड्कन बढ्नु), रेडियो फुक्नु (प्रचार गर्नु), मोटोको भाउ धारण गर्नु (महँगो हुनु) जस्ता परम्परा भिन्न टुक्काको प्रयोग निबन्धकारले जबर्जस्ती गरेको देखिन्छ ।

यसका साथै महादेवको जटाबाट प्रेत पैदा भएझैँ पैदा हुनु (अकस्मात देखा पर्नु), ख्याउटे वनस्पति नेताजस्तो हुनु (मौसम अनुसार बदलिने प्रवृत्ति), झिकिदे गाँडभन्दा थपिदे गाँड हुनु ( समस्या हटाउन खोज्दा झन् थपिनु) जस्ता कथनलाई पनि जबर्जस्ती टुक्काको रूपमा प्रयोग गरेका छन् । उनको यो प्रयास टुक्का प्रयोगका दृष्टिले दुर्बल मान्न सकिन्छ ।

# अध्याय पाँच

## ५ उपसंहार

## ५.१ अध्यायगत सार

'खै-खै हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन' शीर्षकको यस शोधपत्रमा पाँच अध्याय छन् । शोधका सम्पूर्ण अध्यायको सार निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रथम अध्याय शोध परिचयका रूपमा रहेको छ । यस अध्यायमा शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा क्रमैसँग प्रस्तुत गरिएको छ ।

दोस्रो अध्याय टुक्काको सैद्धान्तिक अध्ययनको रूपमा रहेको छ । लोकोक्तिका रूपमा प्रचलित लोकसाहित्यको एक उपविधाका रूपमा रहेको टुक्कालाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन्, विद्वान्का विचारसहित टुक्काको परिचय, टुक्काको उत्पत्ति, टुक्काको महत्त्व, टुक्काको विशेषता, टुक्काको वर्गीकरण, टुक्का र उखानमा समानता र भिन्नता, टुक्का र यसको भाषासँगको सम्बन्ध, हास्यव्यङ्ग्य साहित्यमा टुक्का उपशीर्षकमा टुक्काको सैद्धान्तिक अध्ययन यस अध्यायमा समावेश गरिएको छ ।

तेस्रो अध्यायमा 'खै-खै' हास्यव्यङ्ग्य सङ्ग्रहभित्रका रचनाको सङ्क्षिप्त विश्लेषण गरिएको छ । यसका साथै टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट वाक्यका साथ हरेक रचनामा प्रयुक्त टुक्काहरूको संरचना र विषयवस्तुका आधारमा वर्गीकरण यस अध्यायमा गरिएको छ ।

चौथो अध्यायमा 'खै-खै' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा प्रयुक्त टुक्कालाई वर्णानुक्रम अनुसार राखी तिनको अर्थ र वर्गीकरणको सङ्केत समेत दिइएको छ ।

## ५.२ निष्कर्ष

यसरी 'खै-खै हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहभित्रका टुक्काहरूको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रको प्रथम अध्यायमा शोध परिचय, द्वितीय अध्यायमा उखानको सैद्धान्तिक अध्ययन, तेस्रो अध्यायमा खै-खै व्यङ्ग्य सङ्ग्रहभित्रका रचनाको सङ्क्षिप्त चर्चासहित हरेक रचनामा प्रयोग भएका टुक्काको संरचना र विषयका आधारमा वर्गीकरण, अध्याय चारमा 'खै-खै निबन्ध सङ्ग्रहभित्र प्रयोग भएका सम्पूर्ण टुक्कालाई वर्णानुक्रम अनुसार राखी तिनको अर्थ र सङ्क्षिप्त रूपमा वर्गीकरणको सङ्केत तथा पाँचौं अध्यायमा हरेक अध्यायको सार खिचिएको छ ।

## ५.३ शोधको उपलब्धि

'खै-खै' निबन्ध सङ्ग्रहमा प्रयुक्त टुक्काहरूको अध्ययन र विश्लेषणका आधारमा यस शोधकार्यको उपलब्धिलाई निम्नानुसार देखाउन सकिन्छ :

(क) 'खै-खै' निबन्ध सङ्ग्रहले समाजमा विद्यमान अशिक्षा, गरिबी, भ्रष्टाचार, अन्धविश्वास, राजनीतिक स्वार्थका कारण जनताले भोग्नु परेका पीडालाई टुक्काको सान्दर्भिक प्रयोग गरी जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

(ख) संरचना र विषयवस्तुका आधारमा 'खै-खै' निबन्ध सङ्ग्रहभित्रका रचनामा प्रयुक्त टुक्काको वर्गीकरण गरेको छ ।

(ग) खै-खै निबन्ध सङ्ग्रहभित्रका सम्पूर्ण रचनाको विश्लेषण गरेको छ ।

(घ) हास्यव्यङ्ग्य साहित्यलाई जीवन्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने टुक्काको प्रयोगलाई उदाहरण सहित प्रस्तुत गरेको छ ।

ङ) टुक्काको उत्पत्ति, विकास, विशेषता र यसको भाषा-साहित्यसँगको सम्बन्धलाई प्रस्तुत गरेको छ ।

(च) 'खै-खै' निबन्ध सङ्ग्रहमा टुक्काको प्रयोग सफल भए पनि टुक्का प्रयोगका दृष्टिले केही दुर्बल पक्ष समेत छन् ।

## ५.४ अध्ययनका थप शीर्षक

(क) 'खै-खै' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन ।

(ख) 'खै-खै' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन ।

(ग) 'खै-खै' निबन्ध सङ्ग्रहमा सामाजिक तथा राजनीतिक चेतनाको अध्ययन ।

## सन्दर्भ ग्रन्थ सूची


१) उपाध्याय, कृष्णदेव, **लोक साहित्यकी भूमिका**, सप्तम संस्करण, शिल्पी प्रकाशन, इलाहवाद, (ई१९९७)

२) कोइराला, भुवनहरि, **साहित्यकार केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (स्नातकोत्तर शोधपत्र), (२०३८)

३) गिरी, जीवेन्द्रदेव, **लोक साहित्यको अवलोकन**, एकता प्रकाशन, काठमाडौँ, (२०५७)

४) जबरा, पुष्करशमशेर, **उखान टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादि कोष**, नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौँ, (१९९८)

५) थापा, धर्मराज/सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, (२०४१)

६) थापा, रामबहादुर, **उपन्यासकार केशवराज पिँडालीको कृतिपरक अध्ययन** (स्नातकोत्तर शोधग्रन्थ), (२०४७)

७) दाहाल, बल्लभमणि र अन्य (सम्पा.), अनिवार्य शिक्षण निर्देशन, त्रिवि, पाठ्यक्रम विकास केन्द्र, तेस्रो खण्ड, (२०३९)

८) **नेपाली बृहत् शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, (२०४०)

९) पराजुली, कृष्ण प्रसाद, **नेपाली, उखान र गाउँखाने कथा**, तेस्रो संस्करण, रत्न पुस्तक भण्डार, काठमाडौँ, (२०५४)

१०) पराजुली, कृष्ण प्रसाद, **राम्रो रचना मीठो नेपाली**, २१औँ संस्करण, सहयोगी प्रेस, काठमाडौँ, (२०५५)

११) पाण्डे, गोपाल, **रचना केशर**, साझा प्रकाशन, काठमाडौँ,(२०१०)

१२) पिँडाली, केशवराज, **खैखै**, नवौँ संस्करण, साझा प्रकाशन, काठमाडौँ, (२०६३)

१३) पोखेल, बालकृष्ण, **राष्ट्रभाषा**, छैटौँ संस्करण, साझा प्रकाशन, काठमाडौँ, (२०४३)

१४) पौड्याल, शिवप्रसाद, **नेपाली, टुक्काहरूको सर्वेक्षण र विश्लेषण**, चाबहिल अफसेट प्रेस, काठमाडौँ, (२०६१)

१५) प्रधान, पारसमणि, **नेपाली मुहाबरा**, भाग्यलक्ष्मी प्रकाशन, कालिङ्पोङ, (२०११)

१६) बन्धु, चूणामणि, **नेपाली लोकसाहित्य**, एकता प्रकाशन, काठमाडौँ, (२०५८)

१७) बराल, ईश्वर, **आख्यानको उद्भव**, साझा प्रकाशन, काठमाडौँ, (२०३९)

१८) यादव, द्विजराम, **लोक साहित्य**, द्वितीय संस्करण, शिल्पी प्रकाशन, इलाहवाद, (ई १९९७)

१९) रेग्मी, चूडामणि, **नेपाली टुक्काहरूको अध्ययन**, दोस्रा संस्करण, जुही प्रकाशन, झापा ( २०५७)

२०) शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, सङ्कल्प प्रकाशन, काठमाडौँ

२१)　शर्मा, मोहनराज, **शब्द रचना र वर्णविन्यास**, पाठ्य सामग्री प्रकाशन, काठमाडौं (२०४६)

२२)　शर्मा, श्रीराम, **लोक साहित्य सिद्धान्त और प्रयोग**, तृतीय संस्करण, विनोद पुस्तक मन्दिर, आगरा (ई१९९२)

२३)　सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, दोस्रो संस्करण, साझा प्रकाशन, (२०५८)

२४)　**हास्यव्यङ्ग्यकार नालीबेली**, सिस्नुपानी नेपाल, (२०५६)